# पहिलो परिच्छेद
# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **नेपाली साहित्यमा तेरथुम जिल्लाको योगदान** रहेको छ ।

## १.२ शोधप्रयोजन

यो शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको आंशिक परिपूर्तिको प्रयोजनार्थ रहेको छ ।

## १.३ विषयपरिचय

पूर्वाञ्चल विकास क्षेत्रअन्तर्गत कोसी अञ्चलको ६ जिल्लामध्ये तेरथुम पनि एक हो । ६७९ वर्ग कि.मी. क्षेत्रफल रहेको यस जिल्लाको कुल जनसङ्ख्या १,१३,१११ रहेको छ । नेपालमै प्रसिद्धि पाएका तेरथुमे ढाका टोपी, आठराईका खुकुरी यस जिल्लालाई चिनाउने परिचयात्मक साधन हुन्, यसका साथै नेपालकै सबैभन्दा लामो झरना हयात्रुङ झरना (३६५मी.) यस जिल्लामा अवस्थित रहनुका साथै २८ प्रजातिका गुराँस यस जिल्लामा पाइनाले पनि यस जिल्लाको छुट्टै अस्तित्व रहेको छ । विभिन्न जातजातिको बसोबास भएको यस जिल्लालाई प्रशासनिक सहुलियतका दृष्टिले १ संसदीय निर्वाचन क्षेत्र र ११ इलाका क्षेत्रमा विभाजन गरिएको छ । भौगोलिक प्रकृतिले हराभरा यस जिल्लाको अर्को महत्त्वपूर्ण पक्ष भनेको शैक्षिक स्थितिलाई मान्नु पर्दछ । यहाँ प्रा.वि., नि.मा.वि., मा.वि. र क्याम्पस निजी र सरकारी गरी जम्मा ३८४ वटा शैक्षिक संस्था रहेका छन् भने त्यसमध्ये यस जिल्लाको सङ्क्रान्ति बजार गा.वि.स. मा मात्रै ३ वटा सरकारी मा.वि. र २ वटा उच्च मा.वि. रहेका छन् । यसैले तेरथुम जिल्ला शैक्षिक उर्वराभूमि भएको जिल्ला भनेर चिन्न सकिन्छ । यस जिल्लामा शैक्षिक प्रभावकै कारणले धेरै साहित्यकारहरूको जन्म भएको पाइन्छ । यस जिल्लाबाट हालसम्म सङ्ग्रह र फुटकर रूपमा रचना प्रकाशन गर्ने जम्मा १९३ जना साहित्यकारहरू देखापरेका छन् भने ७२ वटा पत्रपत्रिकाहरू यस जिल्लाबाट प्रकाशित भएका देखिन्छन् । तेरथुमे साहित्यकारहरूको कलम साहित्यका कविता, कथा नाटक, उपन्यास, निबन्ध, समालोचना र भाषा व्याकरणका साथै साहित्येतर रूपमा राजनीतिक चिन्तन, धर्म संस्कृतिजस्ता विषयमा पनि तेरथुमे स्रष्टाहरूको कलम उत्तिकै चलेको देखिन्छ । यस प्रकार तेरथुम जिल्ला सबै विधामा उत्तिकै सफल र सशक्त रहेको देखिन्छ ।

## १.४ समस्याकथन

नेपाली साहित्यको विकासमा तेरथुम जिल्लाको महत्त्वपूर्ण योगदान रहे तापनि अझैसम्म तेरथुम जिल्लामा भए गरेका त्यस्ता साहित्यिक गतिविधिहरू ओझेलमा नै परेका छन् । त्यसकारण तेरथुमे त्यस्ता ओझेलमा परेका साहित्यिक गतिविधि र तेरथुमे प्रतिभाहरूलाई नेपाली साहित्य फाँटमा परिचित गराउनु पर्ने टड्कारो आवश्यकता ठानिएकाले त्यसैको सेरोफेरोमा रहेर यो शोधकार्य गरिएको छ । यस शोधकार्यमा निम्नलिखित समस्याहरू रहेका छन् :

१. तेरथुम जिल्लाको भौगोलिक, आर्थिक, सामाजिक तथा जातिगत अवस्थिति के कस्तो रहेको छ ?

२. तेरथुमे पत्रकारिताको इतिहास के-कस्तो रहेको छ ?

३. तेरथुमे साहित्यकारहरू के-कति र कहाँ रहेका छन् ?

४. तेरथुमे साहित्यकारहरूको विधागत योगदान के-कस्तो रहेको छ ?

५. नेपाली साहित्यमा विशिष्ट योगदान पुऱ्याउने तेरथुमे साहित्यकार के-कति छन् ?

## १.५ शोधको उद्देश्य

तेरथुम जिल्लाको साहित्यिक गतिविधिको अध्ययनमा केन्द्रित यस शोधकार्यका निम्नलिखित उद्देश्यहरू रहेका छन् :

१. तेरथुम जिल्लाको भौगोलिक, आर्थिक, सामाजिक तथा जातिगत अवस्थितिको अध्ययन, अनुसन्धान गर्नु,

२. तेरथुमे पत्रकारिताको इतिहास केलाउनु,

३. तेरथुममै र तेरथुम बाहिर रहेका तेरथुमे साहित्यकारहरूको विवरण प्रस्तुत गर्नु,

४. तेरथुमे साहित्यकारहरूको विधागत योगदान केलाउनु,

५. नेपाली साहित्यमा विशिष्ट योगदान पुऱ्याउने तेरथुमे साहित्यकारहरूको परिचय दिनु ।

## १.६ पूर्वकार्यको समीक्षा

तेरथुम जिल्लाको साहित्यिक गतिविधिबारे व्यापक खोज अनुसन्धान भएको देखिँदैन यद्यपि विभिन्न पत्रपत्रिका र कृतिहरूका माध्यमबाट पनि तेरथुम जिल्लाको नामकरण साथै प्रकाशित तेरथुमे पत्रपत्रिकाको बारेमा सामान्य चिनारी गराउनुका साथसाथै केही तेरथुमे साहित्यकारहरूका बारेमा यसभन्दा अगाडि केही अध्ययन  कार्यहरू भएको पाइन्छ । अहिलेसम्म यस विषयसँग सम्बन्धित रहेर गरिएका अध्ययन कार्यहरू निम्नानुसार छन् :

रविमान लम्जेलले **कोशी अञ्चलको साहित्यिक इतिहास** (२०५०) नामक पुस्तकमा **तेरथुम जिल्लाको साहित्यिक घुम्ती** भन्ने शीर्षकमा तेरथुम जिल्लाको नामकरण, गा.वि.स. विभाजन, क्षेत्रफल, जनसङ्ख्या, जाति, पेसा, धर्म, भाषा, शिक्षाको स्थिति र तेह्रथुम जिल्लाको साहित्यिक गतिविधिबारे चर्चा गर्नुका साथै विभिन्न विधामा योगदान पुऱ्याउने केही  तेरथुमे साहित्यकारको परिचय पनि दिएका छन् ।

माधवप्रसाद पोखरेलले कर्मचारी मिलन केन्द्र तेरथुमबाट निस्कने **तीनजुरे** (२०५१, १/२, पत्रिकामा  तेरथुम जिल्लाको नामकरणका सम्बन्धमा “वि.सं.१९५२ सालमा यस क्षेत्रका १३ वटा थुम फेदाप, नूँभो उत्तर, नूँभो  दक्षिण, आठराई, चैनपुर, याङरूप, तमर खोला, मैय खोला, मेवा खोला,दस मझिया, पाँच खपन, सभा उत्तर र संखुवा उत्तरको तिरो (मालपोत) उठाउन माल अड्डाको रूपमा स्थापना भएको थियो । यी बस्तीलाई थुम भनिन्छ । यी १३ वटा थुममध्ये फेदाप थुमको डाँडा सबै थुमलाई पायक पर्ने देखियो र यस थुमको म्याङलुङ भन्ने ठाउँमा माल अड्डाको स्थापना भयो । यसरी तेह्रवटा थुमको मालपोत उठाउने अड्डा यहाँ स्थापना भएकाले यस जिल्लको नाम तेरथुम रहेको हो भनेर उल्लेख गरिएको छ ।

डा. खगेन्द्रप्रसाद लुइटेलले **कवि र कविताको विश्लेषणात्मक मूल्याङ्कन** (२०६०) भन्ने पुस्तकमा तेरथुमे कविहरू विश्वमोहन श्रेष्ठ, विजय सुब्बा, रविमान लम्जेल र हेमन्त श्रेष्ठहरूको प्रवृत्तिगत विश्लेषण गर्नुका साथै तुङ्ग एन्. थपलिया, तोयानाथ भट्टराई, डी.बी. चौहान, डी.एम्. कन्दङवा आदि कविहरूको परिचयात्मक विवरण पनि दिएका छन्  ।

राजेन्द्र सुवेदीले **नेपाली समालोचनाः परम्परा र प्रवृत्ति** (२०६१) भन्ने पुस्तकमा तेरथुमे समालोचकहरूमध्ये रविमान लम्जेललाई शोधखोजपरक समालोचक, काजीमान कन्दङ्वालाई लोकसाहित्यको शोधखोजपरक समालोचक, अनिरुद्ध तिमसिना र गङ्गा उप्रेतीलाई प्रगतिवादी समालोचक, मोहन सिटौलालाई प्रभावपरक समालोचक, डा. खगेन्द्रप्रसाद लुइटेललाई संरचनाबादी समालोचक र डा. अभि सुवेदीलाई सैद्धान्तिक समालोचकका रूपमा वर्गीकरण गरी परिचय दिने कार्य गरेका छन् ।

लाल अन्जान सम्बाहाम्फेले **सङ्गम-सुधा** (२०६१) पत्रिकामा **पत्रपत्रिकाको विकास र तेरथुमे पत्रकारिता** भन्ने लेखमार्फत् तेरथुमे पत्रकारिता नेपाली पत्रकारिताको ७४ वर्षपछि मात्र सुरु भयो । मोतिराम भट्टले **गोर्खा भारत जीवन** (१९४३) प्रकाशित गरेको ७४ वर्षपछि **सुधा-सागर** (१९५५) को ६२ वर्षपछि र **गोर्खापत्र** (१९५८) को ५९ वर्षपछि मात्र तेरथुमको चुहानडाँडाबाट प्रथम पटक **प्रयास** (२०१७) नामक पत्रिका कमलादेवी शर्माको सम्पादनमा प्रकाशित भयो । यो नै तेरथुमे पत्रकारिताको सुरुवात र पत्रिका प्रकाशनको प्रारम्भ थियो । यसका प्रकाशक विष्णु शिवाकोटी थिए भनेर उल्लेख गरेका छन् ।

यी विभिन्न विद्वान्हरूले तेरथुम जिल्लाको साहित्यिक गतिविधिका कतिपय पक्षमाथि सङ्क्षिप्त चर्चा गरेको पाइए तापनि यसको समग्र पक्षको अध्ययन नगरिएको हुँदा यो शोधकार्य गरिएको हो ।

### १.७ शोधकार्यको औचित्य

साहित्यको विकास देशको कुनै पनि एक ठाउँबाट मात्र सम्भव हुँदैन । देशका विभिन्न भागमा रहेका भाषा र साहित्यप्रेमी व्यक्तिहरूद्वारा त्यस ठाउँको साहित्यको उत्थानमा पर्याप्त योगदान दिइरहे तापनि संचार र खोज-अनुसन्धानको कमीले गर्दा देशको साहित्यिक गतिविधि ओझेलमा रहनु स्वभाविकै हो । साहित्यको इतिहास निर्माण गर्दा स्थलगत भ्रमण सम्भव नहुने स्थितिमा तेरथुम जिल्लाको साहित्यिक गतिविधिबारे बुझ्न कठिनाई परिरहेको अवस्थामा तेह्रथुमका साहित्यिक गतिविधिसम्वन्धि सम्पूर्ण कुरा यस शोधपत्रबाट जानकारी पाइने हुँदा तेरथुम जिल्लाका बारेमा यसभन्दा पछाडि खोज अनुसन्धान गर्ने खोजअनुसन्धानकर्तालाई यस शोधपत्रले स्थलगत अध्ययन गरे जतिकै सहयोगी भूमिका खेल्नुका साथै तरथुमको साहित्यिक जगको काम गर्ने हुँदा यस शोधकार्यको औचित्य रहेको छ ।

यस शोधपत्रभित्र जिल्लाको सङ्क्षिप्त परिचय दिनुका साथै जिल्लामा भएका साहित्यिक गतिविधि र जिल्लामा लुकेर छरिएर बसेका साहित्यिक प्रतिभाहरूलाई एउटै मालामा उनेर उनीहरूका कृतिहरूलाई विधागत रूपमा विभाजन गरी ती कृतिको विश्लेषण र मूल्याङ्कन पनि गरिएको छ । यसका साथै तेरथुमबाट प्रकाशित पत्रपत्रिकाको सूची तयार गर्नुका साथै ओझेलमा रहेका प्रतिभालाई नेपाली साहित्यमा परिचित गराइएको छ । यसप्रकार यस शोधकार्यमार्फत तेरथुम जिल्लाको साहित्यिक गतिविधिलाई प्रकाशमा ल्याउनुका साथै क्षेत्रीय स्तरमा खोजअनुसन्धान गर्ने परम्परालाई पनि निरन्तरता दिएको हुँदा यस शोधकार्यको महत्त्व रहेको छ ।

### १.८ अध्ययनको सीमाङ्कन

प्रस्तुत शोधकार्यको सीमा अध्ययनकालको आधारमा २०१० सालदेखि २०६२ सालसम्म निर्धारण गरिएको छ । यस शोधपत्रमा तेरथुम जिल्लाको भौगोलिक सीमा क्षेत्रभित्र रही यस अन्तर्गत फेला पर्न सकेका साहित्यिक कृतिहरूको सङ्कलनको आधारमा शोधकार्य तयार पारिएको छ ।

यस जिल्लाका साहित्यकारहरूका प्रकाशित कृतिहरूलाई आधार बनाई विधागत रूपमा वर्गीकरण गरी अध्ययन गरिएको छ । यसअन्तर्गत कविता, कथा, निबन्ध, उपन्यास, नाटक, समालोचना, भाषाव्याकरण विधाको रूपमा छुट्याइएको छ । यस जिल्लाका साहित्यिक प्रतिभालाई लिँदा अन्यत्रबाट बसाइँ सरी तेरथुम आएका, तेरथुम जिल्लामा नै जन्म भई घर पनि भएका अनि अन्यत्रबाट आई केही वर्ष तेरथुममा बसी साहित्य साधनामा लागेका र पुनः बाहिर नै गएका साथै तेरथुममा जन्म भई घरपनि तेरथुममा नै भएका तर काम विशेषले तेरथुम बाहिर गएका र तेरथुममा बस्दा साहित्यमा सेवा पुऱ्याएकाहरू र वैवाहिक आदि कारणबाट तेरथुमसँग सम्बन्ध गाँसिएकालाई पनि यस शोधकार्यमा समावेश गरिएको छ । तेरथुम जिल्लाबाहिर बसोबास गर्ने तर तेरथुम जिल्लाबाट प्रकाशित हुने पत्रिकाहरूमा आफ्ना रचनाहरू दिई यस जिल्लाको साहित्यसम्बन्धी उन्नतीमा योगदान दिने व्यक्तिहरू पनि प्रशस्त छन् तर त्यस्ता साहित्यिक प्रतिभाहरूलाई यस शोधकार्यमा समेटिएको छैन ।

वस्तुतः यस जिल्लामा स्थायी बसोबास भएका, बाहिरबाट आएर साहित्यमा सेवा पुऱ्याउने वा तेरथुममा जन्म भई बाहिर गई साहित्यमा लागेका पाएसम्मका पुराना र नयाँ साहित्यकार र तिनका साहित्यसम्बन्धी रचनाहरूको सामान्यः विवरण, मूल्याङ्कन र विश्लेषण नै शोधकार्यको सीमा रहेको छ ।

## १.९ सामाग्रीसङ्कलन विधि

प्रस्तुत शोधकार्यमा क्षेत्रीय अध्ययन पद्धतिलाई सामाग्री सङ्कलनको मुख्य स्रोत बनाइएको छ । यसमा प्रश्नावली, भेटवार्ता, चिठीपत्र आदान-प्रदान जस्ता पद्धतिहरू प्रयोगमा ल्याइएको छ । तेरथुमका साहित्यकारसँग व्यक्तिगत रूपमा भेट गरी तथ्य सामाग्री सङ्कलन गरिएको छ भने भेट हुन नसकेका साहित्यकारहरूका बारेमा जानिफकार व्यक्तिहरूसँग भेट गरी तथ्य सामाग्री पत्तो लगाउने काम गरिनुका साथै पुस्तकालयीय अध्ययनलाई पनि सामाग्री सङ्कलनको आधार बनाइएको छ । सैद्धान्तिक र प्रायोगिक ढाँचाबाट सङ्कलित सामाग्रीको विश्लेषण र मूल्याङ्कन गर्नुका साथै तेरथुमे साहित्यको विधागत अध्ययनमा साहित्यकारहरूको कृतित्व र प्रवृत्तिको विश्लेषण पद्धतिलाई अँगालिएको छ ।

## १.१० शोधको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सङ्गठित र व्यवस्थित रूपमा प्रस्तुत गर्न निम्नलिखित दस अध्यायहरूमा विभाजन गरिएको छ-

| | | |
|---|---|---|
| पहिलो परिच्छेद | - | शोध परिचय |
| दोस्रो परिच्छेद | - | तेरथुम जिल्लाको सङ्क्षिप्त परिचय |
| तेस्रो परिच्छेद | - | तेरथुमे पत्रकारिताको परिचय |
| चौथो परिच्छेद | - | तेरथुमे साहित्यकारको वर्णानुक्रम सूची |
| पाँचौं परिच्छेद | - | विधागत वर्णानुक्रम सूची |
| छैटौं परिच्छेद | - | तेरथुममै बसेर साहित्य सेवा गर्ने साहित्यकारहरू |
| सातौं परिच्छेद | - | तेरथुमदेखि अन्यत्र बसेर साहित्य सेवा गर्ने साहित्यकारहरू |
| आठौं परिच्छेद | - | विधागत योगदान |
| नवौं परिच्छेद | - | नेपाली साहित्यमा विशिष्ट योगदान पुऱ्याउने तेरथुमे साहित्यकारहरू |
| दसौं परिच्छेद | - | उपसंहार |
| | | परिशिष्ट |

सन्दर्भग्रन्थसूची

# दोस्रो परिच्छेद
# तेरथुम जिल्लाको सङ्क्षिप्त परिचय

## २.१ सामान्य परिचय

नेपाल अधिराज्यका पाँच विकासक्षेत्रहरूमध्येको पूर्वाञ्चल विकासक्षेत्रअन्तर्गत पर्ने कोसी अञ्चलको पहाडी जिल्लामध्ये तेरथुम पनि एक हो । यातायात र सञ्चार क्षेत्रबाट पछाडि परे पनि अधिराज्यमा देखिने भौगोलिक विषमता, शिक्षा क्षेत्रको अग्रता, प्राकृतिक सुन्दरता, सबै जातजातिहरूको वासस्थान यस जिल्लालाई चिनाउने माध्यम हुन् । यसका साथै नेपालकै सबैभन्दा लामो **हयात्रुङ झरना** र नेपालमै प्रसिद्धि पाएका **तेरथुमे ढाका टोपी**, **आठराईका खुकुरी र राडीपाखी** यस जिल्लालाई चिनाउने प्रमुख साधन हुन् ।

## २.२ नामकरण

झन्डै अस्ट्रेलियाको पूर्वी आकार परेको तेरथुम जिल्ला बीचमा फुकेको र उत्तर, दक्षिण सुकेको अवस्थामा रहेको छ । चारैतिर पहाडले घेरिएको उत्तरदेखि दक्षिणतिर भिरालो परेको सुन्दर लिम्बूवान बस्ती भएको यो जिल्लाको नामकरणका सम्बन्धमा भने विभिन्न किंवदन्ती पाइन्छन् ।

यस जिल्लाको नाम तेरथुम रहनुमा एउटा ऐतिहासिक प्रसङ्ग जोडिएको छ । "विं. स. १९५२ सालमा यस क्षेत्रका १३ वटा थुम फेदाप, नुँभो उत्तर, नुँभो दक्षिण, आठराई, चैनपुर, याङ्रूप, तमोरखोला, मेवाखोला, मैवाखोला, दस मझिया, पाँच खपन, सभा उत्तर र सङ्खुवा उत्तरको तिरो (मालपोत) उठाउन माल अड्डाको रूपमा स्थापना भएको थियो । यी बस्तीलाई थुम मानिन्थ्यो । यी १३ वटा थुममध्ये फेदाप थुमको डाँडा सबै थुमलाई पायक पर्ने देखियो र यस थुमको म्याङ्लुङ भन्ने ठाउँमा माल अड्डाको स्थापना भयो । यसरी तेह्रवटा थुमको मालपोत उठाउने अड्डा यहाँ स्थापना भएकाले यस जिल्लाको नाम तेरथुम रहेको हो ।"[१] त्यस्तै तेरथुम जिल्ला लिम्बूहरूको बसोबास बढी भएको जिल्ला हुनाले यस जिल्लाका अधिकांश ठाउँका नाम लिम्बू भाषामै राखिएजस्तै लिम्बू वंशावलीमा पनि तेरथुम जिल्लाको नामकरणको सम्बन्धमा किंवदन्ती पाइन्छ । "वंशावलीअनुसार मोरङ राज्यको **साङलाइङ** राजाका भाइ **सिदिइङ** फेदाप पहाडमा बसेको अनुमान गरिएको छ । उनले दरबारका हिन्दू पुरोहितको भनाइमा लागेर आफ्नो नामसमेत **अमर राय** राखे । त्यसैको अनुशरण उनका सन्तानहरूले गरेका थिए । त्यसबेला फेदापमा **छ राय** हरू भए र यसका साथै उत्तरी फेदापमा **सात रायहरू** भए । नेपालको पूर्वाञ्चलको धनकुटा गौँडामा त्यसबेला सत्र थुमको तिरो बुझाउने कार्य हुन्थ्यो जसलाई दस लिम्बूवान र सत्र थुम भनेर अहिले पनि भनिन्छ । पछि फेदाप र उत्तरी फेदापका **छ राय** र **सात** रायलाई मिलाई छुट्ट्याएर तेरथुम बनाइयो ।"[२]

यी माथिका किंवदन्तीबाट के स्पष्ट हुन्छ भने तेरथुम जिल्लाको नामकरण तिरो उठाउने सम्बन्धबाट भएको बुझिन्छ । १९५२ सालमा सर्बे नापी हुँदा १३ वटा थुमहरू मिलाई हालको सदरमुकाम रहेको म्याङ्लुङमा मालपोत उठाउन माल अड्डा स्थापना गरेपछि यसको नामकरण तेरथुम रहेको हो । वि.सं. २०२२ सालमा ७५ जिल्लामा माल अड्डा खडा भएपछि यस जिल्लाका

[१] माधवप्रसाद पोखेल, *तेह्रथुम एक चिनारी,* **तीनजुरे,** (वर्ष १, अङ्क २, २०५१), पृ.१ ।

[२] देवेन्द्र सुर्केली, *तेह्रथुमको साहित्य इतिहास पत्रकारिता तथा साहित्यक कृतिहरू,* **पालाम,** (वर्ष १,अङ्क १,२०६०), पृ. १७ ।

१३ वटा थुम मध्ये पाँचथर जिल्लामा पाँचथर थुम नुँभो उत्तर र नूँभो दक्षिण, ताप्लेजुङ जिल्लामा तमोरखोला, मैवाखोला, मेवाखोला र याङ्रूप थुमहरू र सङ्खुवासभा जिल्लामा पाँचखपन, चैनपुर, सभाउत्तर, सङ्खुवाउत्तर र दसमझिया थुमहरू गाभिएकाले अनि बाँकी रहेका फेदाप, आठराई र छथर गरी हाल यस जिल्लामा तीनवटा थुमहरू मात्र कायम रहेका छन् । २०१९ साल अघि यस जिल्लाको प्रशासन धनकुटाबाट चलाउने गरिएको थियो । २०१९ सालमा म्याङ्लुङमा जिल्लाको प्रशासन स्थापना भएपछि तेरथुम जिल्ला कायम भई आफ्नै अस्तित्वमा रहन भएको हो ।

## २.३ भौगोलिक परिचय

पूर्वाञ्चल विकासक्षेत्रअन्तर्गतका पहाडी जिल्लामध्ये तेरथुम पनि एक हो । यसको पूर्वमा पाँचथर, पश्चिममा सङ्खुवासभा र धनकुटा, उत्तरमा ताप्लेजुङ र दक्षिणमा धनकुटा र पाँचथर जिल्ला पर्दछन् । पूर्वमा ताप्लेजुङसँग जोडिएको फुँगुवाखोला र पाँचथरसँग जोडिएको तमोर नदी, पश्चिममा धनकुटासँग जोडिएको तेलियाखोला, उत्तरमा सङ्खुवासभासँग जोडिएको म॰लवारे, श्रीमाने र गुफा डाँडा र दक्षीणमा तमोर नदी यति चार किल्लाको परिधिभित्र तेरथुम जिल्ला रहेको छ । "यस जिल्लाको कूल क्षेत्रफल ६७९ वर्ग किलोमिटर वा ६,७९०० हेक्टर जमिनमा फैलिएको छ । समुन्द्री सतहबाट ३४५ मिटरदेखि ३,९६२ मिटरसम्मको उचाइमा रहेको यो जिल्लाको सदरमुकाम म्याङ्लुङ बजार समुद्र सतहबाट करिब १,४६७ मिटरको उचाइमा रहेको छ । यो जिल्ला ८७/२५ डिग्रीदेखि ८७/४० डिग्री पूर्व देशान्तर र २६/६६ डिग्रीदेखि २७/३० डिग्री अक्षांशभित्र पर्दछ । यस जिल्लाको तापक्रम न्यूनतम १५डिग्री से.देखि अधिकतम ३०ं डिग्री सम्म रहेको छ । यस जिल्लाको अधिकतम वर्षा १,२५१ मि.लि.सम्म रहेकोछ ।"[घ]

## २.४ राजनीतिक तथा प्रशासनिक विभाजन

२०१९ सालमा म्याङ्लुङमा सदरमुकाम स्थापना गरी तेरथुम जिल्ला कायम भई आफ्नै अस्तित्वमा रहेको यस जिल्लामा २०५१ सालभन्दा अगाडि दुई निर्वाचन क्षेत्र रहेकोमा २०५१ सालदेखि जनसङ्ख्या कमी भएकोले एक मात्र संसदीय निर्वाचन क्षेत्र कायम गरिएको छ । २०५० सालभन्दा पहिले ३१ वटा गा.वि.स. रहेको यस जिल्लामा पछि छथरपोखरी गा.वि.स. लाई पञ्चकन्या र फाक्चामारा गा.वि.समा विभाजन गरी ३२ गा.वि.स. बनाइएको छ । तेरथुम जिल्लामा रहेका ३२ गा.वि.स.को नामवली निम्नानुसार रहेको छ :-

(१) ह्वाकु (२) ईवा (३) छातेढुङ्गा(४) थोक्लुङ (५) चुहान्डाँडा (६) सङ्कान्ति बजार (७) खाम्लालुङ (८) सम्दू (९) इसिवू (१०) सिम्ले (११) जलजले (१२) ओयाक्जुङ (१३) श्रीजुङ (१४) पौंठाक (१५) मोराहाङ (१६) आम्बुङ (१७) जिरिखिम्ती (१८) साब्ला (१९) म्याङ्लुङ (२०) तम्फुला (२१) पिप्ले (२२) सोल्मा (२३) सुदाप (२४) ओखे (२५) वसन्तपुर (२६) सुङ्नाम (२७) फुलेक (२८) पञ्चकन्या (२९) आङ्दिम (३०) दाङ्गपा (३१) फाक्चामारा (३२) हमरजुङ ।

## २.५ जातिगत जनसङ्ख्या

२०५८ सालको जनगणनाअनुसार तेरथुम जिल्लाको कूल जनसङ्ख्या १,१३,१११ रहेको छ । जसमध्ये पुरुष ५४,८८० र महिला ५८, १८१ रहेका छन् । यस जिल्लामा क्षत्री, बाहुन, लिम्बू, तामाङ, मगर, राई, किराँत, नेवार, गुरुङ, आदि प्रमुख जातिहरू वसोबास गर्दछन् । तेरथुम जिल्लाको जातिगत जनसङ्ख्या निम्नानुसार रहेको छ :-

---

[३] भवानी खापुङ, *तेह्रथुमः एक चिनारी,* **कोसी प्रवाह**, (वर्ष १, अङ्क १, २०६२), पृ. ७९ ।

| जाति | जनसङ्ख्या | प्रतिशत | जाति | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| ब्राह्मण | १७,७७५ | १५.७१ | कामी | ४८३१ | ४.२७१ |
| क्षत्री | २१,५०६ | १९.०१ | दमाइँ | ३१६८ | २.७९२ |
| लिम्बू | ४०,०४१ | ३५.४ | सार्की | १५७६ | १.३९३ |
| तामाङ | ६,५४८ | ५.७९१ | सन्यासी | १२०६ | १.०६६ |
| राई | २२१७ | १.९६१ | माझी | १७८ | ०.१५७ |
| मगर | २४४१ | २.१५८ | सुनुवार | ९० | ०.०८ |
| शेर्पा | १२०० | १.०६१ | गुरुङ | ३१९४ | २.८२४ |
| नेवार | ३११६ | २.७५५ | अन्य | ४०३३ | ३.५६६ |
| | | | जम्मा | १,१३,१११ | १००.०० |

स्रोत : राष्ट्रिय जनगणना प्रतिवेदन २०५८, केन्द्रीय तथ्याङ्क विभाग

## २.६ मातृभाषी जनसङ्ख्या

तेरथुम जिल्ला विविध जनजाति बसोबास गर्ने ठाउँ भएकोले यहाँका मानिसहरू विभिन्न मातृभाषा बोल्ने गर्दछन् । तेरथुम जिल्लामा विभिन्न मातृभाषा बोल्नेहरूको जनसङ्ख्या निम्नानुसार रहेको छ :-

| क.स. | मातृभाषा | सङ्ख्या | प्रतिशत | क.स. | मातृभाषा | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | नेपाली | ५९,८३८ | ५२.९० | ६ | भोटे | १,२५८ | १.११ |
| २ | लिम्बू | ३७,०४७ | ३२.७५ | ७ | गुरुङ | १,६८६ | १.४९ |
| ३ | तामाङ | ५,८५२ | ५.१७ | ८ | नेवारी | १,७५५ | १.५५ |
| ४ | मगर | २,३०६ | २.०४ | ९ | अन्य | २,६०० | १.४३ |
| ५ | बान्तवा | १,७६९ | १.५६ | | जम्मा | १,१३,१११ | १००.०० |

स्रोत : - राष्ट्रिय जनगणना २०५८ को प्रतिवेदनहरू, केन्द्रीय तथ्याङ्क विभाग

## २.७ जाति र संस्कृति

तेरथुम जिल्लामा अन्य पहाडी जिल्लाजस्तै विभिन्न जातजाति बसोबास गर्दछन् । यस जिल्लामा मुख्य तीन जातिय समूहका मानिसको बसोबास भएको देखिन्छ ।

१. तागाधारी : यो समूहमा जनै लगाउने बाहुन, जैसी, कुमाइ, क्षत्री र सन्यासी जातिहरू पर्दछन् ।

२. मतवाली : यो समूहमा लिम्बू, भोटे, नेवार, गुरुङ, आदि पर्दछन् ।

३. दलित : यो समूहमा कामी, दमाई, सार्की आदि पर्दछन् ।

## १. तागाधारी

तागाधारी समूह भनेर जनै लगाउने समूहलाई चिनिन्छ । यस जिल्लामा तागाधारी समूहका बाहुन, जैसी, कुमाइँ, क्षत्री र सन्यासी आदि बसोबास गर्दछन् । प्रत्येक जातिका आ-आफ्ना निजी सीमान्त धार्मिक एवं सांस्कृतिक विशेषताहरू हुनाले यहाँका तागाधारी समूहहरू हिन्दूधर्म मान्दछन् । तागाधारी समूह अरू समूहबाट छुट्टिने मुख्य विशेषता भनेको तुलसीको मठ र अर्को पाञ्चायन पूजा हुन् । मतवालीको घरमा तुलसीको मठ हुँदैन र पाञ्चायन देवता पुज्ने र शङ्ख बजाउने काम पनि भएको पाइँदैन । यस जिल्लाका तागाधारी समूहअन्तर्गतका ब्राह्मणहरूमा उपाध्याय र जैसी दुई प्रकारका जातिहरूको बसोवास भएको पाइन्छ । उपाध्याय

ब्राह्मणअन्तर्गत भट्ट, भट्टराई, अधिकारी, दुलाल, खनाल, पौडेल, धमला, दाहाल, गौतम, काफ्ले, लुइटेल, ढुङ्गेल, भण्डारी, गड्तौला, घिमिरे, बराल, खतिवडा, मिश्र, चापागाईँ, लामिछाने आदि थर पर्दछन् भने कुमाइँ पनि आफूलाई ब्राह्मणहरूकै दर्जामा राखेर हिँड्ने गर्दछन् । कुमाईअन्तर्गतका थरहरूमा विमली, ओली, उप्रेती, प्रसाइँ, पनेरू, चुँडाल, थपलिया, बारकोटी, सिटौला, मैनालीलगायत धेरै थर पर्दछन् । यस्तै क्षत्रीहरूमा पनि झर्रा क्षत्री र खस क्षत्री गरी दुई क्षत्रीहरूको बसोबास यस जिल्लामा भएको देखिन्छ । झर्रा क्षत्रीहरूमा थापा, खड्का, कार्की, बस्नेत, चौहान आदि थरहरूको बसोबास छ भने खस क्षत्री अर्न्तगत थपलिया, सुवेदी, रोका, तिवारीका साथै खत्री क्षत्रीहरूको पनि यस जिल्लामा बसोबास भएको देखिन्छ । यस्तै ब्राह्मणबाट घटित थरहरू जैसी हुनाले ब्राह्मण जातिकै थरमा जैसीहरूका थर पर्दछन् भने सन्यासीअन्तर्गत गिरी, पुरी, सन्यासी, भारती र बनबनेला आदि थरहरूको यस जिल्लामा बसोबास रहेको पाइन्छ । यी समूहका जातजातिहरूमा प्राय सबै संस्कार समान देखिन्छ, जस्तै मान्छे जन्मँदाँ सुतक लाग्ने, ७-११ दिनभित्र न्वारन गर्ने, ब्रतवन्ध गर्ने, मागी विवाह गर्ने, मरिमराउमा १३ दिनसम्म आशौच बार्ने र आशौच बार्ने छोराहरूले र श्रीमतीले प्रायः सेतो वस्त्र लगाउने परम्परा सबैमा समान देखिन्छ । यस समूहको प्रमुख चाड पर्वमा दसैँ, तिहार, तीज, माघे सङ्क्रान्ति, जनै पूर्णिमा, आदि पर्दछन् । ब्राह्मण पुरोहित कामका साथै नोकरी पेसामा पनि संलग्न छन् । यस समूहका प्रमुख धार्मिक ग्रन्थहरूमा रामायण, महाभारत, वेद, पुराण, चण्डी, रुद्री, आदि पर्दछन् । क्षत्रीहरू सैनिक, पुलिस कामका साथै अन्य नोकरी पेसामा संलग्न छन् ।

## २. मतवाली

मतवाली भन्नाले जनै धारण नगर्ने, मादक पदार्थ सेवन गर्ने, कथित पानी चल जातलाई बुझिन्छ । यो जातमा लिम्बू, भोटे (लामा), नेवार, गुरुङ आदि पर्दछन् । मतवाली समूह अन्तर्गतका विभिन्न जातले विभिन्न धर्म मान्दछन् । यिनीहरूको घरमा तुलसीको मठ हुँदैन । यिनीहरू धामी, झाँक्रीमा धेरै विश्वास राख्दछन् । यो समूहमा कुनै जातिको संस्कार तागाधारीको संस्कारसँग मेल खान्छ भने कसैको आफ्नै परम्परा रहेको छ । यस समूहमा पर्ने जातहरूको रीतिरिवाज र संस्कारको बारेमा सामान्य चर्चा गरिएको छ ।

### (क) लिम्बू

तेरथुम जिल्ला लिम्बू बस्ती भएको जिल्ला हो । यस जातिको आफ्नो छुट्टै संस्कार रहेकाले यिनीहरू किरात धर्म मान्दछन् । लिम्बूहरूका देवता खोला, पहाडले प्रतिनिधित्व गर्ने स्थानीय देवता हुन् । कुनै ठूलो सङ्कट (सुख्खा, असिना, महामारी आदि) आइपरे यिनीहरू खोलामा वा डाँडामा जनावरको बली दिएर पूजा गर्दछन् । लिम्बूहरू हिन्दूधर्म पनि मान्ने हुनाले ब्राह्मण पुरोहितलाई रुद्री, चण्डी, खडङगा पाठ लगाउने, सत्यनारायणको पूजा लगाउने गर्दछन् भने धार्मिक एवं सांस्कृतिक पर्वमा जन्म, मृत्यु, विवाह आदिमा लिम्बूको पुरोहित (फेदाङ्वा) को प्रयोग गरिन्छ । फेदाङ्वाले विरामी उपचार गर्नमा तथा भूतप्रेत भगाउनमा धामी झाँक्रीको काम पनि गर्दछन् । अहिले भर्खरैदेखि लिम्बू युवाहरूले आफ्नो भाषा र संस्कृतिमा खोज गर्दै गरेको पाइन्छ । लिम्बूहरूको आफ्नो भाषा छ जसलाई लिम्बू कुरा भनिन्छ । यो सिरिजङ्गा लिपिमा लेखिन्छ । लिम्बूहरूका आफ्नो धार्मिक पुस्तक **मुन्धुम** हो । यस जिल्लाका लिम्बूहरूको पेसा मुख्य रूपमा खेतीपाती भए पनि रोजगारको क्रममा विदेशमा लाहुर जानु पनि रहेको छ । लिम्बूहरूको प्रमुख संस्कारअन्तर्गत जन्म, विवाह, मृत्यु बेग्लै खालको छ । लिम्बू संस्कारमा सुत्केरी हुन केटीलाई माईत पठाइने अनौठो चलन छ । यसका साथै सुत्केरी भएको ३ दिनसम्म सुत्केरी आइमाईलाई निदाउन दिइँदैन । यसको कारण सुत्केरी अवस्थामा आमालाई भूतप्रेतले आक्रमण गर्छ भन्ने लिम्बुहरूको जनविश्वास रहेको छ । यो अनौठो संस्कार रहेको छ । यस्तै लिन्बूहरूमा विवाहको सन्दभृमा पनि दुईवटा प्रथा पाइन्छन् । एउटा सुनौली प्रथा र अर्को जारी प्रथा । प्रायः गरेर लिम्बूहरू सुनौली प्रथा नै धेरै गर्दछन् किनकि मागी विवाहमा लगातार तीन दसैंपिच्छे रीत

बझाउनुपर्ने हुन्छ । त्यसकारण  महङ्गो खर्चबाट जोगिन सुनौली प्रथाद्वारा विवाह गर्नु उनीहरूको संस्कार हो । त्यस्तै मृत्यु हुँदा पनि लिम्बूहरूको संस्कार बेग्लै किसिमको रहेको छ । अन्य समूहका जातिहरूको मृत्यु भएपछि लासलाई घरबाहिर निकाल्छन् भने यसको ठीक विपरीत लिम्बूहरूको लास घरभित्र लगेर राखिन्छ । यसका साथसाथै सबै आफन्तजन नआएसम्म लास चलाउँदैनन् र २,३ दिनसम्म राख्न सक्दछन् । यो संस्कार हेर्दा लिम्बूहरूमा बासी, साजीको मतलव छैन भन्न सकिन्छ । लिम्बूहरूको साँस्कृतिक झाँकिहरूमा  धाननाच, च्याब्रुङनाच रहेका छन् । धाननाच लिम्बूहरूको विवाहको मूलबाटो हो । यसमा हाडनाताभित्रका तरुनी तन्देरीदेखिबाहेककाले धाननाच गर्ने गर्दछन् । यस जातमा स्वास्नी मरेपछि साली ल्याउनु स्वाभाविक मानिन्छ । यस जातमा विधवा विवाह पनि कन्या विवाहसरहको स्तरमा राखिने हुँदा तागाधारीजस्तो विवाहमा भेदभाव देखिँदैन । लिम्बूअन्तर्गतका थरहरूमा कन्दङ्वा, खापुङ, फोम्बो, पाहिम, पापोहाङ, सम्बाहाम्फे, थिङ्लाबु, इस्बो, सेरेङ, सिङ्गक, पयाङ्गु, चोङ्बाङ्ग, इङ्नाम, निङ्लेखु, सोदेम्बा, माबोहाङ, ओखाबु, तुम्बाहाम्फे, पाङ्गेनहाङ आदि सयौं थरहरूको बसोबास यस जिल्लामा रहेको छ ।

**(ख) भोटे**

तेरथुम जिल्लामा भोटे (शेर्पा) को पनि बसोबास रहेको छ । यिनीहरू बौद्ध धर्म मान्दछन् । यिनीहरूको रहनसहन, बोलचाल, भेषभूषा, धार्मिक प्रचलन एवं शारीरिक स्वरूपमा शेर्पाहरू विलकुलै फरकफरक देखिन्छन् । लेकमा हावापानी ठन्डा हुनाले यिनीहरू बाक्लाबाक्ला लुगा लगाउँदछन् र बहुतै कम नुहाउँछन् । यिनीहरूलाई भोटे भन्यो भने रिसाउँछन् तसर्थ यिनीहरूलाई मैत्रीपूर्ण ढङ्गले बोलाउँदा लामा भनिन्छ । लामा शेर्पाको पुरोहित हो । यिनीहरूको फुपूचेला, मामाचेलाको बिहावारी चल्दछ । मरेपछि गुम्बा (माने) बनाउने चलन छ । शेर्पाहरू जुठोको वास्ता गर्दैनन् । शेर्पाको विवाहमा अझै पनि बालविवाह प्रथा कायमै रहेको पाइन्छ । यसका साथै भाउजू विवाह गर्ने, सालीले दिदी मरेपछि भिनाजुमाथि अधिकार गर्ने तथा लोग्नेसँग लुकिछिपी सहवास गर्ने स्वास्नी मानिससँग वास्तविक स्वास्नीले क्षतिपूर्ति लिने व्यवस्था छिटफुट रूपमा अझै कायमै रहेको छ । शेर्पामा विवाहको अवस्था अरू जातभन्दा फरक छ । उनीहरूको विवाहमा केटी माग्ने काम केटातर्फबाट हुन्छ र त्यसबखत जाँड, रक्सी लिएर गएका हुन्छन् । विवाह सफल हुने निश्चित ठानी उत्सव साथ खानपिन गरिन्छ र परीक्षण कालपछि तिथि निर्धारण गरेर नौनीको टीका लगाइन्छ र विवाह संस्कार गरिन्छ । यो तिथि पछि सार्न पनि सकिन्छ । शेर्पाहरूको मुख्य चाड माघे सङ्क्रान्ति र साउने सङ्क्रान्ति हुन । यिनीहरूको घरमा एक प्रकारको झन्डा (कपडामा मृतकको स्मृतिमा उनीहरूको भाषामा लेखेको) राखिएको हुन्छ । मर्दापर्दा सबै धार्मिक काजक्रियासम्बन्धी काम उनीहरूकै भाषामा लामाले गर्ने गर्छन् ।

**(ग) नेवार**

यस जिल्लाका नेवारहरू व्यापार, शिक्षा र जागिरबाट जीवन निर्वाह गर्छन् । गाउँघरतिर खेतीपाती पनि गर्ने नेवारहरूको आफ्नै भाषा भए पनि नेवारी भाषामा भने  तेरथुमे साहित्यकारको कलम चलेको देखिदैन । यद्यपि नेपाली भाषामा भने तेरथुमे नेवार समुदायको साहित्यकारको कलम चलेको पाइन्छ ।  मतवाली भएर पनि यहाँका नेवारहरूले तागाधारीसरह धार्मिक पूजाआजा गर्छन् । उनीहरूको घरमा पनि तुलसीको मठ रहेको हुन्छ भने मर्दापर्दा शङ्ख पनि  बजाउँछन् । यिनीहरू हिन्दू धार्मिक विधिविधानहरू पालन  गर्छन् ।

(घ) गुरूङ

तेरथुम जिल्लामा गुरुङ जातिको गाउँघरतिर बसोबास बढी भएको पाइन्छ । उनीहरू साधारण खेतीपाती, बन्दव्यापारबाट जीवन निर्वाह गर्छन् । उनीहरूको आफ्नै जातीय भाषा मौखिक प्रचलनमा भए पनि लिखित माध्यम भाषा नेपाली नै हो । गुरुङ भाषामा तेरथुम जिल्लामा साहित्य सिर्जना भएको पाइदैन । यिनीहरू बौद्ध धर्म मान्छन् । बौद्ध धर्म मान्ने भएतापनि गुरूङका विवाहलगायतका केही संस्कार तागाधारीसँग मेल खान्छन् ।

३. दलित

तेरथुम जिल्लामा कथित दलित जातिहरूको पनि बसोबास रहेको छ । समाजका यी उत्पीडित चर्मकार, विश्वकर्मा, दर्जी जातिहरू पनि समयअनुसार शिक्षा, राजनीति, वाणिज्य, प्रशासनमा संलग्न बन्ने चासो देखाउँदै छन् भने पहिलापहिला खेती गर्ने, लाहुर जाने, आफ्नै जातीय पेसाबाट जीवन गुजरा गर्ने गरेकोमा हाल शैक्षिक जागरणसँगै प्राय: विविध विधामा हात हाल्न यी समूहका जातिहरू पछि परेका छैनन् । यिनीहरूको भाषा नेपाली हुनाले साहित्य सिर्जनामा पनि यो समूहका केही व्यक्तिहरूको कलम यस जिल्लाबाट चलेको देखिन्छ । उनीहरू हिन्दू धर्म मान्ने भएकोले पूरै संस्कार तागाधारीहरूसँग मेल खान्छ । उनीहरूको जन्म, विवाह र मृत्यु आदि संस्कार ब्राह्मण विधिविधानअनुसार गरिए तापनि उनीहरूलाई छुट्टयाउने प्रमुख कारक तत्व भनेको घरमा तुलसीको मठ नहुनु र जनै धारण नगर्नु हो ।

## २.८ प्राकृतिक स्रोत

तेरथुम जिल्ला प्राकृतिक स्रोतले भरिपूर्ण जिल्ला हो । यस जिल्लामा जलस्रोत, वनजङ्गल, झरना, ताल, पहाड सबै रहेको पाइन्छ । नेपालको सबैभन्दा लामो ३६५ मि. उचाइ भएको **ह्यातुङ झरना** यस जिल्लाको गहना हो । पर्यटकको आकर्षण भए पनि यातायात,सञ्चारको समुचित व्यवस्था हुन नसकेको कारण यो झरना अझै ओझेलमा परेको छ । त्यस्तै तेरथुम जिल्लामा नेपालको राष्ट्रिय फूल लालीगुराँसका २८ प्रजातीहरू पाइन्छन् । त्यस्तै यस जिल्लाका अन्य प्राकृतिक स्रोतहरूमा तीनजुरे पहाड, मार्ग पोखरी, रात पोखरी (चिचिलिङ पोखरी), मेन्छ्याम ढाप, याकुम्बा गढी, गुराँस वन, गौखुरी गुफा, आठराई पोखरी, छातेढुङ्गाजस्ता पर्यटकीय स्थल रहेका छन् । प्राकृतिक स्रोत अन्तर्गत यहाँका प्रमुख खोलाहरूमा तमोर नदी, खोरूङ्गाखोला, कोयाखोला, लम्बुखोला, पिँगुवाखोला, ताङमायाँखोला, फाक्चुवाखोला, फुँगुवाखोला, तेलियाखोला, हिउँदियाखोला आदि रहेका छन् ।

## २.९ धार्मिक स्थल

तेरथुम जिल्ला बहुजाति बसोबास गर्ने जिल्ला भएकोले यस जिल्लामा विभिन्न धार्मिक स्थल रहेका छन् । सिंहवाहिनी मन्दिर (म्याङ्लुङ), भगवती मन्दिर (सङ्क्रान्ति), पाथीभरा मन्दिर ( छातेढुङ्गा र म्याङ्लुङ), शिवालय मन्दिर (सङ्कान्ति र जलजले), राम मन्दिर (खेल्पुर), बौद्ध गुम्बाहरू (चुहानडँडा, सिम्ले, छातेढु·ा,ह्वाकू आङ्दिम, पौँठाक), रक्तकाली मन्दिर (सोल्मा) आदि प्रमुख मठमन्दिर तेरथुम जिल्लामा अवस्थित छन् । यस जिल्लामा बसोवास गर्ने व्यक्तिहरूको धार्मिक स्थिति निम्नानुसार छः-

| धर्म | जनसङ्ख्या | प्रतिशत | धर्म | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| हिन्दू | ५७,९९४ | ५१.२८ | क्रिस्चियन | ५२० | ०.४५ |
| बौद्ध | १२,८३६ | ११.३६ | शिख | १० | ०.०१ |
| इस्लाम | ६६ | ०.०५ | बहाई | ६४ | ०.०५ |

| | | | | | |
|---|---|---|---|---|---|
| किराँत | ४१,३६७ | ३६.५७ | अन्य | २४१ | ०.२१ |
| जैन | १३ | ०.०१ | | | |
| | | | जम्मा | १,१३,१११ | १००.०० |

स्रोत :- राष्ट्रिय जनगणना प्रतिवेदन २०५८, केन्द्रीय तथ्यांङ्क विभाग

## २.१० प्रमुख पेसा

तेरथुम जिल्लाका बासिन्दाको प्रमुख पेसा कृषि हो । यस जिल्लाको मुख्य उत्पादन धान हो । यसका साथै यस जिल्लामा मकै, गहुँ, कोदो, फापर, आलु आदि प्रमुख अन्न बाली उत्पादन हुन्छन् । यस जिल्लामा प्रमुख उत्पादन हुने फलफूलहरूमा सुन्तला, जुनार, नासपाती, आँप, अम्बा, आरु, आल्चा, आरुबखडा, आदि रहेका छन् । यस्तै नगदेबालीअन्तर्गत अलैंची र चिया प्रमुख रहेका छन् । यस जिल्लाका उद्योग व्यवसायमा ढाका कपडा र खुकुरी उद्योग नेपालमै प्रसिद्ध मानिन्छन् । अन्य उद्योगधन्दामा बिस्कुट, राडीपाखी, बेतबाँस, अदुवा प्रशोधन, अलैंची प्रशोधन, अल्लो प्रशोधन गर्ने उद्योग यस जिल्लामा सञ्चालनमा रहेका छन् ।

## २.११ शैक्षिक स्थिति

तेरथुम जिल्लाको शैक्षिक इतिहास त्यति लामो छैन । विं. स. १९८२ सालसम्म पुरोहितहरूद्वारा फुर्सदको समय उपयोगको रूपमा हिउँदमा ३ महिना वैदिक शिक्षा दिइन्थ्यो । वि.सं. १९९१ सालमा संस्कृत र नेपाली भाषा पढाउन मूलपानीमा स्थायी सरकारी पाठशालाको स्थापना
भयो । राणाहरूलाई खुसी पारी यो स्कूल स्थापना गराउन आठराईका सिटौला परिवारको महत्त्वपूर्ण योगदान रहेको थियो । यस जिल्लामा वि.स. २००२ सालमा आठराई चुहान्डाँडामा अङ्ग्रेजी स्कूल स्थापना गरी आधुनिक शिक्षाको सुरुवात गरियो । यसप्रकार आठराई क्षेत्रबाट यस जिल्लामा शिक्षाको दीप प्रज्वलित भएको देखिन्छ । तेरथुम जिल्लाको हालको शैक्षिक स्थिति निम्नानुसार रहेको छ :-

| **स्कुलका प्रकार** | **सङ्ख्या** | **सरकारी** | **निजी** | **विद्यार्थी सङ्ख्या** | **महिला** | **पुरुष** |
|---|---|---|---|---|---|---|
| पूर्व प्राथमिक | ३७ | २९ | ८ | ५७२ | २४३ | ३२९ |
| प्राथमिक | २३७ | २२७ | १० | २५,१४८ | १२,५७४ | १२,५७४ |
| निम्न माध्यमिक | ७० | ६७ | ३ | ८,५५९ | ४,२४३ | ४,३१६ |
| माध्यमिक | ३० | ३० | ० | ३,७७७ | १,७०३ | २०१४ |
| उच्च मा.वि. | ८ | ८ | ० | २२५ | | |
| क्याम्पस | २ | १ | १ | २७४ | ९६ | ९८ |
| जम्मा | ३४६ | ३६२ | २४ | ३८,५५५ | १८,८६९ | १९६८६ |

स्रोतः राष्ट्रिय जनगणना प्रतिवेदन २०५८, केन्द्रीय तथ्याङ्क विभाग

## २.१२ उच्च शिक्षा हाँसिल गर्ने तेरथुमेहरू

तेरथुम जिल्ला शिक्षा क्षेत्रमा अग्रपङ्क्तिमा रहेको जिल्ला हो । यस जिल्लामा जन्मेका धेरै व्यक्तिहरूमा शिक्षाको उज्यालो परे तापनि थोरै व्यक्तिहरूले मात्र उच्च शिक्षा लिन सफल रहेका छन् । तेरथुम जिल्लाका यी उच्च शिक्षा हासिल गर्ने व्यक्तिहरूले दुई विधाबाट उच्च शिक्षा हासिल गरेका छन् । एउटा सम्बन्धित विषयमा पीएच्.डी. गरेर र अर्को मेडिकल डाक्टरबाट । यहाँ उच्च शिक्षा हाँसिल गर्ने विद्वान्हरूको नाम, जन्मस्थान र उच्चशिक्षा गरेको विषयलाई विषयगत रूपमा छुट्ट्याई तालिकामा देखाइएको छ :-

## १ पीएच्.डी. गर्ने तेरथुमे विद्वान्हरू

तेरथुम जिल्लाबाट विभिन्न विषयमा विभिन्न विद्वान्हरूले पीएच्.डी. गर्नुभएको छ । यहाँ ती उच्च शिक्षा हासिल गर्ने विद्वान्हरूको बारेमा तालिकाद्धारा परिचय दिने प्रयास गरिएको छ जसमा विद्वान्को नाम, जन्मस्थान  र कुन विषयबाट पीएच्.डी. गरेको हो त्यो विषयलाई तालिकामा देखाउनुको साथै थप जानकारीअन्तर्गत ती विद्वान्हरूको पेसाको बारेमा अवगत गराउने प्रयास पनि गरिएको छ । पीएच्.डी. गर्ने तेरथुमे विद्वान्हरूको सूची निम्नानुसार रहेको छः

| क.स. | बिद्धान्हरूको नाम | जन्मस्थान | विषय | थप जानकारी |
|---|---|---|---|---|
| १ | डा. अभि सुवेदी | साब्ला | अङ्ग्रेजी | प्राध्यापन (त्रि.वि.) |
| २ | डा. केशवमान श्रेष्ठ | म्याङ्लुङ | अर्थशास्त्र | हाल - अमेरिका |
| ३ | डा.खगेन्द्रप्रसाद लुइटेल | सोल्मा | नेपाली/भाषाविज्ञान | प्राध्यापन (त्रि.वि.) |
| ४ | डा. खेमनाथ दाहाल | पिप्ले | नेपाली | प्राध्यापन (धरान) |
| ५ | डा. खेम दाहाल | छथर | अर्थशास्त्र | प्राध्यापन (त्रि.वि.) |
| ६ | डा. गोविन्दमान श्रेष्ठ | म्याङ्लुङ | अर्थशास्त्र | हाल - अमेरिका |
| ७ | डा.गोपालकृष्ण सिवाकोटी | ह्वाकु | मानवअधिकार | मानवअधिकारवादी, काठमाडैं |
| ८ | डा. जिभान मास्के | जलजले | | प्राध्यापन |
| ९ | डा. तुलसीप्रसाद उप्रेती | चुहानडाँडा | अर्थशास्त्र | हाल अमेरिका |
| १० | डा.स्व.नारायण भट्टराई | मोराहाङ | हाइड्रो इलेक्ट्री | अनामनगर (नेपाल सरकार सहसचिव |
| ११ | डा.पेशल दाहाल | छथरपोखरी | इतिहास संस्कृति | प्राध्यापन (त्रि.वि.) |
| १२ | डा. रमेशजंङ खड्का | वसन्तपुर | | |
| १३ | डा. वासु उप्रेती | ईवा | | प्राध्यापन |
| १४ | डा. वेदप्रकाश उप्रेती | चुहानडाँडा | | **Nat Raj Tours Service** |
| १५ | डा. रामप्रसाद उप्रेती | छातेढुङ्गा | | ट्राभल एजेन्सी |

## २.. मेडिकल डाक्टर हुने तेरथुमे विद्वान्हरू

मेडिकल डाक्टर बनेका तेरथुमे विद्वान्हरूको नाम, जन्मस्थान विषयलाई तलको तालिकामा दिइएको छ :-

| क.सं. | विद्वान्हरूको नाम | जन्मस्थान | थप जानकारी |
|---|---|---|---|
| १ | डा. कृष्णप्रसाद ओली | छातेढुङ्गा | मेडिकल डाक्टर, चावहिल |
| २ | डा. कृष्णा ओली | छातेढुङ्गा | मेडिकल डाक्टर, सरस्वती नगर |
| ३ | डा. चन्द्रप्रसाद मास्के | जलजले | मेडिकल डाक्टर, पाटन हस्पिटल |
| ४ | डा. जिभान श्रेष्ठ | ज्लजले | मेडिकल डाक्टर |
| ५ | डा.टंक बाराकोटी | थोक्लु· | मेडिकल डाक्टर, पाटन हस्पिटल |
| ६ | डा. निदेश सापकोटा | ओयाक्जुङ | मेडिकल डाक्टर |

| | | | |
|---|---|---|---|
| ७ | डा. निराकारमान श्रेष्ठ | म्याङ्लुङ | मेडिकल डक्टर मानसिक हस्पिटल महाराजगञ्ज |
| ८ | डा. पुकार मास्के | म्याङ्लुङ | मेडिकल डाक्टर, टिचिङ हस्पिटल |
| ९ | डा. बलमान लिम्बू | आम्बुङ | मेडिकल डाक्टर, पाटन हस्पिटल |
| १० | डा. वसन्त तुम्बाहाम्फे | म्याङ्लुङ | मेडिकल डाक्टर, पाटन हस्पिटल |
| ११ | डा.विष्णुप्रसाद थपलिया | चुहानडाँडा | मेडिकल डाक्टर |
| १२ | डा. महेश मास्के | जलजले | मेडिकल डाक्टर, टिचिङ हस्पिटल |
| १३ | डा. युवराज लिम्बू | सोल्मा | मेडिकल डाक्टर, राष्ट्रिय हृदय रोग केन्द्र वाँसवारी |
| १४ | डा.राम उप्रेती | ईवा | मेडिकल डाक्टर |
| १५ | डा. रामेश्वरमान श्रेष्ठ | म्याङ्लुङ | मेडिकल डाक्टर, कान्तिवाल हस्पिटल |
| १६ | डा. शंकर उप्रेती | चुहानडाँडा | मेडिकल डाक्टर |
| १७ | डा.सन्देश मास्के | जलजले | मेडिकल डाक्टर, टिचिङ हस्पिटल |
| १८ | डा. हेमबहादुर लुम्फुवा | पौठाक | मेडिकल डाक्टर, टिचिङ हस्पिटल |

## २.१३ साहित्यिक गतिविधि

तेरथुम जिल्लाको साहित्यिक गतिविधि मौखिक परम्पराबाट विकसित भएको पाइन्छ । बाग्दल डाँगीको **भोटको सवाइ**, मनोरथ पाध्या दाहालको **तीर्थावली** (ईश्वरीय भजन), सुकदेव भट्टराईका मौखिक भजन, गोपाल लम्जेलको **श्रीमद्‌भावगवत गीता** (अनुवाद), मेदनीप्रसाद उप्रेती ईश्वरीय आस्थाका लेख रचनाबाट सुरु भएको तेरथुम जिल्लाको साहित्यिक गतिविधि २००७ सालभन्दा पछाडि मात्र विकसित भएको पाइन्छ । २०१० सालमा काजीमान कन्दङ्वाको **आठ कथा** (कथा सङग्रह, २०१०) र पदमप्रसाद उप्रेतीको **नेपालको दीपक** (कविता, **भारती**, जेष्ठ २०१०) जस्ता रचनाहरू प्रकाशित भएपछि मात्र तेरथुम जिल्लाको साहित्यिक गतिविधिमा केही तीव्रता आएको पाइन्छ ।

यस्तै तेरथुम जिल्लाको साहित्यिक गतिविधिलाई तीव्र पार्ने काम त्यहाँबाट प्रकाशित हुने पत्रपत्रिकाले पनि गरेको देखिन्छ । तेरथुम जिल्लाबाट २०१७ सालमा प्रथमपटक कमलादेवी शर्माको सम्पादनमा **प्रयास** पत्रिका वीरेन्द्र इन्टर कलेज चुहानडाँडाबाट प्रकाशित भएपछि तेरथुमे साहित्यिक गतिविधि  फस्टाएको देखिन्छ । यस जिल्लाको साहित्यिक गतिविधिमा तीव्रता दिने प्रमुख पत्रिकाहरूमा **प्रयास, प्रतिबिम्ब, समसुधा, प्रोत्साहन, मगज, कुम्भकर्ण, गुम्बज, प्रणयन, मुन्धुम, लाफुन, जुझारु, इक्सा, आँधिबेहरी, पुष्पाञ्जलि** आदि प्रमुख रूपमा रहेका देखिन्छन् ।

तेरथुम जिल्लाको साहित्यिक गतिविधिलाई यो स्थितिसम्म ल्याउनुमा यहाँका विभिन्न संघसस्थाले उत्तिकै महत्वपूर्ण योगदान गरेका छन् । त्यस्ता प्रमुख संस्थाहरूमा वीरेन्द्र इन्टर कलेज
(हाल तेरथुम क्याम्पस), साहित्य सङ्गम आठराई,श्री त्रिमोहन मा.वि., श्री सिंहवाहिनी मा.वि. प्रमुख रहेका छन् । वीरेन्द्र इन्टर कजेल (तेरथुम क्याम्पस) चुहानडाँडामा प्रथमपटक क्याम्पस प्रमुख भएर आएका राजनारायण प्रधानले **प्रयास**  (२०१७) पत्रिका निकाल्न ठूलो भूमिका खेले । त्यस्तै वामदेव पहाडी २०२२/०२३ सालमा क्याम्पस प्रमुख भएर आएको बेला उनले **प्रतिबिम्ब** पत्रिका निकाले । यसप्रकार तेरथुमको साहित्यिक गतिविधिमा तीव्रता ल्याउने कार्यमा जति तेरथुमभित्रका साहित्य अनुरागीहरूको भूमिका छ त्यतिनै जिल्लाबाहिरबाट आएका साहित्य अनुरागीहरूको पनि योगदान
छ । तेरथुमको साहित्यिक गतिविधिमा शिक्षण पेसामा संलग्न भएका बल्लभमणि दाहाल, छविरमण

शर्मा, गणेशबहादुर प्रसाईं, भानुभक्त पोखरेल, पूर्णानन्द शर्मा, जगदीश थापा, नरेश शाक्य, तेजप्रसाद सिटौला, गङ्गाप्रसाद उप्रेती, खगेन्द्र सङ्ग्रौला, मोहन सिटौला, सूर्य कन्दङ्वा, डिल्लीप्रसाद सिटौलाजस्ता साहित्यिक अनुरागीको जमघटमा २०२३ साल भाद्र २६ गते साहित्य सङ्गम आठराईको जन्म भयो । यस संस्थाले जिल्लाव्यापी साहित्य गोष्ठी, वाद-विवाद, प्रवचन र हाजिरीजवाफजस्ता रचनात्मक कार्य गर्नुका साथै स्थापना कालमै दुई अंङ्कसम्म **सङ्गम सुधा** पत्रिका प्रकाशन गर्न सक्षम भयो । यस पत्रिकामार्फत साहित्य लेखनतर्फ लाग्न हौसला प्रदान गर्ने काम गऱ्यो । त्यस्तै लामो समयको अन्तरालपछि पुनर्गठित **साहित्य सङ्गम आठराईको** तेस्रो अङ्क पनि उमानाथ काफ्ले, डिल्लीराम ढुङ्गेल र सोमनाथ गौतमसमेतको मुख्य सम्पादकत्वमा २०६० सालमा प्रकाशित भइसकेको देखिन्छ । यस्तै विविध कार्य गरी तेरथुम जिल्लाको साहित्यिक गतिविधिमा महत्त्वपूर्ण योगदान गर्ने प्रमुख संस्थाको रूपमा यसले परिचित हुने अवसर पायो ।

यसभन्दा पछाडि राजनीतिक खिचातानीले गर्दा साहित्यिक चहलपहल त्यति भएको पाइँदैन । पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय प्रजातन्त्रको पुर्नस्थापनासँगै धेरै पत्र-पत्रिका प्रकाशित हुने अवसरको सिर्जना भएकाले पुनः तेरथुम जिल्लाको साहित्यिक गतिविधिमा केही चहलपहल देखिएको छ । यसै सन्दर्भमा २०६२ सालमा आएर **नव किरण साहित्य समाज** भन्ने अर्को संस्थाको स्थापना आठराईमा भएको छ । यस संस्थाले २०६२ असोज १ र २ गते सङ्क्रान्ती बजारमा बृहत् साहित्य गोष्ठी गरेको थियो ।

तेरथुम जिल्लाको साहित्यिक गतिविधिमा उतारचढाव ल्याउने प्रमुख तत्व राजनीतिक खिचातानी हो । यही खिचातानीका कारण तेरथुमे साहित्यिक गतिविधिले नियमित रूपमा सुचारु हुने अवसर अहिलेसम्म निर्धक्क रूपमा प्रस्तुत हुन पाएको छैन् । तेरथुम जिल्ला शिक्षामा अग्रपङ्क्तिमा रहेको जिल्ला हुनाले तिनै शैक्षिक वातावरणमा तेरथुम जिल्लाको साहित्यिक गतिविधिले फस्टाउने मौका पाएको देखिन्छ । जब २००३ सालमा त्रिमोहन मा.वि. को स्थापना, २००४ सालमा श्री सिंहवाहिनी मा.वि. र श्री शारदा मा.वि. को स्थापना सँगसगै साहित्यिक गतिविधिले फस्टाउने अवसर पायो । २०१७ सालमा तेरथुम जिल्लाकै प्रथम सरकारी क्याम्पस श्री वीरेन्द्र इन्टर कलेजको स्थापना भयो । यसले तेरथुम जिल्लाकै इतिहासमा धेरै नवीन कार्यहरू गरेको देखिन्छ यसैको पहलले गर्दा तेरथुमे साहित्य यो स्थितिसम्म आएको हो भन्दा कुनै अत्युक्ति हुनेछैन । यसप्रकार एक शब्दमा के भन्न सकिन्छ भने साउनको खहरे खोला जस्तै भएर चलेको छ ।

“कवि टी.एन्. आचार्यद्वारा लिखित **झ्याउरे कोराई तेरथुमको हेराई**”[द्ध] शीर्षकको कविताबाट तेरथुम जिल्लालाई समग्र रूपमा चिनाउने प्रयास गरेकाले त्यही कवितालाई यसै शोधपत्रको परिशिष्टमा राखिएको छ ।

---

[४] टी.एन् शर्मा, *झ्याउरे कोराई तेह्रथुमको हेराई,* **तीनजुरे,** (वर्ष १२, अक ६, २०५८) पृ. २०–२६ ।

# तेस्रो परिच्छेद
# तेरथुमे पत्रकारिताको परिचय

तेरथुम जिल्लाको पत्रिका प्रकाशनको सुरुवात २०१७ सालदेखि मात्र भएको पाइन्छ । २०१७ सालमा तत्कालीन वीरेन्द्र इन्टर कलेज चुहानडाँडा (हाल तेरथुम क्याम्पस) आठराईबाट प्रधान सम्पादक कमलादेवी शर्मा र प्रकाशक विष्णु सिवाकोटीद्वारा प्रकाशित **प्रयास** पत्रिकाबाट प्रकाशनको प्रारम्भ भएको हो । २०१७ सालदेखि सुरु भएको तेरथुमे पत्रिकाको प्रकाशनको क्रम २०६२ सालसम्म आइपुग्दा झन्डै छ दर्जन पत्रिकाको प्रकाशन भएको देखिन्छ । यसलाई तालिका मार्फत पत्रिकाको नाम, सम्पादकको नाम, प्रकाशकको नाम, प्रकाशन वर्ष र थप जानकारीअन्तर्गत प्रकाशित अङ्कको समेत जानकारी दिइएको छ । हालसम्म प्रकाशन भएका तेरथुमे पत्रिकाहरू निम्नानुसार रहेका छन् :-

| क्र. सं. | पत्रिकाको नाम | सम्पादक | प्रकाशक | प्रकाशन वर्ष | थप जानकारी |
|---|---|---|---|---|---|
| १ | प्रयास | कमलादेवी शर्मा | विष्णु सिवाकोटी,चुहानडाँडा | २०१७ | पहिलो अङ्क मात्र |
| २ | प्रोत्साहन | श्री त्रि.मोहन मा.वि. | श्री त्रिमोहन मा.वि, सक्रान्ति | २०१९ | छ अङ्क मात्र |
| ३ | मगज | श्री सिंहबाहीनी मा.वि. | श्री सिंहवाहिनी मा.वि.म्याङ्लुङ्ग | २०२२ | पहिलो अङ्क मात्र |
| ४ | प्रतिबिम्ब | खगेन्द्र सङग्रौला<br>भानुभक्त पोखरेल | वामदेव पहाडी<br>पुष्पलाल विष्ट र अन्य,चुहानडाँडा | २०२३<br>२०२५ | दुई अङ्क मात्र |
| ५ | सङ्गम सुधा | भानुभक्त पोखेल | साहित्य सङ्गम, आठराई | २०२४ | तीन अङ्क मात्र |
| ६ | कुम्भकर्ण | सांस्कृतिक परिषद्, छातेढुङ्गा | पोखरी मा.वि. छातेढुङ्गा | २०२६ | पहिलो अङ्क मात्र |
| ७ | तीनजुरे | जगदीश श्रेष्ठ | जिल्ला पञ्चायत तेरथुम | २०२७ | पहिलो अङ्क मात्र |
| ८ | किसान बुलेटिन | तेजमान तुम्बाहाम्फे | किसान सङ्गठन | २०२८ | पहिलो अङ्क मात्र |
| ९ | पुस्तकालय | म्याङ्लुङ पञ्चायत | म्याङ्लुङ पञ्चायत | २०२८ | पहिलो अङ्क मात्र |
| १० | रत्नज्योति | रत्नजुनियर हाइस्कुल | रत्न जुनियर हाइस्कुल,सोल्मा | २०२९ | भित्तेपत्रिका |
| ११ | प्रकाश | शिक्षा शाखा, म्याङ्लुङ | जिल्ला शिक्षा शाखा, तेरथुम | २०३३ | तीनअङ्क मात्र |
| १२ | कोसिस | शङ्कर मा.वि. जलजले | शङ्कर मा.वि. जलजले | २०३३ | पहिलो अङ्क मात्र |
| १३ | शिक्षक बोल्छ | शिक्षक सँगठन, तेरथुम | शिक्षक सङ्गठन तेरथुम | २०४० | पहिलो अङ्क मात्र |
| १४ | तीनजुरे | युवराज शर्मा | युवराज शर्मा | २०४६ | आठौं अङ्क निरन्तर |
| १५ | नवकिरण | सुनिल तुम्बाहाम्फे | सुनिल तुम्बाहाम्फे, म्याङ्लुङ्ग | २०५० | समाचारमूलक, पाक्षिक |
| १६ | तेरथुम विकास गतिविधि | पियुष कायस्थ र टीका पराजुली | जिल्ला विकास समिति तेरथुम | २०५४ | पहिलो अङ्क मात्र |
| १७ | खोजतलास | ज्योति अधिकारी | खोजतलास साप्ताहिक,म्याङ्लुङ्ग | २०५४ | समाचारमूलक |

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | नौलो सन्दर्भ | भगवानमान श्रेष्ठ | भगवानमान श्रेष्ठ,म्याङ्लुङ्ग | २०५५ | समाचारमूलक |
| १९ | गुम्बज | नीरकुमार सम्बाहाम्फे | तीनजुरे साहित्य प्रतिष्ठान | २०५५ | पहिलो अङ्क मात्र |
| २० | तेरथुम जिल्लाको पार्श्वचित्र ( स्मारिका) | किशोरचन्द्र दुलाल | जिल्ला विकास समिति | २०५६ | पहिलो अङ्क मात्र |
| २१ | मुन्धुम | लीला सिङ्गक | डी.बी. आङ्बुङ,जलजले | २०५६ | पहिलो अङ्क मात्र |
| २२ | लाफुन | डी.बी. आङ्बुङ र लिला सिङ्गक | कि.या.सा.तथा स. मञ्च पोक्लवाङ, औसीबजार | २०५६ | हस्तलिखित हवाई पत्रिका पहिलो अङ्क मात्र |
| २३ | प्रणयन | शैलेन्द्रनारायण मल्लिक, ठाकुर पोखरेल | तेरथुम क्याम्पस इकाइ समिति, चुहानडाँडा | २०५६-२०५९ | दुई अङ्क मात्र |
| २४ | साङ्लाम | देउनारायण सम्बाहाम्फे,दिपक सम्वाहााम्फे हिन्दू मिक्किरात सम्बाहाम्फे | दीपक सम्बाहाम्फे साङ्लाम कोव्याक,तेरथुम आम्बु- २ | २०५६ | पहिलो अङ्क मात्र |
| २५ | पूर्वेली आयाम | लेखनाथ निरौला | नयाँ आयाम सांस्कृतिक समाज,तेरथुम | २०५६ | पहिलो अङ्क मात्र |
| २६ | सुसेली | सुनिता आँसु, लालअन्जान सम्बाहाम्फे | सुनिता आँसु, लालअन्जान सम्बाहाम्फे | २०५७ | दोस्रो अङ्क मात्र |
| २७ | जुझारु | स्व. दिनु तिवारी "प्यासी | तेरथुम क्याम्पस र आठराई साहित्यिक परिवार | २०५७ | भित्तेपत्रिका पहिलो अङ्क मात्र |
| २८ | आठराई कोसेली | गोविन्द दुलाल "प्रतीक्षा' जगदीश भण्डारी | आठराई कोसेली प्रकाशन समूह ,सक्रान्ति | २०५७ | पहिलो अङ्क मात्र |
| २९ | जुनेली युवा | पदम सिङ्गक चन्द्रकला पयाङ्गो | कुमार पयाङ्गो जलजले | २०५७ | दोस्रो अङ्क मात्र |
| ३० | सेम्पाङ (सपना) | लाल अञ्जान सम्बाहाम्फे | सुषमा कन्दङ्वा, थोप्लुङ | २०५७ | भित्तेपत्रिका दोस्रो अङ्क मात्र |
| ३१ | खासेन ( न्याय) | झलक कन्दङ्वा, मीना कन्दङ्वा | जसोदा "असफल' कन्दङ्वा, हात्तिखर्क ४ | २०५७ | भित्तेपत्रिका दोस्रो अङ्क मात्र |
| ३२ | *भ्रजय* | डी.बी. आङ्बोहाङ | डी.बी. आङ्बोहाङ | २०५७ | भित्तेपत्रिका पहिलो अङ्क मात्र |
| ३३ | सिर्जना | विनाश सुब्बा "घायल | कारागार शाखा, तेरथुम | २०५७ | पहिलो अङ्क मात्र |
| ३४ | नव सुसेली | सुनीता आँसु, लालअन्जान सम्बाहाम्फे | लाल अन्जान सम्बाहाम्फे | २०५८ | पहिलो अङ्क मात्र |
| ३५ | इक्सा (पृथ्वी) | नीशा किराँती, आशिष इस्बो "इशारा' | इक्सा प्रकाशन समूह इसिबु | २०५८ | निरन्तर प्रकाशित |
| ३६ | घरआँगन | विष्णु पन्धाक, सन्त फोम्बो | सिर्जना हाङ्स्रोङ | २०५८ | भित्तेपत्रिका दोस्रो अङ्क मात्र |
| ३७ | अमलुङ | मनु याक्थुङ्बा | मनु याक्थुङ्बा | २०५८ | भित्तेपत्रिका दोस्रो अङ्क मात्र |

| | | | | | |
|---|---|---|---|---|---|
| ३८ | निङसाङ (आशा) | निशा किराँती | निशा किराँती | २०५८ | भित्तेपत्रिका दोस्रो अङ्क मात्र |
| ३९ | लाफुन | विपुल सुब्बा, विशाल सुब्बा | सुजन कुरुङ्वाङ, देवेन्द्र कुरुङ्वाङ,जलजले | २०५८ | दोस्रो अङ्क मात्र |
| ४० | आँधीबेहेरी | एकान्तप्रेमी कन्दङ्वा, लालअन्जान सम्बाहाम्फे | एकान्तप्रेमी कन्दङ्वा, लालअन्जान सम्बाहाम्फे, थोक्लुङ | २०५८ | ६ अङ्क मात्र |
| ४१ | पुष्पाञ्जलि | जीना सुब्बा, सीता सुब्बा | आठराई साहित्यिक युवा मञ्च, ईवा ४ | २०५८ | पहिलो अङ्क मात्र प्रकाशित |
| ४२ | सोल्टिनी | सुजन मादेन, हितराम मादेन | नवयुवा साहित्य जमात, दाँगपा ६ | २०५८ | दोस्रो अङ्क मात्र |
| ४३ | हिउँचुली | जानुका 'जलन' सुब्बा | जानुका 'जलन' सुब्बा, सिम्ले ५ | २०५८ | पहिलो अङ्क मात्र |
| ४४ | ह्यातुङ झरना | शङ्कर फोम्बो, दीपक बराल | शङ्कर फोम्बो दीपक बराल, इसिबु ४ | २०५८ | दुई अङ्क मात्र |
| ४५ | नवबिहानी | घनश्याम गौतम | कृष्ण विदुःखी गौतम, म्याङ्लुङ | २०५८ | निरन्तर प्रकाशित |
| ४६ | म्याङ्लुङ स्मारिका | म्याङ्लुङ क्याम्पस | म्याङ्लुङ क्याम्पस | २०५८ | पहिलो अङ्क मात्र |
| ४७ | पाथीभरा | केशव नेपाल | केशव नेपाल | २०५८ | पहिलो अङ्क मात्र |
| ४८ | अर्न्तदृष्टि | गणेश काफ्ले, देवी पन्थी | केसु विरही | २०५८ | चौथो अङ्क मात्र |
| ४९ | नवगाउँले | रवीन्द्र न्यौपाने | धनबहादुर तिम्सिना | २०५८ | पहिलो अङ्क मात्र |
| ५० | खेल शिखर | लालअन्जान सम्बाहाम्फे, जयप्रेम तुम्रोक | प्रेमसागर श्रेष्ठ, थोक्लुङ | २०५९ | दोस्रो अङ्क मात्र |
| ५१ | गाउँले सङ्गालो | प्रेममौसम कन्दङ्वा, डिल्ली चोङ्वाङ | आठराई छातेढुङ्गा किरात नृत्य समूह | २०५९ | पहिलो अङ्क मात्र |
| ५२ | नव वसन्त | एन्तु लिलिस कन्दङ्वा, सन्त अनमोल | चेन्जेलुङ सांस्कृतिक क्लव थोक्लुङ | २०५९ | तेस्रो अङ्क मात्र |
| ५३ | सप्तकोसी | सुन्दरसुशील बुढाथोकी, सूर्यमान, निङ्लेखु | सुमित्रा निङ्लेखु 'सहयात्री' सिम्ले ४ | २०५९ | पहिलो अङ्क मात्र |
| ५४ | नव परिवेश | प्रदीप विष्ट, योगेन्द्र सङ्ग्रौला | प्रदीप विष्ट प्रकाश सङ्ग्रौला | २०५९ | पहिलो अङ्क मात्र |
| ५५ | आन्दोलन | एस्.पी. निङ्लेखु, दिलकुमार सम्बाहाम्फे | लालअन्जान सम्बाहाम्फे, थोक्लुङ | २०५९ | छ अङ्क मात्र |
| ५६ | बहुमुखी | बली तेयुङ | बली तेयुङ | २०५९ | पहिलो अङ्क मात्र |
| ५७ | हाङ्सोलुङ, | सीता 'माचोङ' मादेम्बा | हाङ्सोरुङ परिवार ओयाक्जुङ | २०५९ | भित्तेपत्रिका दोस्रो अङ्क मात्र |
| ५८ | दुई थुँगा फूल | एस्.पी. निङलेफु र दिलकुमार सम्बाहाम्फे | लालअञ्जान सम्वाहाम्फे, सिम्ले | २०५९ | पहिलो अङ्क मात्र |
| ५९ | गोरेटो | मनोज उप्रेती, मित्र सङ्ग्रौला | मनोज उप्रेती, मित्र सङ्ग्रौला | २०५९ | भित्तेपत्रिका दोस्रो अङ्क मात्र |
| ६० | हाम्रो भाषा हाम्रो लिपि | चन्द्र पयाङो | किरात याक्थुङ चुम्लुङ गाउँ शाखा तम्फुला | २०६० | पहिलो अङ्क मात्र |
| ६१ | तेरथुम साप्ताहिक | टङ्क ढुङ्गाना | महेन्द्र काफ्ले | २०६० | समाचारमूलक |

| | | | | | |
|---|---|---|---|---|---|
| ६२ | स्पन्दन | डिल्लीराम विनय | स्पन्दन मासिक परिवार, श्रीजुङ | २०६० | पहिलो अङ्क मात्र |
| ६३ | उज्ज्वलदीप | रुद्रकुमार सम्बाहाम्फे | शेरबहादुर सम्बाहाम्फे, आम्बुङ | २०६० | पहिलो अङ्क मात्र |
| ६४ | गहना | राजकुमार तेयुङ | गहना साहित्य समूह सोल्मा ५ | २०६० | दोस्रो अङ्क मात्र |
| ६५ | ज्वारभाटा | जे.बी. खावाहाङ | चन्द्र आखेवा 'पूर्वेली' कुमार सुब्बा, सुङनाम २ | २०६० | पहिलो अङ्क मात्र |
| ६६ | आशीर्वाद | सुजन मादेन 'सोल्टी' | आशीर्वाद साहित्य समाज, दाँगपा | २०६० | पहिलो अङ्क मात्र |
| ६७ | नयाँकिरण | | | २०६० | |
| ६८ | सेरोफेरो | | दाँगपा | २०६० | |
| ६९ | पालाम | डी.बी. आङ्वुङ | तेरथुमे याक्थुङ विद्यार्थी सङ्गम | २०६० | दोस्रो अङ्क मात्र |
| ७० | ज्योमोलुङ्मा | मोहनसिंह वाईवा | मनबहादुर मोक्तान, पौठाक ५ | २०६१ | दुई अङ्क मात्र |
| ७१ | मनको देउराली | | | २०६१ | |
| ७२ | तम्मोरका सुस्केरा | | | २०६१ | |
| ७३ | थाक्चोलुङ | | दाँगपा | | |
| ७४ | मेनछ्यामको नयन | | श्रीजुङ ८ | | |
| ७५ | कान्छीलुङ | | आम्बुङ ५ | | |
| ७६ | खुल्दुली | | आम्बुङ ५ | | |
| ७७ | नवरस | | थोक्लुङ ६ | | |
| ७८ | मनको आवाज | | खाम्लालुङ ७ | | |
| ७९ | युवा आवाज | | इसिबु ७ | | |
| ८० | सितल छायाँ | | तम्फूला | | |
| ८१ | वन वसन्त | रश्मी रसाइली | रश्मी रसाइली, म्याङ्लुङ | | |
| ८२ | हाम्रो वन हाम्रै लागि | नरेन्द्र थापा 'निर्दोर्षी' | नरेन्द्र थापा 'निर्दोर्षी', सक्रान्तिबजार | २०६२ | चौथो अङ्क निरन्तर |
| ८३ | कोशी किनार | लक्ष्मीप्रसाद उप्रेती, सुरेन्द्र थपलिया र शान्ता कन्दङ्वा | लालीगुराँस कलाकार समूह, ईवा | २०६३ | दोस्रो अङ्क निरन्तर |
| ८४ | सम्झौता | | ओयक्जुङ | | |
| ८५ | लुङमाफुङ | | श्रीजुङ ९ | | |

## ३.१ तेरथुमे प्रमुख साहित्यिक पत्रपत्रिकाहरूको परिचय

तेरथुमे पत्रपत्रिकाको इतिहास हेर्दा यस जिल्लामा धेरै पत्रपत्रिका प्रकाशन भएतापनि साहित्य-कला-संस्कृति जोगाउन सफल प्रमुख साहित्यिक पत्रिकाहरूको परिचय तल दिइन्छ :-

१. **प्रयास**

तेरथुम जिल्लाको प्रथम प्रकाशित पत्रिका **प्रयास** (२०१७) तत्कालीन वीरेन्द्र इन्टर कलेज चुहानडाँडा (हाल तेरथुम क्याम्पस) आठराईबाट प्रकाशित भएको थियो । यस पत्रिकाको प्रधान

सम्पादक कमलादेवी शर्मा र प्रकाशकमा विष्णु सिवाकोटी रहेका थिए । यस पत्रिकाले तेरथुम जिल्लामा पत्रिका प्रकाशन गर्ने ढोका खोलिदिएको थियो । यसमा समसामयिक लेखरचनाहरू प्रकाशित भएका थिए । यो पत्रिका १ अङ्क मात्र प्रकाशित भए पनि तेरथुमे पत्रकारिताको सुरुवात भएकोले यस पत्रिकाको छुट्टै अस्तित्व रहेको छ । यो पत्रिका २०१७ सालमा वीरेन्द्र इण्टर कलेज चुहानडाँडा स्थापनाको अवसरमा प्रकाशित भएको थियो । यो पत्रिका प्रकाशित हुनुमा यस क्याम्पसका प्रथम प्रिन्सिपल राजनारायण प्रधानको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ ।

२ **प्रोत्साहन**

वि.सं. २०१९ सालमा त्रि मोहन मा.वि. सङ्क्रान्तिबजारबाट **प्रोत्साहन** पत्रिका प्रकाशित भएको थियो । यसमा साहित्यिक व्यक्तित्वका रचना प्रकाशन भएका थिए । कथा, कविता, निबन्ध, एकाङ्कीजस्ता विधा समेटेको यो पत्रिका ६ अङ्कसम्म प्रकाशित भएको थाहा पाइए पनि हाल कुनै अङ्क उपलब्ध हुन सकेन ।

३. **मगज**

तेरथुमे साहित्यिक पत्रिकामा अर्को प्रमुख पत्रिका **मगज** (२०२२) हो । यो श्री सिंहवाहिनी मा.वि. म्याङ्लुङबाट प्रकाशित भएको थियो । यो १ अङ्कसम्म मात्र प्रकाशित भएर बन्द रहे पनि तेरथुमे साहित्यकारका कृतिलाई यस पत्रिकाले समेटेको थियो ।

४. **प्रतिबिम्ब**

छात्र कल्याण सङ्घ श्री वीरेन्द्र इन्टर कलेज चुहानडाँडाबाट प्रकाशित **प्रतिबिम्ब** पत्रिका २ अङ्कसम्म प्रकाशित भएको थियो । पहिलो अङ्क २०२३ सालमा र दोस्रो अङ्क २०२५ सालमा प्रकाशित उक्त पत्रिकालाई तत्कालीन राजा श्री ५ महेन्द्रबाट पनि शुभकामना बक्स गरेको कुरा उक्त पत्रिकामा उल्लेख छ । यसको प्रथम अङ्कको सम्पादकमा खगेन्द्र सङ्ग्रौला र प्रकाशक वामदेव पहाडी रहेका थिए भने दोस्रो अङ्कको सम्पादकमा भानुभक्त पोखरेल र सम्पादकहरू पुष्पलाल विष्ट, जनार्दन सिटौला, नरेन्द्रकुमार कन्दङ्वा, विष्णुप्रसाद गौतम साथै व्यवस्थापकहरूमा स्व. खगेन्द्रप्रसाद थपलिया, युवराज विमली र शिवकुमार भट्टराई थिए । उक्त पत्रिका पुस्तककार रूपमा रहेको थियो । यो उच्च स्तरीय पत्रिका हो भन्ने कुरामा तत्कालीन राजा स्व. श्री ५ महेन्द्रको शुभकामना बक्स भएबाट सिद्ध हुन्छ । यसमा समसामयिक लेखरचना प्रकाशित भएका थिए । यसमा प्रमुख सक्रियता वामदेव पहाडी (तत्कालीन वीरेन्द्र इन्टर कलेजका प्रिन्सिपल) को रहेको थियो ।

५. **सङ्गम-सुधा**

माता/पिता :
शिक्षा : एस.एल.सी.
पेसा : कृषि
सम्प्रति : विराटनगर, मोरङ
प्रथम प्रकाशित रचना : **नयाँ स्वयम्बर** (उपन्यास, २०२४)
प्रकाशित कृति : **नयाँ स्वयम्बर** (२०२४)
: **पहिलो भेट** (२०२५)

### २. पुण्य निरौला

प्रकाशित कृति : **तकदीर** (२०४२), **पार्वती** (२०४३), **अस्थिपञ्जर** (२०४३), **सच्चा प्रेम** (२०४४)

### ३. डा. पेशल दाहाल

जन्म र जन्मस्थान : २००९ साल फाक्चामारा (छथर)
माता/पिता :
शिक्षा : एम्.ए.(इतिहास संस्कृति ) विद्यावारिधि (इतिहास र संस्कृति)
पेसा : प्राध्यापन (त्रि.वि. (इतिहास तथा संस्कृति विभाग)
सम्प्रति : बालकुमारी, काठमाडौँ
प्रथम प्रकाशित रचना : **रहस्यमय मेनेजर** (उपन्यास, २०२९)
प्रकाशित कृति : **रहस्यमय मेनेजर** (२०२९)

४. **हरिभक्त बुढाथोकी**

प्रकाशित कृति : **सन्तान** (२०२४), **आमाको उपहार** (२०२९), **वहुरूपी साधु** (२०३०) **मनसराको चिहान** (२०३८), , **आरतीका आँसु** (२०३९)

## २.७ भाषा-व्याकरण

तेरथुम जिल्लामा बस्ने धेरै साहित्यकारहरूको भाषाव्याकरण विधामा कलम चलेको देखिन्छ । भाषाव्याकरण विधामा कलम चलाउने प्रमुख तेरथुमे भाषाव्याकरणकारहरूको परिचय तल दिइएको छः

१. **काजीमान कन्दङ्वा**

प्रकाशित कृति : **याक्थुङ् खेदा** (उखान सङग्रह, २०१०), **याक्थुङ इङसुङ** (शब्दकोष, २०११), **याक्थुङसेवा खेदा** (उखान टुक्कासङग्रह, २०२०), **आठपहरिया राई जातिको दिनचर्या** (२०५०),**नेपाली जनसाहित्य**, (लिम्बू भाषा र संस्कृतिमा जोड दिएर लेखिएका लेखरचना प्रकाशित)

२. **डा. खगेन्द्रप्रसाद लुइटेल**

प्रकाशित कृति : **ध्वनिविज्ञान र वर्णविज्ञान** (२०५३), **नेपाली प्रकृति प्रत्ययकोश** (२०५३), **नेपाली बृहत शब्दकोश**, संशोधन- परिमार्जन ( २०५३), **कोशविज्ञान** (२०५९), **पहरी भाषा संस्कृति** (२०५९), **नेपाली भाषाव्याकरण र नाटक** (२०६०), **आधुनिक भाषाविज्ञान** (२०६०)

३. **चूडामणि गौतम**

प्रकाशित कृति : Higher Level English Grammer composition and pronounciation (2037), राम्रो अङ्ग्रेजी बोलचाल अभ्यास (2057), Gautam's UPTO - Date Nepali English Dictionary (2058), Gautam's Concise English Dictionary English- English-Nepali (2060),**राम्रो नेपाली व्याकरण** ( २०६२)

४. **डिल्लीराम ढुङ्गेल**

जन्म र जन्मस्थान : २०२९ फाल्गुन ५ गते सङ्क्रान्तिबजार -८, त्याम्मेरुङ

माता/पिता : राममाया ढुंगेल/तुलसीराम ढुंगेल

शिक्षा : एम्.ए.(नेपाली)

पेसा : प्राध्यापन (जनमैत्री क्याम्पस)

सम्प्रति : काठमाडौँ

प्रथम प्रकाशित रचना : **अनिवार्य नेपाली** (प्रमाणपत्र तह, सह-सम्पादन, २०६०)

प्रकाशित कृति : **अनिवार्य नेपाली** (प्रमाणपत्र तह, २०६०)

**५. दावा शेर्पा सलका**

जन्म र जन्मस्थान : २०१८ साल श्रीजुङ

माता/ पिता :

शिक्षा : एम्. एड्. (नेपाली)

| | | |
|---|---|---|
| पेसा | : | प्राध्यापन (महेन्द्ररत्न क्याम्पस, ताहाचल, काठमाडौँ) |
| सम्प्रति | : | काठमाडौँ |
| प्रथम प्रकाशित रचना | : | **शेर्पा भाषा एक अध्ययन** (पुस्तक, २०५९) |
| प्रकाशित कृति | : | **शेर्पा भाषा एक अध्ययन** (२०५९) |

**६. लीला लुइटेल**

| | | |
|---|---|---|
| प्रकाशित कृतिहरू | : | **नेपाली भाषामा द्विरुक्ति** (२०५१), **नेपाली प्रकृतिप्रत्यय कोश**, (२०५३) |

# आठौं परिच्छेद

## विधागत योगदान

नेपाली साहित्यका कविता, कथा, निबन्ध, समालोचना, नाटक, उपन्यास, भाषा व्याकरणजस्ता साहित्यिक विधामा तेरथुमे साहित्यकारकाहरूको कलम चलेको पाइन्छ । तेरथुमे साहित्यकारहरूका यस्ता प्रकाशित कृतिलाई विधागत रूपमा वर्गीकरण गर्दै यस परिच्छेदमा कृतिको सामान्य विश्लेषण गरिएको छ । तेरथुमे साहित्यकारका प्रकाशित कृतिलाई साहित्यका विभिन्न विधागत रूपमा छुट्याई कालक्रमका आधारमा राखेर अध्ययन गरिएको छ । तेरथुमे साहित्यकारहरूको परिचय र विश्लेषण गर्दा पुस्तकाकार कृति प्रकाशन भएका साहित्यकारहरूलाई मात्र समेट्ने प्रयास गरिए तापनि कतिपय विधामा फुटकर रूपमै तेरथुमे साहित्यकार सीमित रहे पनि अर्को विधामा विशिष्टता प्राप्त गरेका केही साहित्यकारहरूलाई यसमा समेटिएको छ । तेरथुमे साहित्यकारको विधागत योगदान देहायबमोजिम रहेको छ-

### ८.१ कविता

तेरथुम जिल्लामा कविताको निरन्तर यात्रा २०१० सालपछि मात्र भएको हो । यसभन्दा अगाडि मौखिक परम्परामा आधारित रहेको तेरथुमे साहित्यिक यात्रा प्रजातन्त्रको स्थापनापश्चात मात्र लिखित र प्रकाशनमा आएको हो । यसरी मौखिक परम्परामा कविता रचना गर्ने व्यक्तिहरूमा मनोरथपाध्या दाहाल (१९४२-२००२ तिर), सुकदेव भट्टराई र बाग्दल डाँगी हुन् भन्ने चर्चा गरे तापनि आधिकारिक प्रमाण नपाइएकोले प्रकाशनका हिसाबले हेर्दा तेरथुम जिल्लाको प्रथम कविता प्रकाशन गर्ने कवि पदमप्रसाद उप्रेती (१९८६) हुन् । यिनको २०१० सालमा ‘नेपालको दीपक’ ( कविता, **भारती** जेठ, २०१०) प्रकाशित भएको थियो । यसरी २०१० साल देखि सुरुभएको तेरथुमे कवितायात्रा २०६२ सालसम्म आइपुग्दा यस जिल्लाले धेरै साहित्यकारहरूलाई जन्माउन सफल भएको छ । यो ६ दशकको अवधिमा कविताविधामा कलम चलाउने तेरथुमे कविहरूका कृतिको परिचय र प्रवृत्ति निम्नानुसार रहेको छ-

#### (१) पदमप्रसाद उप्रेती (१९८६)

दार्जिलिङबाट निस्कने **भारती** पत्रिकाबाट आफ्नो कविता यात्रा थालनी गर्ने "पदमप्रसाद उप्रेतीको ‘नेपालको दीपक’ (कविता, **भारती** जेठ, २०१०) तेरथुमे साहित्यकारको प्रथम प्रकाशित कविता हो ।"[ट] यस "कवितामा आदिकवि भानुभक्तको भाषा, जाति र साहित्य प्रेमको प्रसङ्ग गाँसिएको छ ।"[ठ] उनका ‘मगज’ (**भारती**, माघ, २०१०), ‘जीवनयात्रा’ (**हिमालको काखबाट**, २०१२), ‘प्रेमको ज्वालामा’ ( **अञ्जली,** २०१३), ‘लगनगाँठो’ (**प्रयास,** २०१७), ‘प्रिय’ (**रूपरेखा,** २०२०), ‘मेरो सपना विपना’ (**प्रतिविम्ब**, २०२३), जस्ता आधा दर्जनभन्दा बढी फुटकर कविताहरू प्रकाशन भए पनि सङ्ग्रहको रूपमा कुनै कृति प्रकाशन भएको छैन । उनका फुटकर कवितामा अभिजात वर्ग र निम्न वर्गका बीच प्रेममा देखिने स्वार्थको खाडलको चित्रण गर्दै प्रेमको रूपलाई विभिन्न दृष्टिकोणबाट हेर्ने प्रयास गरिएका छन् । सरल र सहज भाषाशैलीमा लेखिएका उनका

---

६ रविमान लम्जेल, **कोसी अञ्चलको साहित्यिक इतिहास**, (नेपालः रत्नमाया दलित साहित्य संरक्षण समिति २०५०), पृ २३

७ ऐजन ।

कविताले ईश्वर भक्ति र पौराणिक कथावस्तुको आधारमा सिर्जना गर्ने परम्परालाई त्यागेर मौलिक विषयवस्तुको माध्यमबाट भाव-अभिव्यक्ति गर्ने परम्परा बसालेका छन् ।

## २. स्व. गङ्गा ढुङ्गाना (१९७९-२०५८)

२०१३ सालदेखि कविता फाँटमा कलम चलाउने "कवि गङ्गा ढुङ्गानाको प्रथम प्रकाशित कविता 'पल्लो किराँतको आँसु'(कविता **नौलो पाइलो,** २०१३) हो ।"[८] उनको एउटामात्र **मुस्किल** (२०५४) कवितासङ्ग्रह प्रकाशित भएको छ । यस कवितासङ्ग्रह भित्र ५६ वटा कविता समावेश भएका छन् । उक्त कवितसङ्ग्रहमार्फत पुराना कुरालाई सम्मान गर्नुपर्ने र आधुनिक फेसनका रूपमा नेपाली संस्कृति र परम्परालाई बिर्सन नहुने कुराको सङ्केत गरेका छन् । मिठा-मिठा आश्वासन र सुन्दर सपना देखाएर जनताको सहयोगमा पञ्चायत ढाल्ने वर्तमान सत्तासिन र प्रतिपक्षमा बसेका राजनीतिक दलको क्रियाकलापमा पञ्चायतकालभन्दा यस बहुदलीय व्यवस्थामा पनि कुनै परिवर्तन नभएकोमा व्यङ्ग्यात्मक रूपमा आक्रोस पोखिएको छ । सरल र सहज भाषाशैलीमा आफूले देखे भोगेका अनुभूतिलाई कविताको विषयवस्तु वनाउदै विकृति र विसङ्गतीको चिरफार गर्नु कवि ढुङ्गानाको प्रवृत्तिगत विशेषता हो । विकृति र विसङ्गतिविरुद्ध दन्केको ज्वाला नै मुस्किल कवितासङ्ग्रहभित्रको सार तत्त्व हो भनेर एक शब्दमा भन्दा अत्युक्ति हुने छैन ।

## ३. डा. अभि सुवेदी (२००२)

नेपाली साहित्यका बहुमुखी प्रतिभाका धनी व्यक्तित्व "कवि अभि सुवेदी 'नानी रोयो' (**नौलो पाइलो,** २०१३) कविता मार्फत साहित्य फाँटमा देखा परेका हुन् ।"[९] उनको हालसम्म **शब्द र चोट** कवितासङ्ग्रह (२०५४) प्रकाशित भएको छ । कवि सुवेदी दैनिक जीवनका वार्तालाप र सुख-दुःखका क्षणहरू बिताउने क्रमलाई कविताको विषयवस्तु बनाउदै सामाजिक प्रस्तुतिमा विश्वव्यापी यथार्थ अनुभूतिको सजीवता दिन सक्षम छन् । कवि सुवेदीका कवितामा "समाज, प्रेम, राजनैतिक, आर्थिक अवस्थाप्रतिको अनुभूतिलाई कविताको विषय बनाएका छन् । वर्तमान मान्छेले भोग्नु परेका हत्या, हिंसा, पीडा, छटपटी आदिलाई आफ्नो कविताको विषय बनाउने सुवेदीले आधुनिक सहरमा भौतिक शरीरको भीड लागे पनि मान्छेले मानवीय व्यवहार नगरेको प्रति तीव्र व्यङ्ग्य प्रहार गरेका छन् ।"[१०] ठूलो विषय, जटिल भाषा र बिम्बको प्रयोग नगरी सरल र सहज भाषाशैलीमा ग्रामीण जनजीवनमा घट्ने युद्ध, हिंसा, पीडा र यातनाजस्ता मानव जीवनसँग सम्बन्ध राख्ने विषयवस्तुसँग सम्बन्धित छन् । कवि सुवेदी मानव जीवनका विरोधी स्वरलाई बिडम्वनाका माध्यमबाट नभई सरल माध्यमबाट कवितामा प्रस्तुत हुने गर्दछन् ।

## ४. स्व. पुण्यप्रसाद सुवेदी (१९९२-२०४२)

"२०१३/१४ सालतिर कविता कथा निबन्ध र समालोचना लेखन प्रारम्भ गरेका स्व. पुण्यप्रसाद सुवेदी संगिनी लेख (**डाँफेचरी,** ४:१, २०१४) लिएर नेपाली साहित्यमा देखा परेका भए पनि विधागत रूपमा 'दलमुखी' ( कथा, **मगज**, २०१५) लिएर देखापरेका हुन्।" [११] उनको **पुण्य प्रसाद सुवेदीका कविता** (२०६१) कवितासङ्ग्रह प्रकाशित भएको छ । कवि आफुले देखेका, भोगेका अनुभवहरूलाई कविताको विषयवस्तु बनाउँदै चेतनाका स्वरहरू फैलाउन सक्षम देखिन्छन् । "कवि

---

[८] मुस्किल कवितासङ्ग्रहको भूमिकाबाट ।

[९] अभि सुवेदीबाट प्राप्त जानकारी ।

[१०] नारायणकुमारी अधिकारी, **समालोचक अभि सुवेदी**, (एम्.ए. अप्रकाशित शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०६३), पृ. ११ ।

[११] देवी सुवेदी, *कवि पुण्यप्रसाद सुवेदी र उनको काव्य प्रवृति,* **पुण्यप्रसाद सुवेदी स्मृति ग्रन्थ,** (मोरङ : पुण्यप्रसाद स्मृति समिति, २०६१) पृ.११० ।

सुवेदीले समसामयिक समस्या र जटिलताको भावभूमिलाई अनुभूतिले रङ्ग्याएर कल्पनामा दौडाएर सम्प्रेषणीय रूपमा कवितामा प्रस्तुत नौलो आयाम दिन सक्नु उनको काव्य वैशिट्य रहेको भन्नु उत्युक्ति हुने छैन ।"[१२] सरल र सहज भाषाशैलीमा लघु र लघुत्तम रचनामार्फत आफ्नो मातृभूमि र आफू जन्मेको ठाउँको चित्रण गर्नुका साथै विकृति विस·ति विरूद्धको ठाडो विरोध कवितामार्फत गरेका छन् । सरल र सहजभाषाशैलीमा चित्ताकर्षक, हृदयस्पर्शी र मार्मिक अभिव्यक्तिका साथै नवीन सौन्दर्यको कलात्मक जीवनदृष्टि दिन सक्नु नै कवि सुवेदीको निजी वैशिष्ट्य हो ।

### ५. हरिभक्त बुढाथोकी (१९९७)

नेपाली साहित्यमा **वसन्त-कोपिला** (नाटक, २०१७) मार्फत देखापर्ने कवि हरिभक्त बुढाथोकीको **हाम्रो देश हाम्रै भविष्य** (२०६२) गीतिसङ्ग्रह प्रकाशित भएको छ । यस सङ्ग्रहमा ६५ वटा गीत र १८ वटा कविता गरी जम्मा ८३ वटा रचना सङ्गृहीत छन् । "यस सङ्ग्रहका सबैजसो कविता तथा गीत शब्दाडम्बरको कृत्रिम जालोबाट मुक्त भई सामान्य बोलीचालीको भाषामा सलल बगेका छन् । यस सङ्ग्रहको सिर्जनधार्मिताको खास वैशिष्ट्य पनि यही हो ।"[१३] कवि हरिभक्त बुढाथोकीका कवितामा गरिबी, अविकास, रोग, भोक, शोक, पीडा, भ्रष्टचार, दुराचार, बुढ्यौलीमा जवानीका संस्मरण, चिन्ता, प्रेम प्रणय, मिलन-विछोडलगायत धार्मिक, सामाजिक विकृति-विस·तिजस्ता विषयलाई कवितामा सरल र सहज भाषामा उतारेका छन् । समसामयिक विषयवस्तुलाई कवितात्मक बान्कीमा ढाल्दै देशप्रेमले ओतप्रोत भएका यिनका कविता हेर्दा यिनी राष्ट्रप्रेमी कवि हुन भन्न सकिन्छ ।

### ६. रोहिणीविलास लुइटेल (१९९८)

२०१८ सालबाट साहित्यसेवामा प्रवेश गर्ने "कवि रोहिणीविलास लुइटेलको प्रथम प्रकाशित रचना ‘शारदा बन्दना’ (कविता, **छात्रप्रवाह**, २०१८) हो ।"[१४] उनका हालसम्म **भूमरी** (२०३६), **मेरो मानस** (२०५०) र **तीनतारा हिमाली** (२०५४) जस्ता कवितासङ्ग्रह प्रकाशित भएका छन् । "छन्दमा सुन्दर भावपूर्ण कविता रचना गर्नु र कविताद्वारा मानिसका सुषुप्त राष्ट्रियता बोध, सामाजिक उद्बोधन, विगतको पुर्ख्यौली, गौरवको पुनरुत्थान, जीवनको शास्वतताको अनुभव र नैतिक नवोन्मेष गराउनु-कवि लुइटेलको मान्यता रहेको छ ।"[१५] उनका कवितामा राष्ट्र चिन्तन, नेपाली जीवनपद्धति, आफ्नोपनप्रति आस्था, सामाजिक भावना, समाजमा संस्कार गर्ने भावना, आध्यात्मिक चेतना, ईश्वरप्रेम, नेपाली जीवनले मानेका पवित्र तीर्थस्थलहरूप्रतिको आस्था, मानवताप्रति विश्वास, सामाजिक विकृति र विस·तिप्रति व्यङ्ग्य, तत्सम् र तद्भव शब्दको समान प्रयोग, प्रकृति सौन्दर्यप्रतिको अनुरागजस्ता विशेषता पाउन सकिन्छ । सरल र सहज भाषाशैलीमा छन्दको सुन्दर प्रयोग गर्दै राष्ट्र र राष्ट्रियताको पक्षमा स्वर उराल्नु कवि लुइटेलको विशेषता हो ।

### ७. यज्ञराज प्रसाई ‘दायल’ (२००३)

प्रगतिवादी धारामा कलम चलाउने "कवि यज्ञराज प्रसाई ‘दायल’ नेपाली साहित्यमा ‘बगरमाथिको लास’ (कविता, **प्रोत्साहन**, २०१९) कवितामार्फत देखापरेका हुन् ।"[१६]

---

[१२] ऐजन, पृ. ११० ।

[१३] खगेन्द्रप्रसाद लुइटेल, *भूमिका,* **हाम्रो देश हाम्रै भविश्य,** हरिभक्त बुढाथोकी (काठमाडौँ : विराज बुढाथोकी, २०६२) ।

[१४] रोहिणीविलास लुइटेलबाट प्राप्त जानकारी ।

[१५] द्रोण पौडेल, *कवि रोहिणीविलास र उनको काव्ययात्रा,* **जुही**, (वर्ष १३, अङ्क २०, २०५०), पृ. ४०-४१ ।

[१६] यज्ञराज प्रसाईबाट प्राप्त जानकारी ।

उनको एउटामात्र **समयान्तर दुर्घटनाहरू** (२०५४) कवितासङ्ग्रह प्रकाशित भएको छ । कवि प्रसाईको कवित्व सरल भइकन पनि गम्भीर देखिन्छ । यिनका कवितामा सामाजिक विकृति र विस॰तिलाई विरोध गर्दै नयाँ समाजको परिवेशको माग गर्दछन् । रूपविन्यासलाई भन्दा प्रगतिवादी चेतनालाई सम्प्रेष्य तुल्याउन उनको कवित्व सशक्त देखिन्छ । प्रायः सबै कविताहरूमा प्रगतिवादी चेतना पाइन्छ । उनका कवितामा नयाँ समाजको नयाँ परिवेशलाई आमन्त्रण गरेका छन् । सरल र सहज रूपमा प्रगतिवादी स्वर उराल्दै परिवर्तित समाजको मुख हेर्न आतुर कवि प्रसाईका कविताहरू क्रान्तिकारी स्वभावका देखिन्छन् ।

## ८. गङ्गाप्रसाद उप्रेती (२००४)

"२०१६ सालमा पोखरी मा.वि.मा आयोजित कविता गोष्ठीमा 'वसन्त' कविता वाचन गरेर साहित्य सेवामा लागेपनि 'आजलाई दुई कविता' (**उषा र रजनी**) (कविता, **रूपरेखा**, २०२१) बाट साहित्यफाँटमा कवि गङ्गाप्रसाद उप्रेती देखापरेका हुन् ।"[१७] कवि उप्रेतीका अन्य प्रकाशित फुटकर कविताहरूमा 'बौलाहा कुकुर सिनो खाने गिद्ध र केटाकेटीहरू' (कविता, **पञ्चामृत**, २०२५) 'डायनोसिसको बेदीतिर घचेडिएको मान्छे' (कविता, **प्रोत्साहन**, २०२२), 'तीन ढुकुर' ( कविता, **मदानी,** २०२६), 'म पसेको यो सहर एउटा अन्योलको गल्छिडो' (कविता, **रूपरेखा**, २०३४), 'नयाँलाई' (कविता, **आदर्श श्री,** २०४३) जस्ता अन्य धेरै कविताहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएपनि सङ्ग्रहका रूपमा आउन सकेका छैनन् । प्रगतिवादी धारामा लेखिएका उनका कविताहरूमा मानिसका जीवनको परिवर्तनको चित्रण गर्दै पाश्चात्य सभ्यता र संस्कृतिले नेपाली जनजीवनमा पारेको प्रभावलाई व्यङ्ग्यात्मक रूपमा चित्रण गरिएका उनका कवितामा जनजीवनका यथार्थतालाई चित्रण गर्दै गरिब, निमुखाले भोग्नुपरेका समस्या र सहरको विकृति र विसङ्गतिलाई कवितामार्फत नङ्ग्याउने प्रयास गरेका छन् । सरल र सहज भाषाशैलीमा प्रगतिवादी कविता सिर्जना गर्नु कवि उप्रेतीको प्रवृत्तिगत विशेषता हो ।

## ९. गोपालप्रसाद सङग्रौला (२००२)

नेपाली साहित्य फाँटमा २०२०को दशकपछि देखापरेका "कवि गोपालप्रसाद सङग्रौलाको 'मेरो देश' (कविता, **आमा पत्रिका**, २०२१) प्रथम प्रकाशित रचना हो ।"[१८] उनका **जनचेतनाका फिलुङ्गाहरू** (२०४८) र **माया** (२०५४) गरी दुई कवितासङ्ग्रह प्रकाशित भएका छन् । उनका कविताहरूमा शहीदहरूको त्याग र बलिदानको मार्मिक चित्रण, महिला समानता, कु-शासकप्रति घृणा, भारतीय विस्तारवादको कठोर भर्त्सना, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वस्तुस्थितिको चित्रण गरिएको पाइन्छ । "प्रगतिवादी नेपाली कविता फाँटमा कवि सङ्ग्रौलाका कविता धारिलो हतियार जस्तै तीखा र स्वतन्त्रता विरोधी शोषकहरूका छातीमा व्यङ्ग्यका भाला रोप्न सक्षम छन् । पञ्चायती कालमा गुम्सिएर बसेका कवि प्रजातन्त्रको उज्यालोमा सँगालो लिएर आउँदा प्रगतिवादी कविता फाँटको ठूलो अभाव पूर्ति गरेका छन् ।"[१९] सरल सहज भाषाशैली भएका उनका कविताहरूले नेपाली जनतामा न्याय, स्वतन्त्रता, समानता र जुझारु एकताको निम्ति एक लाम हुनुपर्ने आवश्यकता बोध गराउन सक्षम हुनुका साथै नेपाल र नेपालीको हितका लागि भरिएका उद्देश्यमूलक र क्रान्तिकारी भाव बोकेका छन् ।

## १०. स्व. द्रोणाचार्य क्षत्री (२००२-२०५०)

---

[१७] गङ्गाप्रसाद उप्रेतीबाट प्राप्त जानकारी ।

[१८] गोपालप्रसाद सङ्ग्रौलाबाट प्राप्त जानकारी ।

[१९] रविमान लम्जेल, **कोशी अञ्चलको साहित्यिक इतिहास**, पूर्ववत्, पृ. २९ ।

२०२२ साल भन्दा अगाडि विद्यार्थी जीवन देखि नै साहित्य र राजनीतिमा प्रवेश गरेका द्रोणाचार्य क्षत्री २०२२ साल देखि झापा बसाइँ गएका हुनाले कवि क्षत्रीका झापाबाट प्रकाशित हुने **सङ्केत, जुही, मोती, पञ्चायत, पञ्चामृत, धारा** पत्रिकामा विभिन्न कविताहरू प्रकाशित भए तापनि "स्व. कवि द्रोणाचार्य क्षत्री औपचारीक रूपमा 'चिताको धुवाँ' (कथा, **प्रयास,** २०१७) बाट साहित्य सेवामा लागेका हुन ।"[२०]सङ्ग्रहका रूपमा कुनै कृति आउन नसके तापनि "यिनका कविताहरूमा असीम देशभक्ति र राष्ट्रिय भावनाका साथै सर्वाहारा अन्तर्राष्ट्रियवाद र श्रमिक वर्गीय चेतनाले ओतप्रोत भएका छन् ।"[२१] कविले कविताका माध्यमबाट प्रत्येक नेपालीले विदेशी वस्तु परित्याग गरी स्वदेशी भावना र स्वदेशी पहिरन अपनाएर देशको अस्मिताको रक्षा गर्न नेपालीहरूलाई आवान् गरेको छन् । आचार्य सशक्त प्रगतिशील कवि हुनाले सामाजिक विस·ति, शोषण, अन्याय, अत्याचारको विरोधमा र दलित पीडितको पक्षमा कलम चलाउनु उनको प्रवृत्तिगत विशेषता हो । उनका कविताहरूमा सरल र सहज भाषाशैलीको प्रयोग हुनुका साथै रूप र अन्तर्वस्तुको विशिष्ट सौन्दर्य संयोजन पाइन्छ ।

## ११. **मोहन सिटौला** (२००२)

२०२० सालपछि कविता फाँटमा देखापर्ने "कवि मोहन सिटौलाको 'ऐजेरु' (कविता, **प्रतिविम्ब**, २०२३) कविताबाट लेखन सुरु गरेका हुन ।"[२२] उनको **अर्को प्रहर** (२०४४) कवितासङ्ग्रह प्रकाशित भएको छ । यस कवितासङ्ग्रहभित्र २१ कविता सङ्गृहित छन् । "जीवन जगतका अनेक विषयवस्तुको आलोचनात्मक अनालोचानात्मक प्रस्तुति गर्दै व्यङ्ग्यात्मक, उपदेशात्मक रूपमा प्रगति र उन्नतिका चाहनाहरू प्रकट गर्ने मानवतावादी कवि मोहन सिटौला स्वान्त सुखाय भावका स्वच्छन्दतावादी कविहरू जस्तै प्रकृति र ईश्वरीय सृष्टिको मन मुग्धकारी स्वरूपमा लालायित र तृप्त हुदै सौन्दर्य बोधमा सानन्द लयालु गायन गरिरहेझै देखिन्छन् । कवि सिटौलाका भावनात्मक विविध क्षणमा कविता आंशिक बहुरूपता देखिए तापनि समुच्चमा उनमा युगीन विस·गति बोध र असन्तुष्टि प्रबल छ र सुन्दर भविष्यको लागि त्यान्द्रो समाएर आशामुखी पनि उनी छन् । त्यसैले यदाकदा प्राकृतिक कोमलतामा उनी सौन्दर्यानुभासको अनुभव पनि गर्छन् ।"[२३] देशप्रेम, ईश्वरभक्ति, मानवतावाद प्रकृतिचित्रण, अस्तित्वको खोजी, साहित्यसम्बन्धी युगीन यथार्थको प्रस्तुति उनका कवितामा प्रस्तुत भएका छन् । वैज्ञानिक यान्त्रिकताले किचिएको मानवताको निरीह चित्र, डोके, ढाक्रे, नाम्ले, पाल, किसान आदि निम्नवर्गीय जनताको व्यथा र वेदना अनि सभ्य सुशिक्षित भनाउँदाहरूको अहम् र आडम्बरको चित्रण विद्रोही स्वरमार्फत उनका कवितामा सरल र सहज भाषाशैलीमा प्रस्तुत भएका छन् ।

## १२. **चूडामणि गौतम** (२०००)

नेपाली साहित्यफाँटमा "कवि चूडामणि गौतम 'जिन्दगीको जाग्राम बस्ने रातमा' (कविता, **सुष्मा**, वर्ष १, अङ्क १, २०२४) कविताबाट देखापरेका हुन् ।"[२४] उनको एउटा मात्रै **आभास** (२०३५) कवितासङ्ग्रह प्रकाशित भएको छ । यस कवितासङ्ग्रहमा लघु र लघुतम प्रकारका जम्मा ३२ वटा कविता स·गृहीत भएका छन् । शहीदको सबैले सम्मान गर्नुपर्ने र शहीदले देखाएको बाटोमा आमनागरिकले हिड्नुपर्ने कुरालाई कवितामार्फत मुखरित गर्दै, दमन,

---

[२०] श्रीमती वेदकी आचार्यबाट प्राप्त जानकारी ।

[२१] गोविन्द भट्ट, *आजको नेपाल र द्रोणचार्यका कविताहरू*, **द्रोणाचार्य स्मृति ग्रन्थ**, (द्रोणचार्य स्मृति समिति, २०५१), पृ. ७१ ।

[२२] मोहन सिटौलाबाट प्राप्त जानकारी ।

[२३] भिक्टर प्रधान, **मधुपर्क,**(वर्ष २०, अङ्क ८, २०४४), पृ. ३९-४० ।

[२४] चूडामणि गौतमबाट प्राप्त जानकारी ।

शोषण, अन्याय, अत्याचारको खुलेर विरोध गरी यसको अन्त्य हुनुपर्ने कुरालाई कवितामार्फत अगाडि सारेका छन् । धनी र गरिब बीचको अन्तर खाडलले निम्त्याएको विकृत समाजको चित्रण कवितामा गर्नुका साथै दाम्पत्य जीवनमा प्रेम क्षण भएको अवस्थालाई चित्रण गर्दै प्रेममा धोका दिएकाहरूलाई रिसको भावना नलिई मित्रताको व्यवहार गर्नुपर्ने र समाजमा रहेका विकृति, विस·तिको विररुद्धमा खुलेर विरोध गर्नुपर्ने जस्ता सन्देश उनका कवितामा मुखरित भएका छन् । विम्ब र प्रतीक मार्फत आफूले आफ्नो जीवनमा भोगेका र देखेका कुरालाई जस्ताको तस्तै उतारेका प्रगतिवादी कवि गौतमका कविताको भाषाशैली सरल सहज नभइ कठोर देखिन्छ ।

## १३. डी.बी. चौहान (२०१०)

प्रगतिवादी धारामा कलम चलाउँदै “कवि डी.बी. चौहान “नयाँ गीत गाउँला” (गीतिकविता, **कुम्भकर्ण**, २०२४) बाट नेपाली साहित्य फाँटमा देखा परेका उनका **परिस्थिति साप्ताहिक, छलफल, परिक्रमा विहानीका किरणहरू, तीनजुरे, तमोर, सुसेली, टुकी** आदि पत्रिकामा विभिन्न रचना प्रकाशित भएका छन् ।”[25] उनको **चेलीको आवाजहरू** (२०५२), **डी.बी. चौहानका कविताहरू** (२०६०) गरी दुई कवितासङ्ग्रह प्रकाशित भएका छन् । उनका कविताहरूमा नारी अन्धकारमा बसेर ढिकी र जाँतो मात्र पिसेर हुँदैन, सबै कार्यमा समान अधिकार लिनका लागि आफै जुर्मुरिएर उठ्ने बेला नारीहरूमा आएको छ र यसका लागि नारीहरूले कम्मर कस्नु पर्दछ भन्ने सन्देश दिएका छन् । उनका कविताहरूले “नेपाली हक हितमा शोषण भएका नारीहरूको आवाज लिएर नारी जागरणको सजीव चित्रण नारीकै आवाजबाट जनमानसमा पुऱ्याउने जमर्को गरेको
 छ ।)”[26] सरल र सहज भाषाशैलीमा कविता रचना गर्ने डी.बी. चौहानका कविताहरूमा देशप्रेमको चित्रण, निम्नवर्गीय स्थितिको चित्रण, नारीहरूको पीरमर्काको चित्रण प्रमुख रूपमा गरिएको छ । कवि चौहान तेरथुमे एक नारीवादी, प्रगतिवादी साहित्यकार हुन् ।

## १४. विश्वविमोहन श्रेष्ठ (२०१३)

नेपाली साहित्य फाँटमा “कवि विश्वबिमोहन श्रेष्ठ ‘दुई मुक्तक’ (कविता, **तीनजुरे,** २०२७) शीर्षक रचनाबाट देखापरेका हुन् ।”[27] कवि विश्वविमोहन श्रेष्ठका **विश्वविमोहन श्रेष्ठका कविताहरू** (२०४४) र **अङ्गारका धमिला धर्साहरू** (२०६२) जस्ता दुईवटा कवितासङ्ग्रह प्रकाशन भएका छन् । “जीवनयात्रामा अनेक अवरोध विध्नवाधा र व्यवधानहरू आइपरे तापनि यात्रालाई निरन्तरता दिएपछि गन्तव्यमा एकदिन अवश्य पुगिन्छ भन्ने आशावादी स्वर मुखरित विश्वविमोहन श्रेष्ठका रचनामा यथार्थ, कल्पना र चिन्हको समिश्रण पाइन्छ ।[28] “यिनका कवितामा सहरिया अमानवीयपन, ग्रामीण प्रकृतिचित्रण, प्रकृतिको मानवीकरण, मानवीय प्रेम प्रणयको अभिव्यन्जना पनि पाइन्छ । विविध सांस्कृतिक सन्दर्भ, जिन्दगीको गतिशीलता, आत्मविश्वास, सिपाहीका दुरावस्था, विश्व शान्तिको कामना आदि विविध विषयवस्तुलाई यिनले कवितात्मक स्वरूप प्रदान गरेका छन् ।”[29] सुन्दर भविष्य निर्माण गर्ने आकाङ्क्षा राखिएका यिनका कवितामा देशप्रेम, राष्ट्रिय अखण्डताको जगेर्ना, पराधीनतामा नभई स्वाधीनतापूर्वक बाँच्न आग्रह गर्नुका साथै जीवन र प्रकृति भन्दा ठूलो केही छैन भन्ने मान्यतालाई अगाडि सारेका छन् । कवि श्रेष्ठले वास्तविक जीवनको खोजी पुस्तकमा नभएर प्रकृतिजगतमा गएर खोज्नु पर्ने कुरालाई कवितामा सङ्केत गर्नुका

[25] डी.वी. चौहानबाट प्राप्त जानकारी ।

[26] गोपालप्रसाद सङ्ग्रौला, भूमिका,**चेलीका आवाजहरू,** डी.बी. चौहान (पाँचथर : श्रीमती बीना चौहान, २०५२), पृ. ८ ।

[27] विश्वविमोहन श्रेष्ठबाट प्राप्त जानकारी ।

[28] डा. खगेन्द्रप्रसाद लुइटेल, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** काठमाडौँः (ने.रा.प्रे.प्र., २०६०) पृ. ३६० ।

[29] ऐजन, पृ. ३६०-३६१ ।

साथै पानीरूपी गतिशील मानव जीवनलाई जेलनेल र बन्दुकका भरमा उसको अधिकार खोस्न नसकिने क्रान्तिकारी भावना व्यक्त गरिएका छन् । उनी यथार्थतालाई काल्पनिकतामा रङ्ग्याएर कविताहरू सिर्जना गरेपनि भाषिक विन्यास, सरल र सुबोध बनाउन सक्षम देखिन्छन् ।

### १५. तोयनाथ भट्टराई (२००८)

नेपाली साहित्यफाँटमा "कवि तोयनाथ भट्टराई 'राष्ट्रप्रति' (कविता, **गोरखापत्र,** २०२९) रचनामार्फत् देखापरेका हुन् ।"[घण] कवि तोयनाथ भट्टराईका **म्याङ्लुङ हाट** (२०४४) **सङ्क्रान्ति** (२०५५) जस्ता दुई कवितासङ्ग्रह प्रकाशित भएका छन् । कवि तोयानाथ भट्टराईका कविताहरूमा जन्मभूमिप्रतिको अगाध स्नेह, असल भविष्यको कल्पना, सामाजिक विस·ति हटाउने तीब्र चाहना, ज्यादतिविरुद्ध आक्रोशको भावना, समाजसेवी तथा मानवतावादी व्यक्तित्वहरूप्रति सम्मान एवं सिर्जनशीलता तथा नेतृत्वशक्तिप्रति अनुरागपूर्ण सम्भावनाहरू मुखरित भएका छन् । सरल र सहज भाषाशैलीमा शहीदप्रति सम्मान गर्दै ग्रामीण जीवनका व्यथा कथालाई कवितात्मक स्वरूप दिएका भट्टराईका कवितामा युगबोधको सङ्केत गर्दै सुन्दर शान्त र समुन्नत राष्ट्र बनाउन सबैजना जुर्मुराएर उठ्नु पर्ने र युद्धमा होमिँदा मारिए शहीद भएर नाम कमाउने अभिलाषा व्यक्त गरिएका छन् । उनले कवितामार्फत उनको जन्मस्थानको परिवेशको चित्रण गर्नुका साथै त्यहाँका गरिब, दुःखी जनतालाई सामन्ती संस्कारको विरुद्धमा उठेर त्यसको अन्त्य गर्न आवान् गर्दछन् । गरिब निमुखाको पक्षमा कलम चलाउने प्रगतिवादी कवि तोयानाथ भट्टराई सामन्ती संस्कारलाई कवितामार्फत जरैदेखि उखेल्न आतुर देखिन्छन् ।

### १६. रविमान लम्जेल (२००८)

नेपाली साहित्य फाँटमा "कवि रविमान लम्जेल 'मेरा पुर्खाहरू' (कविता, **मेची साप्ताहिक**, २०२९) शीर्षक कविताका माध्यमबाट कवितालेखनतर्फ उन्मुख भएका हुन् ।"[घज्ञ] रविमान लम्जेलका **उन्मुक्त आवेगहरू** (२०४८) **सिर्जनाका छालहरू** (२०६०) र **मन भित्रका खुल्दुलीहरू** (२०६२) कवितासँग्रह प्रकाशित भएका छन् । रविमान लम्जेलले आफ्ना कवितामा चुनावमा हुने अनावश्यक खर्च र व्यक्ति किनबेचको चर्चा गर्दै चुनावी ठुटे नेतासँग स्याउको तुलना तथा नेताका चुनावी चिप्ला भाषण र आश्वासन वितरणलाई छेपाराको कथासँग तुलना गरी राष्ट्रिय बजेटको बीचैमा दुरूपयोग हुने परिस्थितिको मार्मिक चित्रण गरेका छन् । यिनका रचनामा अन्धकार नासी उज्यालो ल्याउने आशावादी धारणा, गरिबी एवं अभावग्रस्त ग्रामीण जनजीवनको चित्रण र तिनलाई स्वार्थी लाउकेहरूबाट मुक्त पारी नवनिर्माणको चाहना व्यक्त गरिएको पाइन्छ । देशलाई नयाँ दिशा र किनारा दिई देशको नयाँ भविष्य निर्माण गर्न सङ्घर्षमा उत्रने दृढ सङ्कल्प, साहस र प्रतिबद्धता व्यक्त गरिएका यिनका कवितामा निर्माणर विकासप्रतिको अनुराग अभिव्यञ्जित छ ।"[घद्द] झन्डै तीन दशकको साहित्यिक यात्रा पार गर्ने लम्जेल अत्याचारको अन्त्यको नीम्ति क्रान्तिकारी स्वर घन्काउने प्रगतिवादी कवि हुन् । यिनका कवितामा गरिबका दुर्दिनहरूको चित्रण र तिनीहरूको उज्वल भविष्यप्रति आशावादी दृष्टिकोण प्रस्तुत गरिएको पाइन्छ । गरिबी भोकमरी, गिर्दो र अपहेलित स्वभिमान, थिचोमिचो, मनोमानी, युगीन सामाजिक राजनैतिक जनजीवनमा व्याप्त चाकरी, चाप्लुसी, कुप्रथा, अन्याय, अत्याचार शोषण दमनको विरोध, नारीमुक्तिको आवान जस्ता विशेषता उनका कवितामा भेट्न सकिन्छ । ग्रामीण जनजीवनमा सुहाउने सरल, सहज, सुबोध किसिमबाट वर्णनात्मक एवं विवरणात्मक शैलीमा

---

[३०] तोयनाथ भट्टराईबाट प्राप्त जानकारी ।

[३१] रविमान लम्जेलबाट प्राप्त जानकारी ।

[३२] खगेन्द्रप्रसाद लुइटेल, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, पूर्ववत्, पृ. २६५ ।

छन्दमुक्त ढाँचाको प्रयोगगरी क्रान्तिकारी कविता रचना गर्ने कवि लम्जेल तेरथुमे प्रगतिवादी कवि हुन् ।

## १७. प्रलाद पोखरेल (२०१४)

नेपाली साहित्य फाँटमा “कवि प्रलाद पोखरेलको प्रथम प्रकाशित रचना **वसन्त** (कविता, नेपाल, २०३०) कविता हो ।”[घघ] उनका हालसम्म **आजको आकाश** (२०४२सह), **गीतियात्रा** (२०५१,गीत), **जीवन्तयात्रा** (२०५२), **गोसाइँकुण्ड** (२०५६, यात्राकाव्य), **सारथि** (२०५८)जस्ता काव्यकृतिहरू प्रकाशित भएका छन् । शास्त्रीय छन्द र मुक्त छन्दका कविता स्रष्टा पोखरेलका “कवितामा सहिदहरूको महिमागान, मातृप्रेम, मातृभूमिप्रेम, राष्ट्रप्रेम, नेपाली जाति र माटोको महिमा गान, राष्ट्रिय स्वाभिमानका साथै जागरणको स्वर मुखरित भएको छ । यिनका कवितामा राष्ट्र विकासतर्फ लम्कन आग्रह गर्दै राष्ट्रको वास्तविक उन्न्यन र शान्तिको कामनाको अभिव्ज्जना पाइन्छ ।”[घद्ध] यिनका रचनामा नारीको महिमागान र तिनको दुर्दशाको वर्णन गर्नुका साथै समसामयिक युगीन सन्दर्भका विविध विषयवस्तुलाई टिपेर सौन्दर्यमूलक वर्णन र काल्पनिकता र भावुकता मिश्रित सामाजिकताको आधिक्य पाइए तापनि कतिपय कविताहरू यथार्थका सन्निकट पनि छन् । व्यक्ति, समाज, प्रकृति र राष्ट्रकै परिवृत्तमा कविता लेख्ने पोखरेल यात्रावृत्तान्तलाई आख्यानचूर्णकका साथै काव्यात्मक बान्की दिन पनि सिपालु देखिन्छन् । राजधानी काठमाडौँको दूरावस्था र विशाक्त परिस्थिति वर्णित यिनका कवितामा नवीनता र चैतन्य विकासको उपेक्षा गरिएको छ । अज्ञानता, चोरी डकैतीको चित्रणका साथै यिनले अभाव, गरिबी, अन्याय, शोषण, दमन, उत्पीडन, अस्तित्वहीनता, निरीहपन, विश्वासको सङ्कट, जीवनका पीडा, वेदना, रोदन, आक्रोश आदि अनेक सन्दर्भलाई कविताको विषयवस्तु बनाएर कविता लेख्ने यिनी पछिल्लो समयमा प्रायः छन्देबद्ध कवितालेखनतिर अभिमु देखिन्छन् । कवि प्रल्हाद पोखरेल मूलतः प्रगीतात्मक र अंशतः आख्यानात्मक बान्कीका कविता रचना गर्ने तेरथुमे स्रष्टा हुन् ।

## १८. पुरूषोत्तम सुवेदी (२०११)

२०३० को दशक पछाडि नेपाली साहित्यमा प्रवेश गरेका “कवि पुरुषोत्तम सुवेदीको प्रथम प्रकाशित रचना ‘काठमाडौँ’ (कविता, **मधुविन्दु,** २०३२) हो ।”[घछ] उनका हालसम्म **आतङ्क गन्ध** ( २०४८) र **एक्लो विजेता** (२०५४) गरी दुई कवितासङ्ग्रह प्रकाशित भएका छन् । उनका कवितामा देश र जनताको बारेमा चित्रण गर्दै मानवतावादीलाई व्यङग्य प्रहार गरिएको छ । युद्धमा विजय अवश्य हुने, स्वतन्त्रताका लागि युद्ध गर्नुपर्ने र युद्धमा सत्यको सदैव जीत हुने कुरालाई कवितामा मुखरीत गर्दै देशमा भ्रष्टाचारी बढेर आतङ्क बढेको कुरालाई पनि सङ्केत गरेका छन् । समकालीन यथार्थलाई समात्न वर्तमान समयका विस·तिहरूको क्रुर चिरफार गर्दै देशमा व्याप्त असमानता, अभाव गरिबीको चित्रण सँगसँगै सामाजिक विद्रोहका स्वर यत्रतत्र पोखिएका उनका कविताहरूमा कठोर र ठोस भाषालाई प्रमुखता दिएको छ । वर्णनात्मक र विवरणात्मक दुवै शैली अँगालिएका उनका कविता समसामयिक यथार्थसँग बढी निकट देखिए तापनि कवि सुवेदी प्रगतिवादी विचारधारामा कलम चलाउने तेरथुमे प्रतिभा हुन् ।

## १९. तुङ्ग एन. थपलिया (२००९)

---

[३३] प्रह्लाद पोखरेलबाट प्राप्त जानकारी ।

[३४] डा. खगेन्द्रप्रसाद लुइटेल, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** पूर्ववत् ३६६-६७ ।

[३५] पुरुषोत्तम सुवेदीबाट प्राप्त जानकारी ।

२०३० को दशकदेखि कविता फाँटमा झुल्केका “कवि तु· एन. थपलियाको प्रथम प्रकाशित रचना ‘मेरो निर्जीव मोनालिसा’ (कविता, **कल्पना,** २०३८) हो ।”[घट] उनको **अभिमन्यु पृथ्वीमा फर्केका छन्** (२०४६) कवितासङ्ग्रह प्रकाशित भएको छ । सामाजिक विकृति र विस·तिप्रति कलात्मक व्यङ्ग्यको माध्यमबाट आफ्नो असन्तोष प्रकट गर्दै प्रकृतिको चित्रण, जीवन भोगाईको सजीव चित्रण, संवेदनशील अनुभूतिको प्रकट, निरङ्कुशताप्रतिको तिखो व्यङ्ग्य सामाजिक होची, अर्घेली, आर्थिक दुरीले मान्छे-मान्छे बीचमा पारेको विमुख पर्खालप्रतिको घृणालाई उनका कवितामा समावेश गरिएका छन् । सरल र सहज भाषाशैलीमा कलात्मक ढङ्गले प्रगतिवादी विचारधारामा रहेर व्यङ्ग्य प्रहार गर्नु उनको प्रवृत्तिगत विशेषता हो ।

## १९. विजय सुब्बा (२०१५)

गीत र कवितालाई सँगसँगै लिएर हिड्ने “कवि विजय सुब्बाको प्रथम प्रकाशित रचना ‘हिमाली हावाले’ (गीत, **सङ्गम**, २०३८) र ‘माझी’ (कविता, **यथार्थ**, २०४०) हो ।”[घठ] उनका हालसम्म **वस्तीका सङ्कम सुसेलीहरू** (२०४१), **विजय सुब्बाका गीत र गजलहरू** (२०५७), **अराजक अक्षरहरू** (२०५८) जस्ता तीन सङ्ग्रहहरू प्रकाशित हुनुका साथै **भारी बिसाउँदै** (अडियो क्यासेट, २०५०), **कहीँ झुप्राहरूमा** (अडियो क्यासेट, २०५०),र **हाम्रा स्वरहरू** (अडियो क्यासेट, २०५६), जस्ता गीति क्यासेटहरू पनि प्रकाशित भएका छन् । “मुलतः प्रगतिवादी - सुधारवादी प्रवृत्तिमा केन्द्रित “विजय सुब्बाका कवितामा बलिदानी भावना, आत्मविश्वास, दृढ सङ्कल्प तथा अटुट आस्थाको सशक्त अभिव्यञ्जना पाइन्छ । राष्ट्रिय संस्कृतिमाथि अराष्ट्रिय संस्कृतिको हस्तक्षेपप्रति चिन्ता व्यक्त गरिएका यिनका कवितामा नेपाली जातीय संस्कृतिको सम्मान तथा मौखिक संस्कृतिको जर्गेनाका स्वरहरू मुखरित छन् । मानवीय उकुसमुकुस, राष्ट्रिय, जातीय र वैयक्तिक स्वाभिमान तथा नेपाली जातिका वीरताको महिमागान गरिएका यिनका कवितामा नेपालीको वीरता कायरतामा परिणत हुन थालेकोमा चिन्ता व्यक्त गरिएको छ ।”[घड] जनमानसमा कविता तथा गीत गजल सृजना गर्नु, मुक्त छन्दमा संरचित कविता हुनु, समसामयिक धारामा प्रगतिशील दृष्टिकोण प्रस्तुत हुनु, लयात्मक र स·ीतात्मक गुणले अनुप्राणित हुनु कविको निजी विशेषता भएकाले कवितामा यी गुण यत्रतत्र भेट्न सकिन्छ । सरल र सहज भाषाशैलीमा ग्रामीण जनजीवनका यथार्थ अनुभूतिलाई कवितामा ढाल्दै प्रगतिवादी स्वर उराल्नु कवि सुब्बाको निजी विशेषता हो ।

## २०. हेमन्त श्रेष्ठ (२०१८)

२०३० सालदेखि कविता लेखनतर्फ उन्मुख भएका “कवि हेमन्त श्रेष्ठ ‘नयाँ वर्ष’ (कविता, **मधुगङ्गा**, २०३०) कविताबाट कविता फाँटमा देखा परेका हुन् ।”[घढ] **उनका गीत म कसरी गाऊँ** (२०५५) र **देश भोकाहरूको रोटी होइन** (२०५५) जस्ता दुई कवितासङ्ग्रह प्रकाशित भएका छन् । युगीन यथार्थको प्रकटीकरण गर्ने उद्देश्यद्वारा अभिप्रेरित २०४६ सालपूर्वका हेमन्त श्रेष्ठका कवितामा निरङ्कुशताको अन्त्य र प्रजातन्त्रका नाममा भएका विसङ्गति विकृति र अव्यवस्थाको चित्रण पाइन्छ । यिनका कवितामा अतीतप्रतिको संस्मरण, वर्तमानप्रतिको सजगता र भविष्यप्रतिको आशावादिता अभिव्यञ्जित भएको पाइन्छ । पहिचानविहीन हुन पुगेका मानिसको दयनीय अवस्था, आपसी खिचातानी, लडन्तभिडन्त, मूर्तिचोरी, तस्करी, प्रदूषण, कोलाहल, मानवीय पासविक वृत्ति, मानवीय पीडा, गरिबी, भोकमरी, शैक्षिक विकृति आदि अनेक विषयवस्तुलाई

---

[३६] तुङ्ग एन्. थपलियाबाट प्राप्त जानकारी ।

[३७] विजय सुब्बाबाट प्राप्त जानकारी ।

[३८] डा. खगेन्द्रप्रसाद लुइटेल, **कविता सिद्धान्त र नेपाली कविताको इतिहा;,** पूर्ववत्, पृ. ३८४ ।

[३९] हेमन्त श्रेष्ठबाट प्राप्त जानकारी ।

यिनले कवितात्मक बान्कीमा ढालेका छन् । यिनका कवितामा विकृत राजनैतिक व्यवस्था, कानुन, चुनाव, प्रशासन, घिचुवा जनप्रतिनिधि, जनताको मुकदर्शकता आदिको सुन्दर चित्र खिचिएको छ । यिनका रचनामा शान्त मुलुक अशान्त बन्न पुगको हुँदा शान्तिप्रतिको आग्रह, आशावादिता र विश्वबन्धुत्व पनि अभिव्यक्त भएको छ । यिनका कतिपय कवितामा आफ्नो जन्मस्थान तेरथुम लगायत विभिन्न ठाउँको माध्यमबाट स्थानीयताको दिग्दर्शन प्रस्तुत गर्दै सहरको दुरावस्था र सहरिया विकृति तथा काठमाडौंको अस्तित्वहीनताको प्रस्तुति पनि पाइन्छ ।"[ढण] देशप्रेम, मातृप्रेम, विश्वप्रेमका साथै मानवीय प्रेमका रूपमा रचित यिनका कविता सरल सहज भाषामा रचिएका हुनाले कविता रागात्मक र स◌ीतात्मक बन्न पुगेका छन् ।

## २१. डी. एम. कन्दङ्वा (२०१२)

नेपाली साहित्य फाँटमा "कवि डी.एम्. कन्दङ्वा ‘शुभेच्छा बुकीलाई’ (कविता, **बुकी**, २०४४) कवितामार्फत देखापरेका हुन् । "[ढञ] कवि डी.एम्. कन्दङ्वाको **आवाज र पीडाभित्र बाँचेको जिन्दगी** (२०५२) कवितासङ्ग्रह प्रकाशित भएको छ । यस कवितासङ्ग्रहमा जम्मा २२ वटा कविता र ४ वटा गीत संकलित छन् । समाजका शोषण र अत्याचारको विरुद्धमा आक्रोस र नैराश्यतालाई व्यङ्ग्य प्रहार गर्दै, सरल र सहज भाषाशैलीमा ग्रामीण जनजीवनका विषयवस्तुलाई कवितामा उतार्नु कवि कन्दङ्वाको निजी विशेषता हो । उनका यस कवितासङ्ग्रहमा नाटककारको संवादात्मकता, भावनात्मक कोमलता र स्निग्धता तथा लयात्मक गेयता समेतले कविताको लयात्मक पक्ष प्रवल भए पनि कविताको तरलता कतैकतै निकै व्यक्तिगत हुन पुगेको आभास हुन्छ ।

## २२. उमानाथ भट्टराई ‘अचल’ (२००५)

नेपाली साहित्य फाँटमा "कवि उमानाथ भट्टराई ‘अचल’ ‘मुकुट’ (कविता, **शिक्षक मञ्च**, वर्ष १, अङ्क १, २०४६) लिएर देखापरेका हुन् ।"[ढद] उनका हालसम्म **आमा** (२०५१) र **पाथीभरा** ( २०५३) दुईवटा खण्डकाव्य प्रकाशित भएका छन् भने धेरै लेखरचनाहरू अप्रकाशित अवस्थमा नै रहेका छन् । उनका खण्डकाव्यहरूमा कविले पूर्वीय चिन्तकहरूको काव्यलक्षण अनुसार चार पुरुषार्थमध्ये मोक्षलाई महत्त्व दिई आफ्नो आमाको बैकुण्ठ यात्राको शुभकामना व्यक्त गरेका छन् । काव्यात्मक माध्यमबाट मातृभूमिप्रतिको प्रेमलाई भावनात्मक सन्तुष्टिका लागि मात्र नभएर धर्मसंस्कृति र परम्पराको सम्मानको लागि पनि उनको कलम चलेको देखिन्छ । स्वच्छन्दतावादी धाराका छिटा पर्न गएका र शार्दूलविक्रीडित छन्दमा काव्य रचना गर्ने परम्परालाई निरन्तरता दिएका उनका कविता सरल, सहज भाषाशैलीमा विवेक पूर्ण ढङ्गले प्रस्तुत भएका छन् ।

## २३. सरोज ओली (१८९८)

**विद्रोह र मुक्ति** (२०४७) कवितासङ्ग्रहमार्फत देखापरेका कवि सरोज ओलीका **विद्रोह र मुक्ति** (२०४७), **सरोज ओलीका कविता** (२०५१), **तम्मर नदीका धुन** (२०५२) गरी तीनवटा कवितासङ्ग्रहहरू प्रकाशित भएका छन् । "जीवनको स·ति, विस·ति, धर्म संस्कृति, राजनीति प्रेम, घृणा, मान, अपमान, आस्था, अनास्थाजस्ता विविध पक्षको यथार्थलाई उनले आफ्ना कवितामा उत्तारेको पाइन्छ ।"[ढघ] कवि ओलीको कवित्व सरल पदावलीसँग सम्बन्धित भए पनि भाव

---

[४०] 8f= खगेन्द्रप्रसाद लुइटेल, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** पूर्ववत् , पृ.३७७ ।

[४१] डि.एम. कन्दङ्वाबाट प्राप्त जानकारी ।

[४२] उमानाथ भट्टराईबाट प्राप्त जानकारी ।

[ढघ] नरेन्द्र चापागाई, *सरोज ओलीका कविताको झोली खोली हेर्दा,* **जुही** (वर्ष १२, अङ्क १, २०४९, पुस) पृ ५-१७ ।

चेतनाको गम्भीरता ओगट्न सफल रहेको छ । यिनका गद्यकविता लयात्मक र साङ्गीतिक हुनुका साथै प्रगतिवादी काव्य परिवेशलाई समेट्न सफल रहेका छन् ।

## २४. नीरकुमार तिमुर (२०३२)

२०५० को दशक पछाडि साहित्यफाँटमा देखापरेका "कवि नीरकुमार तिमुरको प्रथम प्रकाशित रचना 'देश फेरी फेरी पाइन्न' (कविता, **श्री सूर्य साप्ताहिक**, २०५१) हो ।"[४४] उनको **हिउँ फुल्ने देशबाट** (२०५१) कवितासङ्ग्रह प्रकाशित भएको छ । साङ्गीतिक लहरमा बस्न सफल उनका कविताहरू अन्याय, अत्याचार अभाव र पीडाहरू चिर्दै हाँसो र खुसी उन्नति र प्रगति आदि पस्कन सक्षम छन् । जड्मानसिकता, यान्त्रिक सोचाइ र दास मनोवृत्तिबाट पृथक रही विज्ञान साहित्य सिर्जिनुपर्छ भन्ने कविको आफ्नो चिन्तनलाई **हिउँ फुल्ने देशबाट** कवितासङ्ग्रह मार्फत मुखरित गरेका छन् । मानव जीवनका व्यथा पीडाहरूलाई सरल भाषाशैलीमा उतार्दै बिकृति र विसङ्गतिका बिरुद्धमा लड्न आवान गर्ने कवि तिमुर तेरथुमे पछिल्ला प्रगतिवादी कवि हुन् ।

## २५. देवेन्द्र 'सुर्केली' (२०३७)

२०५० को दशकमा साहित्यफाँटमा देखापरेका "कवि देवेन्द्र 'सुर्केली' को प्रथम प्रकाशित रचना 'वातावरण' (कविता, **पालुवा भित्ते पत्रिका**, २०५३) कविता हो ।"[४५] उनको **भित्ता बोल्दैन** (२०५९) कवितासङ्ग्रह प्रकाशित भएको छ । कवि सुर्केलीका कवितामा पीडा र पराजयको कुण्ठालाई भावनात्मक संवेदनशीलताले सजिनुका साथै कहीँ फूलभैँ कमलो र कहीँ बज्रभैँ कठोर भएर विद्रोही चिन्तनलाइ मुखारित गराएका छन् । मानवीय महत्वकाङ्क्षा छाडेर आवश्यकताका टट्कारो सवालहरूमा निरन्तर कराए चिच्याए तापनि प्रतिध्वनित आवाजहरू खाली प्रतिगमित हुने वेवास्तापूर्ण प्रकृतिलाई कवितामा चित्रण गरिएका छन् । आफ्नो लगान र श्रमप्रतिको विश्वास र अविश्वासको सञ्चित यो चरणलाई विश्वासद्वारा मात्र कुनै पनि कार्य सम्भव हुन्छ भन्ने कुरालाई देखाउन कवि पहरेदार भएर उभिएका छन् । सरल र सहज भाषाशैलीमा रचित उनका कवितामा बिम्ब र प्रतीकको प्रयोग अत्याधिक भएको छ ।

## २६. खेमनाथ दाहाल (२००९)

नेपाली साहित्यको कविता फाँटमा **श्रद्धाञ्जलि** (२०५४) कवितास्रङग्रह लएर देखापरेका कवि खेमनाथ दाहालका हालसम्म तीनओटा कवितासङ्ग्रहप्रकाशित भएका छन् । जसमा **श्रद्धाञ्जलि** (२०५४), **रश्मि** (२०५५), **योद्धा** (२०६०), कवितासङ्ग्रहरू रहेका छन् । उनका यी कवितासङ्ग्रहहरूमा मानव जीवनका विगत, वर्तमान र भविष्यका समयगर्भमा निहित सामाजिक जीवनका विविध परिप्रेक्ष्यको भाव अभिव्यञ्जित भएका छन् । कविले कवितामार्फत सुनौला आशा लिएर सूर्योदयको कल्पना र प्रतीक्षा गर्दा पनि मुक्तिको साटो बन्धनमै बाँधिनु पर्ने मानव जीवनको बाध्यताको चित्रण गरेका छन् । उनका कवितामा देशको मर्म, सहीदप्रतिको श्रद्धाभावलाई चित्रण गर्दै सगरमाथा रोएको आफू हेर्न नसक्ने कुरा कवितामार्फत मुखरित भएका छन् । सरल र सहज भाषाशैलीमा देश र जनताको पीडा र व्यथालाई कवितामार्फत जनसमक्ष ल्याउनु उनको प्रवृत्तिगत विषेशता हो ।

## २७. विमला तुम्खेवा (२०३४)

---

[४४] निरकुमार तिमुरबाट प्राप्त जानकारी ।

[४५] देबेन्द्र सुर्केलीबाट प्राप्त जानकारी ।

२०५० को दशक पछाडि साहित्य फाँटमा देखापरेकी विमला तुम्खेवाको प्रथम प्रकाशित रचना **विमला तुम्खेवाका कविताहरू** (२०५५) कवितासङ्ग्रह हो । उनका **विमला तुम्खेवाका कविताहरू** (२०५५) र **नदी छाल र तरङ्गहरू** गरी दुईवटा कवितासङ्ग्रह प्रकाशित भएका छन् । उनले कविताहरूमा समाजमा रहेका शोषण, दमन, उत्पीडन, अन्याय, अत्याचार तथा दुराचारलाई नै कविताको अर्न्तवस्तुका रूपमा लिदै तिनको खरो आलोचना गरेर परिवर्तनका सम्भावनासमेतलाई इ·ित गराएकी छन् । भाव तथा विचारहरूलाई प्राकृतिक, पुराकथात्मक, सामाजिक तथा सांस्कृतिक, बिम्ब एवं प्रतीकहरूका माध्यमबाट साङ्केतिक तथ्य सङ्क्षिप्त रूपमा अभिव्यञ्जित गर्ने कला उनका कवितासङ्ग्रहमा स्पष्ट रूपमा देख्न पाइन्छ । सरल र सहज भाषाशैलीमा यथार्थताको चित्रण गर्ने कवयत्री तुम्खेवा पछिल्लो पुस्ताकी सशक्त साहित्यकार हुन् ।

## २८. यम फोम्बो (२०३३)

२०५० को दशक पछाडि देखापरेका कवि यम फोम्बोको **समयचक्र** (२०५४) कवितासङ्ग्रह प्रकाशित भएको छ । उनका कवितामा देशको समसामयिक बद्लिदो घटनाक्रमको चर्चा गर्दै युद्ध आतङ्कबाट नेपाली-नेपाली फुट्नु नहुने र विश्वबन्धुत्वको भावना कायम राख्नुपर्ने कुरालाई सङ्केत गरेका छन् । समय परिवर्तनशील हुनाले समयअनुसार चल्न सबैले जान्नु पर्दछ भन्ने कुरालाई कवितामार्फत सरल र सहज भाषाशैलीमा उतारेका छन् ।

## २९. अनिरूद्र तिम्सिना (२०१४)

स्वच्छन्दतावादीधारा अस्वीकार गर्दै देशप्रेम र प्रगतिवादको स्वर उराल्दै कवि अनिरूद्र तिमसिना **मेरो ढाकर** (२०५७) कवितासङ्ग्रहमार्फत नेपाली साहित्य फाँटमा देखापरेका हुन् । प्रजातन्त्र र समाजवादको प्राप्ति भएपनि झुपडीको कथा-व्यथा र राजनीतिक परिस्थितिमा कुनै परिवर्तन नभएको कटु यथार्थलाई उनले कवितामा यत्रतत्र पोख्दै निम्नवर्गीय पीडित जनता, सामाजिक दृष्टिपात्रहरूका पक्षहरूमा आवाज बुलन्द पारेका छन् । "प्रकृति चित्रण, युगीन यथार्थ, राष्ट्रियता, श्रमको महिमागान, शोक, राष्ट्रिय-अन्तर्राष्ट्रिय जगत्मा देखापरेका सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक, सांस्कृतिक क्षेत्रका विकृति, विस·तिप्रति आक्रोश एवं असन्तुष्टि आदिलाई उनले कविताका विषयवस्तका रूपमा लिएका छन् । श्रमको महिमागान उनका कविताको मूल कथ्य हो ।"[ढट] सरल र सहज भाषाशैलीमा समाजमा व्याप्त यथास्थिति इतिहास र वर्तमानबाट कच्चा सामग्री लिएर छन्दोवद्ध कविता रचना गर्ने तिम्सिना प्रगतिवादी तेरथुमे कवि हुन् ।

## ३०. मित्र सङ्ग्रौला (२०३२)

गजल विधाबाट साहित्यिक यात्रा प्रारम्भ गरेका मित्र सङ्ग्रौलाको प्रथम प्रकाशित रचना **एक धुन गजल गाएर जाऊ** (२०५८) गजलसङ्ग्रह हो । यो गजलसङ्ग्रहमा ५० वटा गजलहरू सङ्गृहीत छन् । विकृति र विस·तिमाथिको प्रहारलाई नै प्रमुख निशाना बनाउने गजलको विशेषता अनुरूप गजलकार सङ्ग्रौलाका गजलमा यो विशेषता पाउन सकिन्छ । यस सङ्ग्रहमा गजलकारले 'सानु' नामकी एक पात्रलाई बारम्बार प्रयोग गरी उनीसँगको प्रेमको चर्चा गरेका हुनाले एक प्रकारले यो गजलसङ्ग्रहमा आख्यानात्मकता र काव्यिकताको प्रकृति पनि झिनो पाराले मिसिएको अनुभव हुन्छ । यस कृतिमा सङ्कलित गजलहरू प्रायः सबै नै वर्तमान युगका विस·तिहरू माथि प्रहार गरिएका सामग्री हुन् । उनको यो सङ्ग्रह प्रथम प्रकाशित कृति भएकोले केही त्रुटीहरू र अपूर्णताहरू रहेका भए पनि भविष्यमा उनको कलम झन्झन् तीखो र शब्दचित्रले सम्पन्न बन्दै जाने आशा भने गर्न सकिने ठाउँ छ ।

---

[ढट] उमानाथ काफ्ले, *ओझेलमा परेका सहज कवि*, **सङ्गमसुधा**, (वर्ष ४०, पूर्णाङ्क ३ २०६१) पृ. १३१ .

## ३१. रामकुमार लिम्बू (२०४३)

२०५० को दशक पछाडि साहित्य फाँटमा देखापरेका कवि रामकुमार लिम्बूको प्रथम प्रकाशित रचना **अपहेलित मायालु** (२०५८) कवितासङ्ग्रह हो । कवि रामकुमार लिम्बू कवितामार्फत माया प्रेमको परिभाषा व्यक्त गर्दै प्रेममा अन्तरघात हुँदा त्यसबाट हुने परिणामले कस्तो रूप लिन्छ भन्ने कुरालाई कवितामार्फत देखाउन सक्षम भएकाछन् । सुषुप्त अवस्थामा रहेको भावुक रोचक प्रेम-प्रसङ्गलाई प्रस्तुत गर्दै दुई आत्माले लाएका सुनौलो मितेरी अनि विछोडका पीडालाई कवितामा समेटिएका छन् । सरल र सहज भाषाशैलीमा मायाप्रेम र देशप्रेमको भावना पनि यिनका कवितामा मुखरित भएका छन् ।

## ३२. अभागी थेगुवा (२०३३)

नेपाली साहित्यफाँटमा “कवि अभागी थेगुवा ‘कुखुरी काँ’ (कविता, **नयाँ सिर्जना बुलेटिन**, २०५३) कविताबाट साहित्यफाँटमा देखापरेका अभागी थेगुवाको खास नाम मानबहादुर लिम्बू हो ।”[४७] उनको **बुद्धले अस्त्र** (२०५८) गजलसङ्ग्रह प्रकाशित भएको छ । उनका गजलमा समाजमा रहेका विकृति र विस•ति, अन्याय, अत्याचार, रूढिवादी कुसंस्कारजस्ता विषयलाई समेट्दै यिनीहरूको अन्त्य नभएसम्म देशमा विकास नहुने भएकाले यसका विरूद्धमा सङ्घर्षगर्नुपर्ने कुरालाई औंल्याएका छन् । गणितीय, ज्यामितीय शैलीबाट रचित यिनका गजलमा जड मानसिकता, यान्त्रिक सोचाई र दास मनोवृत्तिबाट पृथक भएर वैज्ञानिक साहित्य रचना गर्नुपर्छ भन्ने कुरालाई गजलहरूमार्फत मुखरित गरेका छन् ।

## ३३. सरोज लिम्बू (२०३९)

तेरथुमे पछिल्लो पुस्ताका कवि सरोज लिम्बू **स्वाभिमानी आवाज** (२०५९) कवितासङ्ग्रह लिएर नेपाली साहित्य फाँटमा देखापरेका हुन् । उनका कवितामा देशभक्तिप्रति अगाध स्नेह मातृभूमिप्रतिको स्नेह, समाजमा व्याप्त नातावाद र भ्रष्टचारप्रतिको विरोध, विश्वासघातीको विरोधका साथै समाजमा देखेका, भोगेका, खुसी र बेखुसीका तरङगजस्ता विषयलाई चित्रण गरिएको पाइन्छ । अन्याय, अत्याचार विरुद्ध सङ्घर्ष गर्नुपर्ने दिन आएकाले यस्ता विकृति र विस•तिमाथि अब प्रत्येक घरआँगनबाट त्यस विरुद्ध आवाज लिएर उठ्नु पर्छ भन्ने क्रान्तिकारी स्वर उनका कवितामा व्यक्त भएका छन् । आफ्नो देशमा भइरहेको हत्या हिंसाको कहालीलाग्दो स्थितिलाई प्रत्येक नेपालीले आफ्नो स्वभिमान र कर्तव्य सम्झेर समस्याको समाधानतिर पाइला चाली शान्त र समुन्नत राष्ट्रको निर्माण गर्नुपर्ने कुरालाई कवितामार्फत मुखरित गरेका छन् । सरल र सहज भाषाशैलीमा देश र जनताको पीडामा सदा चिन्तित रहने कवि सरोज लिम्बू तेरथुमे प्रगतिवादी कवि हुन् ।

---

[४७] अभागी थेगुवाबाट प्राप्त जानकारी ।

## ३४. सरिता राई (२०४२)

२०६० को दशकको सुरु अवस्थादेखि गायन पेसामा संलग्न सरिता राईका दुईवटा गीतिचक्का **जिन्दगी बित्यो** (लोकगीत गायन, २०६०), **हलेसी मेला** (गीतिचक्का, २०६१) प्रकाशित भएका छन् । उनका चक्कामा ग्रामीण परिवेशको चित्रण गर्नुका साथै जनजीवनका सुखदुखका अनुभूतिलाई गायनमार्फत व्यक्त गर्दै नेपाली कला र संस्कृतिलाई जोगाउन सक्षम रहेकी छन् ।

## ८.२ कथा

तेरथुम जिल्लाको कथायात्रा त्यति लामो देखिदैन । २०१० सालमा काजीमान कन्दङ्वाद्वारा प्रकाशित **आठकथा** (२०१०) कथासङ्ग्रह नै तेरथुमे कथायात्राको प्रकाशनको दृष्टिले प्रथम प्रकाशित रचना हो । २०१० पछाडि सुरुभएको कथायात्रा २०६२ सम्म आउँदा धेरै कथाकारहरू तेरथुम जिल्लाले जन्माइसकेको छ । झन्डै छ दशकको अवधिमा देखा परेका तेरथुमे कथाकारहरू निम्नानुसार रहेका छन्-

## १. काजीमान कन्दङ्वा (१९८६-२०६०)

**आठकथा** (२०१०) शीर्षक कथासङ्ग्रह लिएर देखिने काजीमान कन्दङ्वा तेरथुम जिल्लाका पहिलो र सफल कथाकार हुन् ।"[४८] उनको **आठकथा** सङ्ग्रहभित्र जम्मा आठवटा कथा सङ्गृहीत छन् । उनका आठवटा सङ्ग्रह भित्रका कथामा **ज्याला, खितित. खित, एक तोला सुन, मेरो यहाँ के छ र ? रनमायाको मने, इन्द्र, प्रतिस्पर्धा, आठकथा** कथाहरू रहेका छन् । उनका कथामा सामन्ती संस्कारको विरोध, गरिबी अवस्था र अशिक्षाले पार्ने प्रभाव, पशुवलीप्रति व्यङ्ग्य, बाल मनोविज्ञानको चित्रण, सामन्ती संस्कारलाई चुनौती जस्ता विशेषता पाइन्छ । सरल, सहज भाषाशैलीमा ग्रामीण परिवेशलाई आधार बनाएर रचना गरिएका उनका कथाका पात्र तथा चरित्र कथा सुहाउँदिला छन् ।

## २. सरोज ओली (१९९८)

सरल र सहज सुन्दर भाव व्यक्त गर्न सक्षम कथाकार ओली २०१४ सालदेखि साहित्य फाँटमा **मुटु छुने कथा** (२०५०) लिएर देखा परेका हुन । उनका **मुटु छुने कथा** (२०५०) र **स्टेथिस सागरदेखि हिमालयसम्म** (२०६०) कथासङ्ग्रह प्रकाशित भएका छन् । "सरोज ओलीको कथाकारितामा उनको आफ्नै रूप पाइन्छ । विषयवस्तुको चयन, बनोट र प्रस्तुतिमा आफ्नैपन रहेको छ । पात्रहरूको जीवनसङ्घर्षको अभिव्यक्तिका निमित्त सामाजिक, आर्थिक तथा राजनीति जस्ता बा्य परिवेशको उपस्थितिमा स्पष्टता रहेको छ भने मानसिक वा आन्तरिक परिवेशको उपस्थितिमा पनि मुर्ताभास रहेको छ ।"[४९] यस आधारमा उनको कथा कथाकारिता प्रौढ र परिपक्क बनेको छ । यिनका कथामा द्वन्द्वात्मक भौतिकवादी दर्शनलाई उपयोग गरी वर्ग सङ्घर्षका साथै शोषित तथा पीडित जनताको जीवनदर्शनलाई राम्ररी केलाएको पाइन्छ । उनका कथाहरूमा कथाको विषयवस्तु नेपाली समाज र जनजीवनमा आधारित देखिन्छ भने पात्र तथा चरित्र जीवन्त र सार्वभौम बनेको पाइन्छ । कथाको धरातल सामाजिक आर्थिक र राजनैतिक परिवेशमा आधारित देखिन्छ ।

---

[४८] रविमान लम्जेल, पूर्ववत्, पृ. १२ ।

[४९] नरेन्द्र चापागाई, *सरोज ओलीको कथाकारिता*, **piff** (अङ्क ६, २०५०), पृ.३६-३७ ।

### ३. स्व. पुण्यप्रसाद सुवेदी (१९९२-२०४२)

नेपाली साहित्यफाँटमा “कथाकार स्व. पुण्यप्रसाद सुवेदी ‘दलमुखी’ (कथा, **मगज,** २०१५) कथा लिएर देखापरेका हुन् ।”[छण] कथाकार पुण्यप्रसाद सुवेदीको **धुवाँका चक्का** (२०२८) कथासङ्ग्रह प्रकाशित भएको छ । उनको धुँवाका चक्का कथासङ्ग्रह भित्र **ढुकुरलाई, बौलाही छोरो, भ्रम, मखमली, अष्टग्रहमा थपग्रह, धुवाँका चक्काहरू**जस्ता कथा समावेश भएका छन् । “उनका कथा लेखनको प्रारम्भिक समयका रचनाहरू हुन् तर पनि कथाको बुनाई पात्रहरूको प्रस्तुति वर्णन र भाषाशैली उत्सुकता इत्यादिले कथाहरूमा यथार्थता, वस्तुता र जीवन भोगाइका क्षणहरूको वर्णन सरल र आकर्षक रूपमा छन् ।”[छज्ञ] उनका कथाहरूमा निम्नवर्गीय आइमाईको आर्थिक विवशता, धनीले गरिबलाई शोषण गरेको दृश्यको चित्रण, नारीमा पाइने मनोवैज्ञानिक ईर्ष्या, शत्रुप्रति प्रतिशोधको भावना उम्लनु पर्ने कुरामा जोड, मानसिक प्रभावजस्ता विषयवस्तुलाई समेटेको पाइन्छ । सरल र सहज भाषाशैलीमा ग्रामीण जनजीवनका पात्र तथा घटनालाई जस्ताकोतस्तै कथामा उतार्नु कथाकार सुवेदीको प्रवृत्तिगत विशेषता हो ।

### ४. ओजेन्द्र उषा (१९९६-२०५९)

नेपाली साहित्यफाँटमा **प्रेमको खोजी** (२०१८) शीर्षक कथासङ्ग्रह लिएर देखापरेका कथाकार ओजेन्द्र उषाको पुरा नाम ओजेन्द्र बहादुर तुम्वाहाम्फे हो । उनको **प्रेमको खोजी** कथासङ्ग्रह भित्रका कथामा **प्रेमको खोजी**, **बन्धन** र **प्रेमहीन** गरी तीन कथा समावेश छन् । उनका कथाको शीर्षकबाट नै प्रेमी र प्रेमिकाको खोजी कस्तो हुनुपर्दछ भन्ने कुरा स्पष्ट हुन्छ । उनको कथामा विवाह भनेको केटा र केटीको मन मिलेपछि मात्र सम्भव हुने, नत्र त्यसले नकारात्मक प्रभाव पार्ने कुरालाई सङ्केत गरिएको छ । उनका कथामा अनमेल विवाहप्रति विरोध गरिएको छ । सरल र सहज भाषामा लेखिएका उनका कथाहरू अभ्यासिक प्रयत्नका उपज हुन भन्न सकिन्छ।

### ५. बसन्त सिटौला (१९९८)

नेपाली साहित्यफाँटमा कथाकार वसन्त सिटौला ‘कैदीको चिठी’ (कथा, **प्रोत्साहन**, २०१९) कथाबाट देखापरेका हुन् ।”[छद्द] उनका अन्य फुटकर कथाहरू ‘कैदीको चिठी’ (**प्रोत्साहन**, २०१९), ‘विहेको पहिलो रात’ (**आक्रोश**, २०२४), ‘एक संघर्षजीउनुप्रतिको’ (**प्रोत्साहन**, २०२४), ‘एक वकपत्र’ (**प्रोत्साहन,** २०२४), 'जाडो रात' (**उषा,** २०२५) जस्ता विभिन्न पत्रपत्रिकाहरूमा कथाहरू प्रकाशित भए तापनि सङ्ग्रहका रूपमा प्रकाशित भएका छैनन् । वसन्त सिटौलाका फुटकर कथाहरू जनजीवनमा प्रचलित लोककथामा आधारित रहेका छन् । प्रतिशोधको भावना, गरिबीले भोग्नुपरेका अप्ठयाराको चित्रण, यौनपीडित, निरुद्देश्य, महत्त्वहीन व्यक्तिहरूको चरित्रचित्रण तथा लोककथाको प्रयोग उनका कथालेखनको प्रवृत्तिगत विशेषता भएकाले उनका कथामा यी गुणहरू यत्रतत्र भेट्न सकिन्छ । उनका कथा स्तरीय भए पनि २०२५ साल पछाडि कुनै रचना सिर्जना गर्नतिर चासो देखाएका छैनन् ।

---

[५०] सूर्य सुवेदी, **पुण्यप्रसाद सुवेदी, स्मृति ग्रन्थ,** पूर्ववत्, पृ.१८९ ।

[५१] ऐजन ।

[५२] वसन्त सिटौलाबाट प्राप्त जानकारी ।

६.  **स्व. द्रोणाचार्य क्षत्री** (२००२-२०५०)

नेपाली साहित्यको कथा फाँटमा "कथाकार स्व. द्रोणाचार्य क्षत्री ँचिताको धुवा' (कथा, प्रयास, २०१७) लिएर देखापरेका हुन् ।"[छघ] कथाकार द्रोणाचार्य क्षत्रीको **नुनिला आँसु** (२०२३) कथासङ्ग्रह प्रकाशित भएको छ । उनको **नुनिला आँसु** कथासङ्ग्रहमा आठवटा कथा समाविष्ट छन् । "किशोर मष्तिष्कका उपज मान्न सकिने यी कथामा प्रेम, करुणा, उन्माद, गरिब, दुःखीप्रति सहानुभूति, सामाजिक कुरीति, अन्याय, अन्धविश्वासप्रति, विद्रोहजस्ता कुरा अभिव्यक्त भएका छन् ।"[छद्ध] यो कथासङ्ग्रह भित्रको सबैभन्दा उत्कृष्ट कथा **पागल** हो । "**पागल** कथामा ग्रामीण शोषकबाट ठगिएर सम्पूर्ण भौतिक सम्पत्ति र जहान परिवार गुमाएर पागल बनेको लाहुरे र **कलङ्क** कथामा ग्रामीण समाजमा प्रचलित उमेन्ट नमिल्ने विवाहबाट समाजमा हुने विकृतिलाई कथाकारले प्रस्तुत गरेका छन् ।"[छछ] शिल्प परिष्कारका दृष्टिले भन्दा समाजवादी यथार्थतातर्फ उन्मुख उनको कथाकारिताले राम्रो सम्भावनाले फष्टाउने मौका पाएको देखिदैन । उनका कथामा सामाजिक जनजीवनबाट टिपिएका विषयवस्तुलाई प्रस्तुत गर्दै निम्नवर्गीय जनताले भोग्नुपरेका पीडालाई उतार्ने प्रयास गरेका छन् । समाजमा हुने गरेका विकृति र विस·तिको  मुक्तिको खोजीका लागि सङ्घर्ष गर्नुपर्ने कुरालाई उनले कथामार्फत मुखरित गरेका छन् । प्रगतिशील साहित्यमा आबद्ध कथाकारका कथाहरूमा गरिब, दुःखीहरूका कुण्ठा र पीडाप्रति सहानुभूति, जनाउदै सामाजिक कुरीति, अन्याय, अन्धविश्वासप्रति विद्रोही भावना अभिव्यक्त गरेका छन् ।

७.  **तुङ्ग एन. थपलिया** (२००९)

छोटा कथाको सिर्जनामार्फत पाठकका मनमा तीब्र प्रभाव पार्ने क्षमता भएका "कथाकार तु· एन्. थपलियाको प्रथम प्रकाशित रचना ँऐनामा प्रतिबिम्ब-निधारको खत' (कथा, **कल्पना,** २०२७)
हो ।"[छट] उनका ँऐनामा प्रतिबिम्ब-निधारको खत' (**कल्पना,** २०२७), ँपरिवेश भरि' (**कल्पना,** २०२८), ँपूर्णिमाको रात' (**प्रकाश,** २०३३), प्रकाशित भएता पनि सङ्ग्रहको रूपमा कुनै कृतिहरू प्रकाशित भएका छैनन् । "कथाकारले चित्रण गरेको भन्दा भिन्दै जीवन-पद्धतिमा नवीन आकर्षण लिएर विश्वजीवनलाई आफूतर्फ एकोहोऱ्याई साम्यवादी शासनप्रति एलर्जी उत्पन्न गर्नु कच्चा सैद्धान्तिकता हो ।"[छठ] आन्तरिक मनस्थितिको सूक्ष्म मनोविश्लेषण, साम्यवादप्रतिको अवस्था, जीवन-पद्धतिको चित्रण, कथाकार थपलियाले सरल र सहज रूपमा कथामा उतारेका छन् ।

८.  **रविमान लम्जेल** (२००८)

नेपाली साहित्यको कथा फाँटमा "कथाकार रविमान लम्जेल ँमुखभरीको जवाफ' (कथा, **सौगात,** २०३६) कथा लिएर देखापरेका हुन ।"[छड] उनका ँमुखभरीको जवाफ' ( **सौगात**, २०३६), ँनक्कली मयूर' (**विश्वदीप,** २०४०), आत्म-निर्णय (**मन्दिरा**, २०४२), ँहाकिमको कुटनीति' (**सञ्जीवनी**, २०४२), ँसिफारिस' (**युगदर्पण**, २०४३), ँकोप भाजन' (**इलाम साहित्यिक प्रतिष्ठान**

---

[५३] श्रीमती वेदकी आचार्यबाट प्राप्त जानकारी ।

[५४] गङ्गाप्रसाद उप्रेती, *कथाकारका रूपमा द्रोणाचार्य क्षेत्री,* **द्रोणचार्य क्षेत्री स्मृति ग्रन्थ**, (काठमाडौँ : द्रोणचार्य स्मृति ग्रन्थ, प्रकाशन समिति, २०५१), पृ. ७९-८१ ।

[५५] ऐजन, पृ. ७९-८१ ।

[५६] रविमान लम्जेल, **कोशी अञ्चलको साहित्यिका इतिहा;,** पूर्ववत्, पृ. १५ ।

[५७] ऐजन, पृ.१५ ।

[५८] रविमान लम्जेलबाट प्राप्त जानकारी ।

**मुखपत्र**, २०४४), ॅकागजी बाघ' (**न्युलाइट,** २०४५), ॅकोरिन्दै गएका भविष्यका रेखाहरू' (**खुल्ला आकाश**, २०५५), ॅपराजय पछि विजय' (**उदय**, २०५५), ॅस्थिर धरातल' (**विहानीका किरणहरू,** २०५६), ॅहात्तीको देखाउने दाँत' (**खुल्ला आकाश**, २०५७), ॅओफ्रेलमा परेका इतिहास' (**साहित्य सागर,** २०५७), ॅसन्यास' (**सिरिजङ्घा सौगात**, २०६०), ॅजन्तरेकाका' (**अनमोल सपना,** २०६१) जस्ता थुप्रै कथाहरू विभिन्न पत्र-पत्रिकाहरूमा प्रकाशित भए तापनि सङ्ग्रहका रूपमा कुनै पनि कृति प्रकाशित भएका छैनन् । उनका फुटकर कथाहरूमा अनमेल विवाहप्रति विद्रोह, मनावैज्ञानिक सन्देश, क्रान्तिकारी भावना, फरियावादी धारणाको विरोध, नातावाद, कृपावाद र घृणित सोर्स फोर्सको विरोध, कर्मचारीको मार्मिक चित्रण, पराजित मनस्थितिको चित्रण, जातियताको विरोध, नारीवादी सन्देश, निष्पक्षता र निस्वार्थी भावनाको कदर गर्नु पर्ने जस्ता विषयहरूलाई समेटिएको पाइन्छ । अनकौं कथाहरू प्रकाशित र अन्य धेरै कथाहरू अप्रकाशित रूपमा थन्क्याउनु भन्दा सबैलाई समेटेर एउटा सङ्ग्रहको रूपमा निकालेर कथा लेख्ने र प्रकाशन गर्ने कुरामा निरन्तरता दिनु आवश्यक देखिन्छ ।

## ९. विश्वेश्वरमान श्रेष्ठ (विमाश्रे) (२००६)

नेपाली साहित्यको कथा फाँटमा ॅकथाकार विश्वेश्वरमान श्रेष्ठ (विमाश्रे) ॅवारेण्ट' (कथा, **भ्रिसमिसे,** २०३९) कथामार्फत उदाएका हुन् ।"[छढ] विमाश्रेको **सङ्घर्षतिर** (२०५५) कथासङ्ग्रह प्रकाशित भएको छ । उनका कथाहरूमा मानिसले भोग्नुपरेका त्रसित वातावरणको चित्रण गर्नुका साथै निर्दोष र योग्य मानिसलाई नहेर्ने नेपाली प्रवृत्तिको विरोध गरिएको छ । अनौठा वैज्ञानिक आविष्कारले मानव जीवनमा ल्याएको सुगमताको चित्रण गर्नुको साथै कुनै पनि काम सिद्धान्तमा भन्दा व्यवहारमा गरेर देखाउनु पर्ने कुरामा जोड दिएका छन् । विकृति र विस若तिका विरुद्धमा निम्नवर्गीय जनतामा पनि बदलाको भावना लिन उठ्नु पर्ने चेतनावादीस्वर उनका कथामा मुखरित भएका छन् । दोषारोपणबाट उत्पन्न हुने अविश्वासलाई विश्वासमा परिणत गर्नुपर्ने सल्लाह दिने प्रगतिवादी कथाकार विमाश्रेका कथामा समाजका सामन्ती-शोषण, अन्याय, अत्याचारको विरोध हुनुका साथै निम्नवर्गीय समाजको चित्रणलाई सरल र सहज भाषामा उतारेका छन् ।

## १०. मदन चोङ्वाङ (२०३२)

नेपाली साहित्यफाँटमा कथाकार मदन चोङ्बाङ् ॅउठौ जागौं' (कविता, **युगध्वनि साप्ताहिक**, २०४९) कविताबाट साहित्यफाँटमा देखापरेका हुन् ।"[टण] कथाकार मदन चोङवाङको **तिरस्कृत आर्तनाद** (२०५९) कथासङ्ग्रह प्रकाशित भएको छ । उनको **तिरस्कृत आर्तनाद** कथासङ्ग्रहभित्र १५ वटा छोटा कथाहरू समावेश भएका छन् । उनका कथामा ग्रामीण परिवेशमा रहेका सामन्ती, शोषण, ढोगी, पाखण्डी र आडम्बरी तथा समाजमा विद्यमान कुरीति, कुसंस्कारप्रतिको व्यङग्यवाण गरिएको छ । व्यङ्ग्यको स्वरूप अति उग्र नभएर पाच्यगम्य हुने खालका रहेका छन् । विकृति र विस若तिप्रतिको विरोध कलमका टुँडाले उधिनेर समाजको सक्कली रूपलाई उनले सवल ढङ्गले देखाएका छन् । सरल र सहज भाषाशैलीमा ग्रमीण जनजीवनमा घटेका घटनालाई जस्ताकोतस्तै उतार्ने कथाकार मदन चोङ्वाङ तेरथुमे सामाजिक यथार्थवादी कथाकार हुन् ।

---

[५९] विश्वेश्वरमान श्रेष्ठबाट प्राप्त जानकारी ।

[६०] विश्वेश्वरमान श्रेष्ठबाट प्राप्त जानकारी ।

## ११. **कृष्णप्रसाद थपलिया** (२००९)

नेपाली साहित्यफाँटमा कथाकार कृष्णप्रसाद थपलिया ‘दुःखीको दिन’ (कथा, **ताप्लेजुङ साप्ताहिक,** २०३०) लिएर देखापरेका हुन् ।”[६१] कथाकार कृष्णप्रसाद थपलियाको **एघार थुङ्गा** (२०६१) कथासङ्ग्रह प्रकाशित भएको छ । यस कथासङ्ग्रहभित्र ११ वटा कथा समावेश गरिएको हुनाले **एघार थुङ्गा** शीर्षक राखेको पाइन्छ । उनका कथामा समाजमा घटेका घटनालाई कथाको विषयवस्तु बनाएको पाइन्छ । कथाका पात्रहरू सबै ग्रामीण समाजबाट टिपिएका देखिन्छन् । कथाकार थपलिया ग्रामीण परिवेशको पीडा, व्यथा र हिन्दू संस्कारले पारेको प्रभावलाई जस्ताकोतस्तै चित्रण गर्ने सामाजिक यथार्थवादी कथाकार हुन् । उनको कथाको प्रस्तुति पक्ष केही खजमजिए पनि ग्रामीण जनजीवनको चित्रण गर्नु र समाजमा घटेका घटनालाई कथामा जीवन्तता दिनु कथाकार थपलियाको प्रवृत्तिगत विशेषताहो ।

## ८.३ निबन्ध

## १. **काजीमान कन्दङ्वा** (१९८६-२०६०)

किराती र नेपाली साहित्यमा समान रूपले कलम चलाउने काजीमान कन्दङ्वाल **याक्थुङ खेदा** (२०१०) बाट निबन्ध फाँटमा देखापरेका निबन्धकार हुन् । उनका **नेपाली जनसाहित्य** (२०२०) र **आठपहरिया राई जातिको दिनचर्या** (२०५०) जस्ता निबन्धात्मक पुस्तक प्रकाशित भएका छन् । काजीमान कन्दङ्वाले नेपाली जनस्तरमा लोकप्रिय हुदै गएको जनसाहित्यको सङ्कलन, लेखन, प्रकाशन र सम्पादनको अभावमा नेपाली साहित्यको राष्ट्रिय इतिहास नै अधुरो हुने भएकोले जनताको मर्म र व्यथा कथासँग निकटता स्थापित भएको सास्कृतिक मूल्यको उचित कदर गर्नु पर्ने जोडदार आवाज उठाउँदै जन-साहित्यको समीचीन वर्गीकरण गरेर यसको राष्ट्रिय महत्त्वलाई मूल्य प्रदान गरेका छन् । आनो मातृभाषा संरक्षणको लागि निबन्ध, कथा, आदि विविध विधामा कलम चलाउने निबन्धकार कन्दङ्वा तेरथुमे उल्लेखनीय प्रतिभा हुन् ।

## २. **गिरीराज गौतम** (१९९४-२०३८)

शिक्षण र प्रशासनिक निकायमा जीवनका अमूल्य क्षणहरू व्यतीत गर्ने “निबन्धकार स्व. गिरीराज गौतमको प्रथम प्रकाशित निबन्ध ‘पच्चीस आनाको लेख’ (निबन्ध, **प्रोत्साहन**, २०२१) हो ।”[६२] यसका अतिरिक्त ‘शिक्षकहरू’ (**प्रोत्साहन,** २०२२), ‘बसिवियाँलो’ (**प्रतिबिम्ब**, २०२३) जस्ता फुटकर निबन्धहरू प्रकाशित भएका छन् । व्यङग्यात्मक घुँयत्राहरूले सामाजिक विकृति विस•पतिप्रति तीक्ष्ण प्रहार गर्दै बौद्धिक जमातमा देखापरेका भ्रान्त दृष्टिकोणप्रति सकारात्मक चुनौती दिनुका साथै लोकप्रियताको विरोध, दुरदर्शिता र सम्वेदनशील अनुभूतिको चित्रण, शिक्षित बेरोजगारको मस्तिष्कमा छाएको नैराष्यताको चित्रण उनका निबन्धमा गरिएको छ । सरल र सहजरूपमा कर्मचारीको दयनीय अवस्थाको चित्रण गर्नु निबन्धकार गौतमको प्रवृत्तिगत विशेषता रहे तापनि सङ्ग्रहको रूपमा कृति प्रकाशन हुन नसक्नु दुःखको कुरा हो ।

---

[६१] कृष्णप्रसाद थपलियाबाट प्राप्त जानकारी ।

[६२] दाइ डोलेश्वर गौतमबाट प्राप्त जानकारी ।

## ३. गङ्गाप्रसाद उप्रेती (२००४)

हाइस्कुलको अध्यापनसँगै निबन्ध क्षेत्रमा प्रवेश गर्ने "निबन्धकार गङ्गाप्रसाद उप्रेती 'नेपाली भाषा हाम्रो सगरमाथा र समाधान' (निबन्ध, **भानु निबन्ध विशेषाङ्क**, २०२२) को प्रथम प्रकाशित निबन्ध हो ।"[६३] 'नेपाली भाषा' (**प्रतिबिम्ब**, २०२३), 'नेपाली निबन्ध साहित्यको ऐतिहासिक विकासक्रम' ( **पञ्चामृत**, २०२६), 'आरूको फूल' (**पञ्चामृत**, २०२६), 'युवा नैराश्यता र पलायनप्रवृत्ति' ( **पञ्चामृत**, २०२६), 'म माया र दार्जिलिङ' (**रूपरेखा**, २०३६), औपनिवेशिक खोजको शिकार' (**रूपरेखा**, २०४२), 'तेराकुरा इस' (**रूपरेखा**, २०४७), 'लाहुरे दाइको रेलिमाई' ( **रूपरेखा**, २०४८), 'मकाउ' (**रूपरेखा**, २०४९) लगायत **प्राची** र **आजको तिब्बत** जस्ता धेरै पत्र-पत्रिकामा निबन्धकार उप्रेतीका फुटकर निबन्धहरू प्रकाशित हुनुका साथै उनको **स्मृतिका छालमा इटली** (२०४५) निबन्धसङ्ग्रह पनि प्रकाशित भएको छ । सरल र सहज भाषाशैलीमा निम्नवर्गीय समाजको चित्रण, जन-जीवनमा घटित घटनाको चित्रण, जनसाहित्यको ऐतिहासिक पृष्ठभूमि खोतल्ने प्रयास उनका निबन्धमा चित्रण गरिएकाछन् । गरेका, देखेका, सुनेका, भोगेका अनुभूतिलाई पूर्व स्मृतिको तर·मा घोलेर आत्मसंस्मरणात्मक निबन्ध रचना गर्दै स्थानीय जीवनपद्धतिको वर्णात्मक सूचना उनका निबन्धमा सहजै पाउन सकिन्छ । मूलतः नियात्रामूलक निबन्धको रचना गर्नु निबन्धकार उप्रेतीको प्रवृत्तिगत विशेषता हो ।

## ४. मोहन सिटौला (२००२)

नेपाल साहित्यफाँटमा "निबन्धकार मोहन सिटौला 'परिवर्तन एक आलोक' (निबन्ध, **प्रतिबिम्ब**, २०२३) रचनाबाट नेपाली निबन्ध फाँटमा देखा परेका हुन् ।"[६४] उनका **गोठालाहरू** ( २०४२), **परिभ्रमण** (२०४४) र **WARDERING EASSAYS** (2042) गरी तीनबटा निबन्ध सङ्ग्रहहरू प्रकाशित भएका छन् । उनको **गोठालाहरू** (२०४२) निबन्धमा १२ वटा निबन्ध सङ्गृहितछन् भने परिभ्रमण (२०४४) मा १९ वटा निबन्ध सङ्गृहीतभएका छन् । त्यस्तै **WARDERING EASSAYS** मा २४ वटा निबन्धहरू सङ्गृहीत भएका छन् । गोठालाहरू निबन्ध भित्र **गोठालाहरू** सबैभन्दा लामो १-२९ पृष्ट र ४१ अनुच्छेद सम्मको र **अप्रेसन** निबन्ध सबैभन्दा छोटो (७ पृष्ट ११ अनुच्छेद) समाविष्ट छन् । विषयको प्रतिपादन पूर्वीय, एवम् पाश्चात्य दृष्टिकोणबाट गरिएको यस पुस्तकले "मोहन सिटौला समयबोधका युगीन राय सँगालेर स्वास्थ्य परम्पराप्रति आस्था राख्ने परिवर्तन मूलका उत्तरवर्ती प्रवृत्तिका सचेत निबन्धकार हुन् । समयाबोधका युगीन स्वर सँगालेर स्वस्थ परम्पराप्रति आस्था राख्ने वि.सं. २३ सालदेखि २०४१ सालसम्मका एक दर्जन निबन्ध यो सङ्ग्रहमा सङ्गृहीत छन् । यी निबन्धहरू निजी अनुभूतिका शब्दचित्र हुन्, भावनाका तरेलीमा तरङ्गित बिम्ब दृश्यहरू दुई देशको साँध झैँ दुई जम्काभेट छ, कानेखुसी र मितेरी । यही आबद्ध संस्कार नै उनको निबन्धात्मक प्रवृत्ति लाग्छ ।"[६५] सामाजिकतासँग सम्बन्धित विषयवस्तु, मानवजीवनसँग सम्बन्धित विषयवस्तु, प्रकृति र मानवसँग सम्बन्धित विषयवस्तु, हास्यव्यंग्यात्मक नारी जागरणको चेतनासँग सम्बन्धित विषयवस्तुलाई आत्मपरक शैलीमा उनका निबन्धमा चित्रण गरिएकाछन् । यसप्रकार राष्ट्रियता तथा देशप्रेम, साँस्कृतिक चित्रण, यात्रा, चिन्तन, हाँस्य निजात्मकता र वैचारिकताको संयोजन गरेर निबन्धहरू रचना गर्ने मोहन सिटौला स्वच्छन्दतावादी निबन्धकार हुन् ।

## ५. स्व. रामचन्द्र गौतम (२००२-२०५५)

---

[६३] गङ्गाप्रसाद उप्रेतीबाट प्राप्त जानकारी ।

[६४] मोहन सिटौलाबाट प्राप्त जानकारी ।

[६५] कृष्णचन्द्रसिंह प्रधान, **गोठालाहरू**, काठमाडौः भारद्वाज प्रकाशन, २०४३, पृ. आ.ई ।

कौटिल्य, सन्जय, गौराचन उपनामबाट चिनिने "निबन्धकार रामचन्द्र गौतमको 'भानुभक्तको गाउँः अतीतको एउटा सम्झनाभित्र'(निबन्ध, **गोरखापत्र**, १ साउन, २०३४) प्रथम प्रकाशित निबन्ध हो ।"[६६] **उनको मुटुको घाउ** (२०५६) निबन्धसङ्ग्रह प्रकाशित भएको छ । यस निबन्ध सङ्ग्रहभित्र स्मृति, यात्रा र चिन्तन गरी तीन प्रकारका जम्मा ३१ वटा निबन्धहरू सङ्गृहीत छन् । यसमा पनि २१ वटा स्वदेशसँग र १० वटा विदेशसँग सम्बन्धित छन् । यसमा पनि आठ वटा निबन्धहरू उनकै जन्मस्थल पाक्तिनको सेरोफेरोमा घुमेर लेखिएका छन् । जन्मस्थली प्रेम, देशभक्ति, भाषाप्रेम, जातिप्रेम प्रकृतिप्रेम, भ्रमणप्रियता (स्वदेश विदेश दुबै) हाँस्यव्यङ्ग्य आदि विविध विशेषता बोकेका उनका सबै निबन्ध सफल छन् । सरल र सहज भाषाशैलीमा लेखिएका यिनका सबै निबन्धहरू स्तरीय हुँदाहुँदै पनि **मेरो टोपीः मेरो सगरमाथा**, **हिगुवा छाँगोः निलो पहाडमाथिको आकाशगङ्गा** र **हो म रून्चे पिलन्धरे जीवनपथको अनन्तयात्री** शीर्षकका तीनवटा निबन्धहरू अझ उत्कृष्ट बन्न पुगेका छन् । निश्चल भावना र पारदर्शी अभिव्यक्तिका धनी निबन्धकार रामचन्द्र गौतम तेरथुमे विशिष्ट निबन्धकार हुन् ।

## ८.४ समालोचना

### १. मोहन सिटौला (२००२)

नेपाली साहित्यको फाँटमा समालोचक "मोहन सिटौला 'कवि शिरोमणी लेखनाथ पौड्यालको आध्यात्म पक्ष र जीवन' (समीक्षा, **भानु विशेषाङ्क**, २०३३,) बाट उदाएका हुन् ।"[६७] उनको **केही सिर्जना केही विबेचना** (२०४२) भन्ने समालोचनाको सँगालो प्रकाशित भएको छ । यस समालोचना सँगालोभित्र रहेका समालोचनाहरूमध्ये ६ लेखहरू सङ्कल्पनात्मक, ३ लेख व्यक्तित्व विषयक कविता विधाबारे, १ लेख कृतिसम्बन्धी, १ लेख काव्य रूपबारे र १ लेख कवितासम्बन्धी छन् । उनी कुशल समालोचक हुन् । उनका समालोचनात्मक लेखहरूमा पूर्वीय र पाश्चात्य साहित्यको प्रभाव पाइन्छ भने जीवनसापेक्ष मूल्यको निर्धारण भावात्मक रूपमा उच्चता एवं निर्भीक भएर प्रस्तुत हुनु सिटौलाको प्रवृत्तिगत विशेषता हो । समालोचना फाँटमा परिचयात्मक र प्रभाववादी समालोचक हुन् ।

### २. गङ्गाप्रसाद उप्रेती (२००४)

नेपाली साहित्यको समालोचनाको फाँटमा समालोचक "गङ्गाप्रसाद उप्रेती 'नेपाली निबन्ध साहित्यको ऐतिहासिक पृष्टभूमि' (निबन्ध, **पञ्चामृत**, २०२६) बाट देखापरेका हुन् ।"[६८] समालोचक गङ्गाप्रसाद उप्रेतीका **दृष्टिकोणका विविध बिसाउनी** (२०४६),र **व्यक्ति कृति र प्रवृत्ति** (२०५८) गरी दुई पुस्तककार कृति प्रकाशित भएका छन् । यसका साथै विभिन्न फुटकर समालोचना पनि विभिन्न पत्रिकामा प्रकाशित छन् । उनको **दृष्टिकोणको विविध बिसाउनी** (२०४६) मा १२ वटा समीक्षात्मक लेखहरू प्रकाशित छन् । उनका समालोचनामा तीव्र समिक्षा चेत प्रकट हुने, समसामयिक लेखनलाई केन्द्रविन्दु बनाउने, विसङ्गत वस्तुको गहनतापूर्वक विश्लेषण र विवेचना गर्ने, आफ्नो स्वविवेकमा अडेर समीक्षा गर्ने, वर्गीय किसिमका चिन्तनलाई अनिवार्य ठान्ने प्रवृत्तिगत विशेषता भेटिन्छन् । प्राध्यापन र लेखन कार्यमा सचेत रूपमा लागेका उप्रेती मार्क्सवादी चिन्तन प्रवाहबाट समालोचना गर्ने तेरथुमे सर्जक हुन्।

---

[६६] दाइ चूडामणि गौतमबाट प्राप्त जानकारी ।

[६७] मोहन सिटौलाबाट प्राप्त जानकारी ।

[६८] गङ्गाप्रसाद उप्रेतीबाट प्राप्त जानकारी ।

### ३. डा. अभि सुवेदी (२००२)

नेपाली साहित्यको फाँटमा समालोचक डा. अभि सुवेदी ‘नानी रोयो’ (कविता, **नौलो पाइलो**, २०१३) बाट साहित्य फाँटमा देखापरेका हुन् । समालोचक अभि सुवेदी **पाश्चात्य काव्य सिद्धान्त** (२०३०) समालोचना सङ्ग्रहबाट समालोचनकका रूपमा चिनिएका हुन । उनका **पाश्चात्य काव्य सिद्धान्त** (२०३०), **सिर्जना र मूल्याङकन** (२०३४) र **रचना र माध्यम** (२०५४) जस्ता समालोचनात्मक कृति प्रकाशित भएका छन् । पाश्चात्य समालोचनाको इतिहास र काव्यशास्त्रीय चिन्तनलाई भावपरक, वस्तुपरक र भाषापरक रूपमा प्रयोगवादी ढङ्गले नेपाली भाषाका माध्यमबाट सरल र सहज र स्पष्ट रूपमा सैद्धान्तिक समीक्षा प्रस्तुत गर्नु उनको प्रवृत्तिगत विशेषता हो । उनका समालोचनामा सिद्धान्तलाई जोड दिएको हुनाले उनलाई सैद्धान्तिक समालोचक भन्न सकिन्छ । उनको **पाश्चात्य काव्यसिद्धान्त** (२०३०) समालोचना सङ्ग्रहमा नौवटा खण्ड छन् । यी नौवटा खण्डहरूमा पाश्चात्य समालोचनाको इतिहास र काव्यशास्त्रीय चिन्तनलाई प्रस्तुत गर्दै पाश्चात्य साहित्यको पृष्ठभूमिदेखि आन्दोलनसमेतलाई समेट्दै प्राचीन मध्यकालीन आधुनिक र उत्तरआधुनिक समालोचनाका प्रवृत्ति र चिन्तनलाई नेपाली भाषाका माध्यमबाट प्रायोगिक ढङ्गले संक्षिप्त रूपमा चर्चा गरिएको छ भने **सिर्जना र मूल्याङकन** (२०३४) र **रचना र माध्यम** (२०५४) जस्ता समालोचनात्मक कृतिमा प्रायोगिक र सैद्धान्तिक समीक्षक बनेर फुटकर समालोचनाको समीक्षा गरेका छन् । “कृतित्वको शैली वैज्ञानिक अध्ययन र भाषिक तुलना प्रस्तुत गर्ने सामर्थ्य बोकेका सुवेदीका रचनाले नेपाली समालोचनाको शोध फाँटमा सान्दर्भिक सूचना र प्रामाणिक जानकारी दिन सहयोग गरेका छन् । पाश्चात्य साहित्य सिद्धान्तसितको निकट जानकारी दिन सहयोग गरेका छन् । पाश्चात्य साहित्य सिद्धान्तसितको निकट सम्पर्कले तिखारिएको समालोचनात्मक दृष्टिकोण, तुलनात्मक विश्लेषण र वस्तुपरक मूल्याङ्कनले परिमार्जित र विश्वसनीय बन्न पुगेका छन् ।”[६८] वस्तुवादी चिन्तन, भावपरक अभिव्यक्ति, भाषापरक चिन्तनजस्ता प्रवृत्ति टड्कारो रूपमा समालोचक सुवेदीका समालोचनामा यत्रतत्र पाइने हुँदा उनका यी निजी विशेषताहरू हुन् भन्न सकिन्छ । समालोचक अभि सुवेदीलाई नेपाली समालोचनाको इतिहासको पछिल्लो चरणका र उत्तरआधुनिकतासँग समेत सम्बन्ध राख्ने समीक्षक र सचेत एवं वस्तुवादी समीक्षाशास्त्री हुन् भन्न सकिन्छ ।

### ४. रविमान लम्जेल (२००८)

नेपाली समालोचनाको फाँटमा समालोचक “रविमान लम्जेल ‘नेपाली लोक साहित्यको अविछिन्नता’ (समीक्षा, **मधुपर्क**, जेठ, २०३८) बाट देखापरेका हुन् ।”[६९] समालोचक लम्जेलका **मेची अंञ्चलको साहित्यिक रूपरेखा** (२०४२) र **कोसी अञ्चलको साहित्यिक इतिहास** (२०५०) जस्ता पुस्तकाकार कृति प्रकाशित भएका छन् । यसका साथै विभिन्न पत्रपत्रिकामा समालोचनात्मक लेखहरू प्रकाशित भएका छन् । यी कृतिहरू साहित्यको क्षेत्रीय इतिहास अन्वेषण गर्ने क्रममा तयार भएका छन् । उनका “कृतिले सम्भव भएसम्मका प्राचीनदेखि वर्तमानसम्मका इतिहासको कालक्रमिक अध्ययन र मूल्याङकन गर्दै निष्कर्षसम्म पुग्ने प्रयत्नमा अहम भूमिका खेलेका छन् । मुलुकका दुर्गम भेगमा बसेर शिक्षण सेवा र लेखन कार्यलाई एकै साथ गति दिने लम्जेल नेपाली साहित्यको शोध खोज परम्पराका उल्लेखनीय कडी हुनुका साथै तेरथुम जिल्लाका प्रथम क्षत्रीय अनुसन्धाता हुन् ।”[७०] देखेभोगेका कुरा जस्ताको तस्तै प्रयोग गर्ने, कसैको मुख हेरेर समालोचना नगर्ने, विश्लेषण र मूल्याङ्कनमा ठोकुवा गर्ने, समालोचक लम्जेलको प्रवृत्तिगत विशेषता भएकाले

---

६९ रविमान लम्जेल, **कोशी अञ्चलको साहित्यिक इतिहा;,** पूर्ववत्, पृ. ८ ।

७० रविमान लम्जेलबाट प्राप्त जानकारी ।

७१ राजेन्द सुवेदी, **नेपाली समालोचना परम्परा र प्रवृत्ति**, (वाराणसी : भूमिका प्रकाशन, २०६१, पृ. २९० ।

उनका समालोचना यही आधारमा रहेर गरिएका छन् । त्यसैले खोज-अनुसन्धान परम्परालाई निरन्तरता दिदै सत्य तथ्यपरक निर्णय दिनु लम्जेलको पहिचान हो भन्न सकिन्छ ।

## ५. अनिरुद्ध तिम्सिना (१९९८)

नेपाली साहित्यको समालोचनाको फाँटमा समालोचक "अनिरुद्ध तिम्सिना 'कविताको सिर्जना प्रक्रियामा भाषिक स्वभाविकताको प्रश्न' (समीक्षा, **जुही**, ६, २०३९) बाट देखा परेका हुन् ।"[७२] समालोचना फाँटमा देखापर्ने अनिरुद्ध तिम्सिनाका समालोचनात्मक कृति फुटकर रूपमा मात्र देख्न पाइन्छ । उनका 'आधुनिक नेपाली कविताको सामयिक सन्दर्भमा विचार विमर्श' ( **गरिमा**, १/६, २०४०), 'साहित्यमा मिथकको प्रयोग ऐतिहासिक विवेचनाको परिचयात्मक निरूपण' (**जुही,** १३/२०४३), 'नेपाली साहित्यिक समालोचनामा शैली वैज्ञानिक समालोचनाको योगदान' ( **जुही,** १७, २०४३), 'आधुनिक नेपाली कविता र बोध गम्यताको प्रश्न' (**गरिमा** १, ७, २०४९), 'काव्य हेतु विषयक पूर्वीय आचार्यहरूको दृष्टिकोण एक सारपूर्ण प्रस्तुति' (**निर्माण,** १७, २०५३) आदि लेखहरू प्रकाशित भएका छन् । "मार्क्सवादी साहित्य चिन्तनमा विश्वास राख्ने तिम्सिना साहित्यलाई सामाजिक जीवनपद्धतिको बिम्ब, जीवनचर्याको मार्गदर्शक सत्य ठान्छन् । नेपाली साहित्यका रूपवादी र सारवादी सिर्जना तथा समीक्षाको चर्को द्वन्द्व चलिरहेको यस अवधिमा वस्तुवादी एवं सारवादी चिन्तन दृष्टिलाई आधारभूत सत्य स्वीकारेर शास्वत मूल्यको स्थापनामा विश्वास गर्ने तिमसिना नेपाली समालोचनाको यस पछिल्लो चरणमा मार्क्सवादी सौन्दर्य चिन्तनलाई आधारभूत सिद्धान्त ठान्ने सवल समीक्षकका रूपमा स्थापित बनेका व्यक्तित्व हुन् ।"[७३] विषयवस्तुको प्रस्तुतिलाई सङ्क्षिप्तताभित्र व्यापक दृष्टिकोण अटाउन सक्नु, पूर्वीय काव्यशास्त्रीय परम्पराको पृष्टभूमिमा बाँधिएर कृति मूल्याङ्कन गर्नु, सैद्धान्तिक व्याख्या र तर्कको प्रखर अभिव्यक्तिले विश्वसनीयता प्राप्त गर्नु, मार्क्सवादी सौन्दर्य चिन्तनलाई मूलभूत सिद्धान्त मान्नु, प्रभाववादी समालोचक तिमसिनाका प्रवृत्तिगत विशेषता भएकाले त्यसैको सेरोफेरोमा उनका समिक्षात्मक लेख घुमेका छन् ।

## ६. डा. खेम दाहाल (२०१८)

नेपाली समालोचना फाँटमा "डा. खेम दाहाल 'शिलान्यास नाटक एक समीक्षा' (समीक्षा, **क्याम्पस जर्नर हात्तीसार**, २०४४) बाट समालोचना फाँटमा देखापरेका हुन् ।"[७४] डा. खेम दाहालको **समालोचनै समालोचना** (२०५९) कृति प्रकाशित भएको छ । समालोचक खेम दाहालको "समिक्षा पद्धति विषयकेन्द्री, अर्न्तमन्थन, ऐतिहासिक परम्परामा समीक्ष्य कृतिको विधागत क्रम र साहित्यकारका रूपमा उक्त कृतिका रचनाकारको चिनारी यी तीन चरणमा आधारित रहेको छ । मुख्यतः यी समीक्षा कृतिको विषयगत समस्यामा केन्द्रित छन् र तिनलाई चिरफार गर्ने क्रममा कतै नेपाली कतै सामाजिक बनोट र त्यसको चेतना स्तरका परिप्रेक्ष्याबाट र कतै अर्न्तराष्ट्रिय प्रभाव र सो अनुरूपको कसीबाट निरीक्षण गर्दै तिनका मुख्य पात्र र उनका क्रियाकलापहरूका सामाजिक, बौद्धिक र मानसिक तहसम्म चियाउने प्रयत्न गरिएको पाइन्छ ।"[७५] समालोचक दाहालको यस कृतिमा जम्मा १७ वटा समीक्षात्मक लेखहरू समावेश भएका छन् । उनका समीक्षात्मक लेखभित्र फुटकर रचनादेखि लिएर खण्डकाव्य, महाकाव्य, नाटक (पूर्णाङ्की र एकाङ्की) उपन्यास, कथासङ्ग्रह र निबन्ध सबै विधामा समीक्षात्मक कलम चलेको देखिन्छ ।

---

[७२] अनिरुद्ध तिम्सिनाबाट प्राप्त जानकारी ।

[७३] राजेन्द्र सुवेदी, **नेपाली समालोचनाः परम्परा र प्रवृत्ति**, पूर्ववत् पृ. ।

[७४] खेम दाहालबाट प्राप्त जानकारी ।

[७५] ठाकुर पराजुली, खेम दाहाल, *भूमिका,* **समालोचनै समालोचना,** (ललितपुर, साझा प्रकाशन, २०५९) .

विषयवस्तुमा केन्द्रित भएर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग तुलना गर्दै सैद्धान्तिक रूपमा समीक्षामा ठोस निस्कर्ष दिने समालोचक दाहाल तेरथुमे पछिल्ला पुस्ताका प्रभाववादी समालोचक हुन् ।

## ७. डा. खगेन्द्रप्रसाद लुइटेल (२०१८)

भाषाविज्ञान, शोध, समालोचना र अनुवादमा केन्द्रित भएर कलम चलाउने "समालोचक डा. खगेन्द्रप्रसाद लुइटेल 'विद्यार्थी' (कविता, **रत्नज्योति**, २०२९) लेखन यात्रामा देखापरेका हुन् ।"[७ट] **शोधविधि** (२०५३), **ध्वनिविज्ञान र वर्णविज्ञान** (२०५३), **नेपाली प्रकृतिप्रत्यय कोश** (२०५३) **नेपाली कविता** (२०५४), **नेपाली एकाङ्की** (२०५४), **आधुनिक नेपाली समालोचना** (२०५६), **नेपाली निबन्ध** (२०५८), **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** (२०६०), **कविताको संरचनात्मक विश्लेषण**(२०६२), **लोकवार्ताविज्ञान र लोकसाहित्य** (२०६३)जस्ता धेरै कृति प्रकाशित भएका छन् । उनको समालोचना पद्धति बहुलवादी चेतना, संरचनावादी चिन्तन, तथ्यपरक चिन्तनबाट अगाडि बढेको
छ ।"डा. खगेन्द्रप्रसाद लुइटेलले पाश्चात्य मुलुकमा उत्पत्ति भएको तर, अहिले सार्वभौमिक संरचनावादी पद्धति मात्र होइन, चिन्तनको पनि निजत्वका साथ सार्थक प्रयोग गरेका छन् । समायोजित सिद्धान्त पक्ष, नेपाली समालोचनामा प्रयोग भएका सन्दर्भ अनि कवितालाई लिएर संरचनावादी सिद्धान्तको सार्थक प्रयोगलाई नेपाली पठनपाठन उच्च स्तरमा गर्ने र समीक्षा गर्ने युवकहरूले लिएको समालोचनाको नयाँ मोड हो भन्ने मान्नुपर्दछ ।"[ठठ] समालोचना क्षेत्रमा नवीनतम समालोचकीय पद्धति संरचनावादी समालोचना पद्धतिलाई अँगालेर खास समालोचना गर्ने व्यक्ति डा. खगेन्द्रप्रसाद लुइटेल हुन् । संरचनावादी समालोचनाको स्पष्ट प्रारूप तयार पारी सैद्धान्तिक र प्रायोगिक रूपमा समालोचना गर्ने व्यक्ति लुइटेल नै हुन् । वास्तवमा यिनले यस पद्धतिको थालनी मात्र नगरी विकास र विस्तार समेत गर्ने तेरथुमे सफल समालोचक हुन् ।

## ८. हेमनाथ पौड्याल (२०१५)

नेपाली साहित्यको समालोचना फाँटमा " २०४२ सालमा प्रकाशित 'मोदनाथ प्रश्रितको कवित्व' (**जन्मभूमि** पत्रिका) शीर्षक लेखबाट समालोचनाका क्षेत्रमा देखापरेका हेमनाथ पौड्यालका समालोचना र भाषासाहित्यसम्बन्धी दर्जनौ अनुसन्धनात्मक लेखहरू पत्रपत्रिकामा प्रकाशित भएका छन् । वस्तुपरक एवम् विश्लेषणत्मक समालोचना गर्ने पौड्याल हाल प्रगतिवादी नेपाली कविताका प्रवृत्तिहरू शीर्षकमा विद्यावारिधि शोधकार्य गरिरहेका छन् । उनका हाल दुईवटा समालोचनासङ्ग्रह प्रकाशोन्मुख छन् । उनले शैक्षणिक प्रयोजनका निम्ति लेखेका ५ वटा पाठ्यपुस्तकमा पनि समालोचनाको राम्रो बान्की प्रस्तुत भएको छ । खासगरी भाषिक अनुसन्धान र कविताको समालोचनामा केन्द्रित पौड्याल प्रगतिवादी समालोचना क्षेत्रका प्रखर व्यक्तित्व मानिन्छन् ।"[ठड] हेमनाथ पौड्याल पाठ्यपुस्तकको सीमित दायराभित्र रहेर पाठ्यपुस्तकमा समावेश भएका कृतिको समीक्षा गर्दछन् भने विभिन्न पत्रपत्रिकामा प्रगतिवादी लेख रचनाको पनि समीक्षा गर्दछन् । यस प्रकार समालोचक पौड्याल प्रगतिवादी तेरथुमे समालोचक हुन् भन्न सकिन्छ ।

## ८. लीला लुइटेल (२०१९)

---

७६ खगेन्द्रप्रसाद लुइटेलबाट प्राप्त जानकारी ।

७७ प्रा.डा. अभि सुवेदी, *भूमिका,* डा. खगेन्द्रप्रसाद लुइटेल **कविताको संरचनात्मक विश्लेषण**, (काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६२) .

७८ हेमनाथ पाड्यालबाट प्राप्त जानकारी ।

नेपाली साहित्यका फाँटमा “लिला लुइटेल ‘आकङ्क्षा’ (लालीगुराँस, २०३४) शीर्षक रचनाबाट देखापरेकी हुन् ।”[७९] खास गरेर समालोचना र भाषाव्याकरण विधामा कलम चलाउने लुइटेल तेरथुमे नारीवादी समालोचक हुन् । नारीका पक्षमा वकालत गर्ने लुइटेलका **नेपाली महिला कथाकार** (२०६०) र **नेपाली महिला उपन्यासकार** (२०६३) नारीवादी समालोचनाका उत्कृष्ट पुस्तक हुन् । यिनका थुप्रै समालोचनात्मक लेखहरू पत्रपत्रिकामा प्रकाशित भएका छन् । सत्यतथ्य रूपमा व्यक्तिगत परिचय दिँदै महिला साहित्यकारका प्रवृत्तिगत विशेषता खोतल्दै नेपाली साहित्यमा नारी साहित्यकारहरू लाई परिचित गराउनु उनको प्रवृत्तिगत विशेषता हो । नारीवादी समालोचनाका अतिरिक्त उनका अन्य भाषाव्याकरणसम्बन्धी पुस्तक पनि प्रकाशित भएका छन् । प्रायः गरेर खोज अनुसन्धानका क्षेत्रमा सदा लागिरहने लुइटेल तेरथुमे प्रथम नारीवादी खोजअनुसन्धाता हुन् ।

## ८.५ नाटक

तेरथुम जिल्लाको नाटक लेखनपरम्परा पहिले देखि नै भए तापनि प्रकाशनको हिसाबले त्यति पुरानो देखापर्दैन । “तेरथुममा नाटक लेखेर त्यही देखाउने परम्परा पहिलेदेखि नै भएतापनि प्रकाशनका हिसाबले तेरथुमे प्रथम नाटककार केशव ‘शर्मा’ तिमसिना हुन् । उनको **पछुतो** नाटक २०१४ सालमा प्रकाशित भएको थियो ।”[८०] २०१४ देखि २०६२ सालसम्म देखापरेका तेरथुमे एकाङ्कीकारहरू निम्नानुसार छन् ।

### १. केशव ‘शर्मा’ तिमसिना (१९८४)

तेरथुम जिल्लामा प्रथम पटक नाटक प्रकाशन गर्ने नाटककार केशव “शर्मा” तिमसिना हुन् । उनको पछुतो (एकाङ्की, २०१४) नाटक प्रकाशित भएको छ । हाल यो अप्राप्त छ ।

### २. सावित्री श्रेष्ठ (२०१५)

“स्वर्णिम बिहानी” (एकाङ्की, **अक्षलोक** वर्ष ७,२०४४) लिएर देखापर्ने सावित्री श्रेष्ठले कलिला बालकहरूको भविष्य निर्माण गर्ने गुरूबाबु र अविभावकहरू शिक्षित हुनुपर्ने र बाल बालिकाहरूलाई उचित प्रेरणा दिनुपर्ने कुरा नाटकमार्फत उठाएकी छन् । प्रथम प्रयास हुनाले एकाङ्कीलाई रोचक प्रस्तुति दिन सकेका छैनन् ।

### ३. रविमान लम्जेल (२००८)

‘सच्चा पत्रकार’ (एकाङ्की, **हाम्रो तमोर,** वर्ष १ अङक २, २०४८ ) नाटक मार्फत उदाएका नाटककार रविमान लम्जेलको ‘नारी अस्मिताको खोजी’ (**खुला आकाश,** अङ्क २, २०५४ ) नाटक प्रकाशित भएका छन् ।”[८१] उनका नाटकमा अर्न्तजातिय विवाह गरे वापत यातना भोग्न विवश एक स्वभिमानी पत्रकारको इमान्दारीताको चित्रण **सच्चा पत्रकार** मा छ भने नारीले भोग्नु परेका पीडाव्यथाको चित्रण **नारी अस्मिताको खोजी** नाटकमा चित्रण गरिएको छ । यस आधारमा उनका नाटकहरूमा पत्रकारको इमान्दारिताको चित्रण, सामन्ती प्रथाको विरोध नारी चेतना, अर्न्तजातीय विवाहको समर्थन आदि विषयवस्तुलाई सरल र सहज भाषाशैलीमा उतारेका छन् ।

### ४. रोशन सुवेदी (२०२४)

---

[७९] लीला लुइटेलबाट प्राप्त जानकारी ।

[८०] रविमान लम्जेलबाट प्राप्त जानकारी ।

[८१] रविमान लम्जेलबाट प्राप्त जानकारी ।

" नेपाली साहित्यको नाटक फाँटमा "नाटककार रोशन सुवेदी 'अस्तित्वको खोजी' (**मधुपर्क**, वैसाख, २०५०) नाटक लिएर देखा परेका हुन ।"[८२] 'उनका अस्तित्वको खोजी' (**मधुपर्क**, वैसाख, २०५०), 'मेरो छोरा/मेरी छोरी' (**मधुपर्क**, फागुन २०५०), 'बन्दकोठा' (**तन्नेरी**, पुस-फागुन, २०५१), 'वृक्षकथा' ( **गरिमा**, फागुन, २०५२), 'बाँच्न देउ' (**मिर्मिरे,** कार्तिक, २०५२), र 'तिनीहरू' (**मधुपर्क,** भाद्र २०५३), 'खोइ त ?' (**समकालीन साहित्य,** २०५४), 'पुरस्कार', (**गरिमा**, पुस, २०५४) 'पीडाको' अन्त्य (**मधुपर्क**, असोज २०५५), अन्तत (**गरिमा**, असोज २०५५) 'लासहरू उठेपछि' (**समकालीन साहित्य,** २०६०) जस्ता एकाङ्की नाटकहरू प्रकाशित भएका छन् । उनका नाटकमा विश्वको बदलिँदो परिस्थितिसँगै मानवमानवमा बढेको दानवी भावनालाई उनले नाटकमार्फत देखाएका छन् । नाटककारले विकृति र विस·तिको खुलेर विरोध गर्नुपर्ने सल्लाह दिदै मानव भएर मानवको कार्य गर्नुपर्दछ भन्ने कुरालाई नाटकमा सरल सहज रूपमा मुखरित गरेका छन् । उनले ढुङ्गा पुज्नुभन्दा दुःखी गरिबको सेवा गर्नु राम्रो हो भन्दै कुकुर २,२ वटा पाल्ने शहरीया प्रवृत्तिको विरोध गर्दै कुकुर पाल्ने पैसाले गरिब मानिसलाई सेवा गर्नु राम्रो हुन्छ भन्ने कुरालाई अगाडि सार्दै मानवताको भावनालाई नाटकमा मुखरित गरेका छन् । धनसम्पती भन्दा सन्तानको माया बढी हुने कुरालाई पनि ई·ित गर्दै सहरीया धनीमानीहरूको प्रवृत्तिको चित्रण गर्नुका साथै गरिब दुखीहरूलाई सहानुभूति दर्शाउन नाटकहरू सफल देखिन्छन् । सरल र सहज भाषाशैलीमा नवीनतम प्रवृत्ति अङ्गालेर व्यङ्ग्यात्मक तवरबाट नाटक रचना गर्ने सुवेदीका नाटकमा मानव जीवनका दुःख पीडाहरूको चित्रण पाइन्छ । गरिव तथा दुःखी दरिद्रीहरूको पक्षमा कलम चलाउँदै नाटक मार्फत् चेतनाका स्वर फैलाउनु एकाङ्कीकार सुवेदीको विशेषता भएकाले उनको कलम प्रायः सहरीया मानवजीवनका विकृति र विस·गतिको विरोधमै बढी मात्रामा चलेको पाइन्छ ।

## ५. डी.एम. कन्दङ्वा (२०१२)

साहित्यको क्षितिजमा "नाटककार डी.एम्. कन्दङ्वा 'शुभेच्छा बुकीलाई' (कविता, बु**की,** २०४४) रचनामार्फत उदाएका हुन् ।"[८३] नाटककार डी.एम. कन्दङ्वाको **आधुनिक दुलही** (२०५३) एकाङ्की प्रकाशित भएको छ । यस एकाङकीमा अर्न्तजातीय विवाहको प्रसङ्ग ल्याइएको छ । ७ दृश्यहरूमा विभाजित यस नाटकमार्फत महिलाहरू आखिरी अर्काको घर जानुपर्ने बाध्यता भएपछि त्यो नयाँ परिवेशमा आफूलाई मिलाउन सक्नुपर्छ, माइती भनेको त पराई घर न हो भन्ने कुरा नाटकमा देखाउदै विसङ्गत रहन-सहनको विरोध हुनुपर्ने कुरा उक्त नाटकमा मुखारित गरेका छन् । धनसम्पतिभन्दा ठूलो कुरा सन्तान हो र त्यो प्राप्त गर्न जातीय भेदभावले छेक्दैन भन्ने कुरालाई पनि नाटकमा देखाएका छन् । सरल र सहज भाषाशैलीमा नेपाली समाजमा अझैसम्म जरा गाडेर बसेको जातिपाती र छुवाछुत प्रथाको अन्त्य नभएसम्म सामाजिक संरचना पूर्ण नहुने कुरालाई नाटककार डी.एम्. कन्दङ्वा नाटकमा देखाउन सफल भएका छन् ।

---

[८२] रोशन सुवेदीबाट प्राप्त जानकारी ।

[८३] डी.एम्. कन्दङ्वाबाट प्राप्त जानकारी ।

**पूर्णाङ्गी नाटक**

तेरथुम जिल्लामा **वसन्त-कोपिला** (२०१७) पूर्णाङ्गी नाटक लिएर हरिभक्त वुढाथोकी देखापरेपछि मात्र पूर्णाङ्गी नाटक लेखनको सुरुवात भएको पाईन्छ । २०१७ सालदेखि २०६२ साल सम्मका तेरथुमे पूर्णाङ्गी नाटककारहरू निम्नानुसार रहेका छन् ।

**१. हरिभक्त वुढाथोकी (१९९७)**

तेरथुमे पूर्णाङ्की नाटकफाँटमा **वसन्त-कोपिला** (२०१७) पूर्णाङ्गी नाटक लिएर देखापरेका नाटककार हरिभक्त बुढाथोकीको हालसम्म एउटा मात्र नाटक प्रकाशित भएको छ । "नाटककार बुढाथोकी नेपाली बुद्धिजीविहरूको दुःखप्रद जीवन अतिरिक्त प्रेमपूर्ण घटनाहरूको अमर कथा र देशभक्तिको सच्चा दर्शन प्रस्तुत गर्ने नाटककार हुन् ।"[डढ] "प्रस्तुत नाटकले प्रत्येक सच्चा देशप्रेमीहरूलाई प्रत्साहन दिलाउन र अरू विषयमा पूर्व सहयोग दिनेछ ।"[डछ] वसन्त र कोपिला प्रमुख पात्र रहेको यो नाटक मुनामदनबाट प्रभावित देखिन्छ । नाटककार आफू सात कक्षा पढ्दैमा लेखेको हुनाले नाटकका सबै सिद्धान्त यसमा लागू भएको पाइँदैन । मुनामदनको जस्तै यस नाटकमा पनि वसन्त र कोपिलाजस्ता दुई प्रमुख पात्रको चित्रण गरी यसैको आधारमा शीर्षक चयन गरिएको छ । नाटकको कथावस्तु पनि मुनामदन खण्डकाव्यसँग मेल खान्छ । नाटककारको प्रकाशित कृति तेरथुमे पूर्णाङ्गी नाटकमा प्रथम पटक प्रकाशित हुने अवसर पाएकाले यस नाटकको आÇनै छुट्टै अस्तित्व रहेको छ।

**२. खगेन्द्र सिटौला (२०१४)**

नेपाली साहित्यको नाट्य फाँटमा नाटककार खगेन्द्रराज सिटौला **बहुलाही दिदीको अधुरो तिहार** (२०४६) नाटक लिएर देखापरेका हुन् । उनका **बहुलाही दिदीको अधुरो तिहार** (२०४६), **रातो तारा चम्किएपछि** (२०४६) र **आधा क्षितिज उचाल्ने हातहरू** (२०४८) गरी ३ वटा नाटकहरू प्रकाशित भएका छन् । उनका नाटकहरूमा सामन्ती प्रथाको विरोध, अन्याय अत्याचारको विरोध, प्रशासनिक दमनको विरोध, गरिबनिमुखाको उठिबासको विरोध, पञ्चायती निरङ्कुशताको विरोध पाइन्छ । भ्रष्टचार गरेर कालो धन बटुल्ने नेताको चरित्रको विरोध गर्दै गरिब-गुरुवालाई जाली मुद्दामा फँसाउने, राष्ट्रबाट छुट्याएको रकम आफूले हसुर्ने नीच नेताहरूको प्रवृत्तिमाथि व्यङ्ग्य प्रहार गरिएको छ । मनोनित माननीय हङ्सराजले मुर्ति चोर्ने, कस्तुरीको विन्दा भेला गर्ने, चरेस र केटी जम्मा गर्ने सामन्ती मनोवृत्तिका कुख्यातहरू व्यक्तिहरूको चरित्रसमेत उनका नाटकमा पर्दाफास गरिएका छन् । यी नाटक हेर्दा आन्तरिक छटपटी र मनोविश्लेषण गर्नुभन्दा बा्य घटनाको चित्रण मै नाटकहरू अल्झिएको भए पनि सामन्ती शासनप्रति घृणा उब्जाउन र गरिब गरिब एक हुनुपर्ने सन्देश दिन सक्षम रहेका छन् । सरल र सहज भाषाशैलीमा ग्रामीण जनजीवनमा विद्यमान रहेको सामन्ती प्रथाको यथार्थतालाई चित्रण गर्नु उनको प्रवृत्तिगत विशेषता हो ।

---

[८४] श्री मास्के, *मेरो भन्नु*, **वसन्त कोपिला**,(दलमर्दन खड्का/जयबहादुर खड्का, २०१७ ।

[डछ] टीकाराम जोशी, ‶सम्मती' वसन्त कोपिला, ऐजन ।

### ३. डा. अभि सुवेदी (२००२)

अभि सुवेदीको आलोचनात्मक तथा अनुसन्धानात्मक कृतिका अलावा नाटक क्षेत्रमा पनि कलम चलेको देखिन्छ । **आरुको फूलको सपना** (२०५८) मार्फत नाट्यविधामा देखापरेका अभि सुवेदीका एघारवटा नाटक प्रकाशित/अप्रकाशित र मञ्चित अवस्थामा रहेका छन् । जसमा **आरुको फूलको सपना** ( कविता नाटक, २०५८), **पाँच नाटक** (सङ्कलित नाटक), **अग्निको कथा**, **रूङ्गालाको आकाश, ठमेलको यात्रा** र **मायादेवीको सपना** (मञ्चित २०६२) आदि रहेका छन् । "नेपाली इतिहास र समाजमा नारीको केन्द्रवर्ती पक्ष नाटकमा राख्ने मेरो चाहना स्वभाविक र निर्मित दुवै रहेछ । नाटकमा सोझो चित्र पनि राख्न सकिन्छ, प्रयोगात्मक पनि सकिन्छ तर, स्थूल इतिहासका सूक्ष्म पक्षमाथि नाटक केन्द्रित हुनुपर्छ भन्ने मलाई लाग्छ ।"[८८] उनका नाटकमा मानिसको जीवन इतिहासको एउटा मिथक लिएर बाँच्छ र सबै विषयवस्तुलाई इतिहासले उद्घाटन गरेको हुँदैन र त्यस्ता इतिहासलाई साहित्यमा ढालेर इतिहास खोतल्नुपर्ने आवश्यकता छ भन्दै जन-जीवनले भोगेका पीडा, इतिहास, संस्कृति र नारीवादी चिन्तनलाई समेटेर नाटकहरू प्रस्तुत भएका छन् । "सुवेदीका नाटकमा समको जस्तो काव्यमय भाषा सूत्रधारको प्रयोग रिमाल र तिवारीमा पाईने नारी चेतना र नारी समस्या आदिजस्ता विषयवस्तको प्रयोग गरिएको भए तापनि तिनको प्रस्तुती फरक ढङ्गले भएको पाइन्छ । कतिपय नाटक यिनले उत्तरआधुनिक किसिमले प्रस्तुत गरेका छन् ।"[८ठ] मानिसको जीवनमा धेरै हण्डरठक्कर खानुपर्ने बाध्यता छ भन्ने कुरा नाटकहरूमार्फत देखाउदै नेपाली परम्परागत सामाजिक कुप्रथा र संस्कृतिलाई आवश्यक परिमार्जन गर्नुपर्ने सुझाव दिएर लेखिएका उनका नाटक यथार्थवादी धरातलमा उभिएका छन् ।

## ८.६ उपन्यास

साहित्यको कान्छो विधा मानिएको उपन्यास विधामा तेरथुमे सहित्यकारको कलम अन्य विधाभन्दा धेरै पछि चलेको पाइन्छ । तेरथुम जिल्लाका प्रथम उपन्यासकार गुरूप्रसाद गड्तौला हुन् । उनको **नयाँ स्वयम्वर** (२०२४) नै तेरथुम जिल्लाको प्रथम प्रकाशित उपन्यास हो । २०२४ सालदेखि २०६२ सालसम्म आइपुग्दा तेरथुम जिल्लाले धेरै उपन्यासकार जन्माउन सफल भएको छ । झन्डै चालीस वर्षको अवधिमा देखिएका तेरथुमे उपन्यासकारहरू निम्नानुसार रहेका छन्-

### १. गुरूप्रसाद गडतौला (१९९२)

नेपाली साहित्यको उपन्यास फाँटमा **नयाँ स्वयम्बर** (२०२४) उपन्यासमार्फत देखापरेका गुरूप्रसाद गड्तौलाका **नयाँ स्वयम्बर** (२०२४) र **पहिलो भेट** (२०२५) गरी दुईवटा उपन्यास प्रकाशित भएका छन् । हाल यी दुईटै उपन्यास उपलब्ध छैनन् ।

### २. हरिभक्त बुढाथोकी (१९९७)

नेपाली साहित्यको उपन्यास फाँटमा उपन्यासकार हरिभक्त बुढाथोकी **सन्तान** (२०२४) उपन्यास लिएर देखापरेका हुन् । उपन्यासकार हरिभक्त बुढाथोकीका **सन्तान** (२०२४), **आमाको उपहार** (२०२९), **बहुरूपी साधु** (२०३०), **मनसराको चिहान** (२०३८) **आर आँसु** (२०३९) जस्ता उपन्यासहरू प्रकाशित भएका छन् । उनका उपन्यासको विषयवस्तु समाजमा

---

[८६] अभि सुवेदी, *मयजुदेखि मायादेवीसम्म,* **नेपथ्य,** (अङ्क ९, वर्ष २, २०६२), पृ.७ ।

[८७] शिव रिजाल *भूमिका,* **आधुनिक रङ्गमञ्चको पृष्ठभूमि र अभि सुदेवीका पाँच नाटक** (काठमाडौँ : डबली नाट्यसमूह र
सङ्ज्ञा नाट्यसमूह ,२०६०), पृ. १७ ।

घटेका विविध घटनालाई बनाइएको छ । ग्रामीण जनजीवनमा भोग्नुपरेका समस्यालाई उपन्यासको विषयवस्तु बनाउदै धार्मिक कुरीतिले निम्त्याएको अन्धोपनको चित्रण उनले आना उपन्यासमा गरेका छन् । घटनावलीहरू प्रायः दुःखद वातावरणमा घटित हुनु, सन्तानलाई सबैभन्दा ठूलो धन मान्नु, राष्टप्रेमी भाव व्यक्त हुनु, सामाजिकताको चित्रण गर्नु, भाग्यवादी दृष्टिकोणमा विश्वास गर्नु, मानवीय कमजोरीलाई केलाउनु, नारीसुलभ कोमलताको चित्रण गर्नु, विदेशमा नेपाली कामदारको दुर्दशाको चित्रण गर्नु, नारीप्रति सद्भाव र सहानुभूतिलाई समावेश गर्नुजस्ता विशेषता उनका उपन्यासहरूमा पाइन्छन् । पात्रहरू ग्रामीण र सहरीया दुवै परिवेशबाट टिप्दै नेपालका पूर्वपश्चिम हुँदै आसाम, दार्जिलिङ, सिक्किमजस्ता भारतका ठाउँलाई समेत उपन्यासको क्षेत्र बनाएका उपन्यासकार बुढाथोकीले उपन्यासहरूमा आफूले भोगेका र जनजीवनमा भएका विकृति र विस・तिको चित्रण गरिएका छन् । सरल र सहज भाषाशैलीमा मानव जीवनका दुःख, पीडालाई उपन्यासमा यथार्थ रूपमा उतार्नु उपन्यासकार बुढाथोकीको औपन्यासिक प्रवृत्ति हो ।

## ३. डा. पेशल दहाल (२००९)

नेपाली साहित्यको उपन्यास फाँटमा डा. पेशल दाहाल **रहस्यमय मेनेजर** (२०२९) उपन्यासबाट देखापरेका हुन् । उपन्यासकार पेशल दाहालका अन्य कुनै पनि साहित्यिक कृति प्रकाशित भएको पाइँदैन । उनको एउटा मात्र **रहस्यमय मेनेजर** उपन्यास पनि हाल उपलब्ध छैन ।

## ४. राजेन्द्रकुमार सङग्रौला (२०१५)

नेपाली साहित्यको उपन्यास फाँटमा उपन्यासकार राजेन्द्रकुमार सङ्ग्रौला **गरिबीका रेखाहरू** (२०५१) बाट उपन्यास विधामा देखिएका हुन् । उपन्यसकार राजेन्द्रकुमार सङ्ग्रौलाका **गरिबीका रेखाहरू** (२०५१), **रोजगारको खोजीमा** (२०५२), **तुलेका पाइलाहरू** (२०५४) गरी तीनवटा उपन्यास प्रकाशित भएका छन् । उपन्यासकार सङ्ग्रौलाले वर्गीय समाजमा अर्न्तविरोध र अर्न्तद्धन्द्वलाई वस्तु यथार्थका रूपमा पर्गेल्दै घोर अन्याय र अत्याचार खेपी रहेका शोषितपीडित, गरिबदुःखीहरूको कथाव्यथालाई आफ्ना उपन्यासमा उतार्ने प्रयास गरेका छन् । समाजमा शोषक र शोषित दुईवर्ग हुने र ती शोषक र शोषित दुवै वर्गले आ-आफ्नो स्थानबाट सुधारात्मक कार्य नगरे त्यसले समाजमा सम्भाव्य दुर्घटना निम्त्याउन सक्ने कुरालाई उपन्यासमार्फत सङ्केत गर्दै यस्तो वर्गीय समाजको अन्त्य गर्न आवान गर्दछन् । ग्रामीण जन-जीवनका घटनालाई उपन्यासका विषयवस्तु बनाउदै मानव जीवनका पीडालाई यथार्थ रूपमा प्रस्तुत गर्ने उपन्यासकार सङ्ग्रौला सामाजिक यथार्थवादी र प्रगतिवादी तेरथुमे उपन्यासकार हुन् । आफूले देखेको, भोगको र अनुभव गरेका विषयलाई सरल र सहज भाषाशैलीमा ग्रामीण जनजीवनमा घटेका घटनाहरूलाई जस्ताको तस्तै उतार्दै प्रायः गरिबदुःखीहरूको पक्षमा उपन्यास सिर्जना गर्नु उपन्यासकार राजेन्द्रकुमार सङ्ग्रौलाको औपन्यासिक प्रवृत्ति हो ।

## ५. केशु 'विरही' (२०३८)

नेपाली साहित्यको उपन्यास फाँटमा उपन्यकासकार केशु 'विरही' गिरी **कहाली लाग्दा गोरेटाहरू** (सह-सम्पादन, २०५६) उपन्यासबाट झुल्केका हुन् । उनका **कहाली लाग्दा गोरेटाहरू** ( सह-सम्पादन, २०५६) र **आमाको माया** (२०५७) गरी दुई उपन्यासहरू प्रकाशित भएका छन् । देशको वर्तमान अवस्थाबाट विरक्तिएर आफ्नो नामको पछाडि 'विरही' थप्ने उपन्यासकार देशमा भईरहेको हत्या-हिंसा, दमन, शोषण र सीमा अतिक्रमणलाई कलात्मक रूपमा उपन्यासमा प्रर्दशन गर्दै देश रहेमात्र हामी रहन्छौं  तसर्थ देशरक्षाको निम्ति हामी सबैले जुट्ने बेला भएको छ , भन्ने कुरालाई उपन्यासमार्फत जनचेतना फैलाउन सक्षम देखिन्छन् । यसका साथै उनका उपन्यासमा समाजमा रहेको आर्थिक विसमानताको कारण गरिबी वर्गले शिक्षा आर्जनका लागि उठाउनु परेका

जोखिमहरूको चित्रण पनि गरेका छन् । पलभरमै माया प्रेमको बन्धनमा बाँधिने युवायुवतीले भोग्नु परेका मनोदशाको चित्रणलाई पनि उनका उपन्यासमा समावेश गरेका छन् । सरल, सहज भाषाशैलीमा सामाजिक जनजीवनका यथार्थतालाई आफ्नो उपन्यासमा अटाउन सक्ने 'विरही' तेरथुमे प्रगतिवादी उपन्यासकार (प्रतिभा) हुन् ।

## ६. **नरेन्द्र थापा 'निर्दोषी'** (२०३५)

नेपाली साहित्यमा उपन्यास फाँटमा उपन्यासकार नरेन्द्र थापा 'नर्दोषी' **अदृश्य घाउ** (२०५८) उपन्यासमार्फत देखापरेका हुन् । उपन्यासकार नरेन्द्र थापा 'निर्दोषी' पछिल्लो पुस्ताका उपन्यासकार हुन् । उनले उपन्यासमा नेपाली समाजमा रहेको विकृति र विसङ्गतिले निम्त्याएको जातीय भेदभावलाई सबल ढङ्गले उपन्यासमा प्रस्तुत गरेका छन् । समाजमा रहेका त्यस्ता विकृति र विस॰ति विरुद्धमा आम नागरिकबाट विद्रोही भावना व्यक्त हुनुपर्ने कुरालाई उपन्यासमा मुखरित गराउँदै विद्यमान समाजका ती संस्कारलाई निमिट्यान्न पारी भेदभावरहित समानतामूलक समाजको निर्माणको लागि अभिप्रेरित गराउन उपन्यास सफल देखिन्छ । वास्तविकताको पृष्ठभूमिमा रहेर कसैका जीवनमा घट्ने सुख, दुःख हाँसो, रोदनलाई लिएर सिर्जना भएको प्रस्तुत उपन्यास तिनै जीवनजगत्‌को यथार्थ चित्रण गर्न सफल रहेको छ । सरल र सहज भाषाशैलीमा ग्रामीण जनजीवनको यथार्थतालाई चित्रण गर्ने उपन्यासकार 'निर्दोषी' तेरथुमे पछिल्ला पुस्ताका सफल उपन्यासकार हुन् ।

## ७. **विनोद नेपाल** (२०४३)

नेपाली साहित्यको उपन्यास फाँटमा उपन्यासकार विनोद नेपाल **गगन** (२०६०) उपन्यास लिएर देखापरेका हुन् । उपन्यासकार विनोद नेपाल सामाजिक यथार्थवादी उपन्यासकार हुन् । उनको **गगन** उपन्यासमा वर्गीय असमानताका कारण प्रेमी प्रेमिकाको दुई आत्माको मिलन हुन खोज्दा पनि समाजको डर र त्रासले मिलन हुन नदिए तापनि अन्त्यमा मिलन भएरै टु॰एको कथावस्तु प्रेम प्रस॰सँग सम्बन्धित रहेको छ । यसका साथै सत्यको नै विजय हुने हृदयविदारक चित्रणलाई पनि उपन्यासमा प्रस्तुत गर्दै बन्दुक लिएर जङ्गल पसेकाहरूलाई निष्कर्षमा नपुगुन्जेल नछोड्न आग्रह गर्दै क्रान्तिकारी भावले प्रेरित भएको उनको उपन्यास प्रगतिवादी विचारधारामा आबद्ध देखिन्छ । सरल, सहज भाषाशैलीमा समाजमा विद्यामान रहेको वर्गीय समाजको अन्त्यको लागि ज्यानको बाजी थाप्न पनि पछि नहट्ने उपन्यासकार। विनोद नेपाल प्रगतिवादी स्वर उराल्ने एक क्रान्तिकारी तेरथुमे उपन्यासकार हुन् ।

## ८. **मिला 'इक्सा' इङनाम** (२०४२)

नेपाली साहित्यको उपन्यास फाँटमा उपन्यासकार मिला 'इक्सा' ईङ्नाम **पुनर्मिलन** (२०६०) उपन्यास लिएर देखापरेकी हुन् । उपन्यासकार मिला 'इक्सा' ईङ्नाम सामाजिक यथार्थवादी उपन्यासकार हुन् । उनले उपन्यासमार्फत प्रेमको विषयवस्तुलाई उठाउँदै आजका युवायुवतीबीचको मायाप्रेममा कति हण्डर र ठक्कर खानुपर्दो रहेछ भन्ने कुरालाई सहज रूपमा उपन्यासमा समावेश गरेकी छन् । उपन्यासकार मिला 'इक्सा' ईङ्नाम प्रकाशनका हिसावले प्रथम तेरथुमे महिला उपन्यासकार हुन् । सरल र सहज रूपमा समाजका यथार्थतालाई समेट्नु उनको औपन्यासिक प्रवृत्ति हो ।

## ९. **जगतभार माइला सुब्बा** (२०३६)

नेपाली साहित्यका फाँटमा उपन्यासकार जगत्भार माइला सुब्बा **अन्तिममा भेट** (२०६१) उपन्यास लिएर देखापरेका हुन् । जगतभार माइला सुब्बाको शुभनाम रूद्रकुमार फोम्बो हो । उनले **अन्तिममा भेट** उपन्यासमार्फत मानवताको परिभाषा धनीको महलमा होइन गरिबको भुपडीमा मात्र पाइन्छ भनेर धनी व्यक्तिको चरित्रलाई व्यङ्ग्य प्रहार गर्नुका साथै समय परिवर्तनशील हुनाले समयअनुसार गतिशील हुन नसके द्वन्द्वको ज्वाला दन्कने कुरालाई उपन्यासमार्फत मुखरित गरेका छन् । तेरथुमकै सेरोफेरोमा रहेर उपन्यास सिर्जना गरेका उपन्यासकार जगतभार माइला सुब्बाले **अन्तिममा भेट** उपन्यासमार्फत वर्गीय समाजको चित्रण गर्दै वर्गीय समानता नभएसम्म देश विकास नहुने कुरालाई पनि सरल र  सहज भाषाशैलीमा उपन्यासमा मुखरित गरेका छन् । आफ्नै ग्रामीण परिवेशका पात्र चयन गरी व्यङ्ग्यात्मक तवरबाट मानव जीवनका समसामयिक घटनाक्रमको यथार्थ चित्रण गर्नु उपन्यासकार जगतभार माइला सुब्बाको औपन्यासिक प्रवृत्ति हो ।

## ८.७ भाषा-ब्याकरण

तेरथुम जिल्लाका साहित्यिक श्रष्टाहरूको अन्य विधाजस्तै भाषा व्याकरणमा पनि थोर-बहुत रूपमा कलम चलेको देखिन्छ । तेरथुमे प्रमुख भाषा- ब्याकरणकारहरू निम्नानुसार रहेका छन् :

### १. काजीमान कन्दङ्वा (१९८६-२०६०)

**आठ कथा** (२०१०) मार्फत साहित्य विधामा देखापरेका काजीमान कन्दङ्वाले किरात भाषा साहित्यको क्षेत्रमा पनि विशेष योगदान पुऱ्याएका छन् । यिनका **किराती र लिम्बुका उखानहरू** (२०११), **नेपाली जनसाहित्य** २०२०), **आठपहरिया राई जातिको दिनचर्या** (२०५०) मार्फत किरातीभाषा साहित्यमा योगदान गरेको देखिन्छ । "नेपाली साहित्यका विकास भएका जनपक्षीय चिन्तनलाई अध्ययनको विषय बनाएर लेखिएका पुस्तक नेपाली जनसाहित्यबाट सैद्धान्तिक पक्षसँग परिचित देखिने कन्दङ्वा लोक तथा सांस्कृतिक जीवनका पक्षहरू पनि उनको अध्ययनका विषय बनेका छन् । लिम्बू उखान र किरात उखानमा प्राप्त विषयले उनको साहित्यिक चेतका उचाइलाई आफ्नो ठाउँमा महत्त्वपूर्ण साबित गरेको छ । आठपहरिया राई जातिको दिनचर्या नामक कृतिका माध्यमबाट पनि यस किसिमका उचाइलाई छुन प्रयत्न गर्ने कन्ङ्वा नेपाली साहित्यका लोकफाँटमा सफल अन्वेषक, अध्येता र चिन्तक बनेको कुरा आफ्ना ठाउँमा महत्त्वपूर्ण उपलब्धि बनेका छन् ।"[८८] काजीमान कन्दङ्वा नेपाली भाषा, साहित्य र संस्कृतिका फाँटमा क्रियाशील बनेर जुटेका तेरथुमे प्रतिभा हुन् । उनको कलम प्रायः गरेर किराती भाषासाहित्यमा बढी चलेको देखिन्छ ।

### २. चूडामणि गौतम (२०००)

नेपाली साहित्य फाँटमा "चूडामणि गौतम 'जिन्दगीका जाग्राम बस्ने रातमा' (कविता, **सुष्मा**, वर्ष १, अङ्क १, २०२४) बाट साहित्य फाँटमा देखापरेका हुन् ।"[८९] उनका **HIGHER LEVEL ENGLISH GRAMMAR COMPOSITION AND PRONUCIATION (2037), राम्रो अङ्ग्रेजी बोलचाल अभ्यास** (२०५७), **GAUTAM'S UP TO DATE NEPALI ENGLISH DEICTIONARY (2058), GAUTAM'S CONCISE DICIONARY ENGLISH- ENGLISH- NEPALI (2060)** र **राम्रो नेपाली ब्याकरण** (निम्न माध्यमिक तह, २०६२) जस्ता भाषा ब्याकरणका पुस्तकाकार कृतिहरू प्रकाशित भएका छन् ।

---

[८८] राजेन्द्र सुबेदी, **नेपाली समालोचना परम्परा र प्रवृत्ति**, पूर्ववत्, पृ. १९७ ।

[८९] चूडामणि गौतमबाट प्राप्त जानकारी ।

प्रायः अङ्ग्रेजी भाषा व्याकरणमा कलम चलाउने गौतम अङ्ग्रेजी भाषालाई नेपाली भाषामा बुझाउन प्रयत्नरत देखिन्छन् । उनका व्याकरणका पुस्तकहरू स्तरीय हुनका साथै उपयोगी छन् ।

### ३. डा. खगेन्द्रप्रसाद लुइटेल (२०१८)

नेपाली साहित्य फाँटमा डा. खगेन्द्रप्रसाद लुइटेल 'विद्यार्थी' (कविता, **रत्नज्योति**, २०२९) कवितामार्फत साहित्य फाँटमा देखापरे पनि उनलाई चिनाउने विधा भनेको समालोचना र भाषा व्याकरण नै हो । डा. खगेन्द्रप्रसाद लुइटेलका **ध्वनिविज्ञान र वर्णविज्ञान** (२०५३), **नेपाली प्रकृति प्रत्यय कोश** (२०५३), **नेपाली बृहत् शब्दकोश** (संशोधन-परिमार्जन, २०५३), **कोशविज्ञान** (२०५८), **पहरी भाषा संस्कृति** (२०५९), **नेपाली भाषा व्याकरण र नाटक** (२०६०), **आधुनिक भाषाविज्ञान** ( २०६०), आदिजस्ता पुस्तकाकार कृति प्रकाशित हुनका साथै विभिन्न पत्रपत्रिकामा फुटकर रचना प्रकाशित भएका छन् । यिनले नेपालीमा पहिलो पटक **नेपाली प्रकृति प्रत्यय कोश** जस्तो व्युत्पत्तिमूलक कोशको निर्माण गरेका छन् र नेपालीको मानक कोश मानिएको **नेपाली बृहत् शब्दकोश**को संशोधन-परिमार्जन पनि गरेका छन् । यिनको **कोशविज्ञान**लाई यस क्षेत्रको विशिष्ट उपलब्धि मानिएको छ । "प्रस्तुत कृति शिक्षक, विद्यार्थी, कोशकार र अनुसन्धातालगायत सबै जिज्ञासु र प्रबुद्ध पाठकको लागि अत्यन्तै उपयोगी र पठनीय मात्र नभई सङ्ग्रहणीय पनि रहेको कुरा निर्विवाद छ ।"[१०] यिनले पहरीजस्तो लोपोन्मुख भाषाबारे पनि गहन अनुसन्धान गरेका छन् । यीबाहेक **ध्वनिविज्ञान र वर्णविज्ञान** तथा **आधुनिक भाषाविज्ञान** पनि भाषाविज्ञानका उत्तिकै महत्त्वपूर्ण कृति हुन् । संरचनावादी, बहुलवादी विचारधारामा कलम चलाउने कोशविज्ञानका विशिष्ट ज्ञाता डा. लुइटेल वैज्ञानिकता, प्रमाणिकता र तथ्यपरकतालाई आफ्ना कृतिमा प्रश्रय दिन्छन् । उनको लेखन नेपाली समालोचना, भाषा र संस्कृतिसम्बन्धमा विशिष्ट रहेको छ । यिनी भाषा व्याकरणका क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने तेरथुमे वरिष्ठ भाषाविद् हुन् ।

---

[१०] माधवप्रसाद पाण्डेय, *लुइटेलको कोशविज्ञान वैज्ञानिक दृष्टिकोण,* **राजधानी** (२०५८ असोज २५), पृ. ७ ।